◆ **सम्पादकीय**

राजनीतिक-वैचारिक कामको आवश्यकता २

◆ **आवरण**

नेकपा (एमाले) को अडानः एक संक्षिप्त चर्चा - **प्रदीप नेपाल** ३

ऐतिहासिक सहमति र भावी चुनौतीहरू- **राजन भट्टराई** ५

◆ **दस्तावेज**

सातदल-माओवादी ऐतिहासिक सहमति ७

◆ **दृष्टिकोण**

हाम्रा आगामी कार्यभारहरू- **विष्णु पौडेल** १०

◆ **वहस**

संविधानसभाको निर्वाचन र लोकतान्त्रिक गणतन्त्र- **शङ्कर पोखरेल** १२

◆ **पार्टी नीति**

राज्य पुनःसंरचनासम्बन्धी नीति १६

◆ **सहकारी**

सहकारी शिक्षा : आवश्यकता र महत्त्व - **केशव बडाल** १९

◆ **सरोकार**

मधेसमा 'जनतान्त्रिक'को हिंसा- **सुरेश कार्की** २१

◆ **अर्थ**

युनुस र नोबेल शान्ति पुरस्कार- **डा. गोविन्दबहादुर थापा** २४

◆ **अभियान**

लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान - **भानुभक्त ढकाल** ३०

एकतिहाइ सहभागिता - **कमला पराजुली** ३१

कपिलवस्तुमा जागरण अभियान- **बलराम अधिकारी** ३३

◆ **सिद्धान्त/दर्शन**

परिवर्तित परिस्थितिमा मार्क्सवाद-लेनिनवाद ... - **गोपीरमण उपाध्याय** ३४

◆ **विश्व**

दरिला लुला- **अग्निशिखा** ३६

सोह्र वर्षपछि पुनरागमन- **विष्णु रिजाल** ३७

◆ **चिनारी**

असी वर्षीया इलाका सचिव- **रामकुमार ज्ञवाली** ३८

**कृति**

अर्थशास्त्रको गहन पुस्तक ४०

# नेकपा (एमाले) को अडान : एक सङ्क्षिप्त चर्चा

' प्रदीप नेपाल

अहिले शान्तिको वातावरण तयार भएको छ। बन्दुकको त्रासबाट जनता अझै मुक्त भइसकेका छैनन्, माओवादीका कार्यकर्ताको धाक-धम्कीको भाषाका कारण। तर, जे भए पनि बन्दुक अस्थायी ब्यारेकमा थन्क्याउने विषयमा राज्यपक्ष र विद्रोही पक्षका बीचमा सहमति भइसकेको छ। प्रधानमन्त्री र गृहमन्त्रीको बोलीलाई सम्झौताको अङ्ग मान्ने हो भने अब नेपालमा कुनै पनि रूपका आग्नेयास्त्रहरू प्रतिबन्धित भएका छन्। आमनागरिकले अब बम र बन्दुकजस्ता हतियार राख्न पाउने छैनन्। राखेको भेटिएमा तिनीहरू फौजदारी अपराधको फैसलाबाट दण्डित हुनेछन्।

यो समाचार सम्पूर्ण नेपाली जनताका लागि खुसीको समाचार हो।

यही खुसीमा मिसाएर एउटा विषको थैलो हेलिएको छ नेपाली राजनीतिमा। नेकपा (एमाले) लाई अडान नभएको पार्टीका रूपमा चित्रित गर्ने असफल कोसिस सुरु भएको छ। गम्भीर राजनीतिक बहसमा उत्रिन नसक्नेहरूले यस्तो बितण्डालाई आफ्नो हतियार बनाउने गरेका छन् सधैँभरि। उहिले तिनले ६० वर्ष पुगेकालाई मार्छ एमालेले समेत भनेर जनतालाई विभिण्ड्याउने चाल चले। असफल भए मज्जैले। अहिले आएको छ एमालेलाई विश्वास नगर्नु कसैले, त्यो अडान नभएको पार्टी हो।

अब यो अडानका बारेमा पनि थोरै चर्चा गरौँ।

नेकपा (एमाले) अडानका नाउँमा माओवादीले जसरी हलो अड्काउने, धम्की दिने जस्तो काम कहिल्यै गर्दैन र त्यो नेपाली काङ्ग्रेस जसरी किट्टीजस्तो अररो भएर राजनीतिको मैदानमा कुस्ती खेल्न पनि जान्दैन। नेकपा (एमाले) आफ्नो जिम्मेदारीका बारेमा प्रस्ट छ। तत्कालका लागि शान्तिपूर्ण गणतान्त्रिक नेपालको स्थापना जनताको चाहना हो र जनताको उक्त चाहना पूरा गर्नु नेपालका सबै राजनीतिक पार्टीको दायित्व हो।

अडानको पहिलो चर्चा माओवादी समस्या र यसको समाधानबाटै थालौँ।

माओवादीले बन्दुक उठाएकै दिनदेखि माओवादी समस्यालाई 'विचारको उग्रवामपन्थ र व्यवहारको अराजकता' विशेषण दिएको थियो। नेकपा (एमाले) को त्यो विश्लेषण गएको कात्तिक २१ गतेसम्म यथावत् रह्यो। तर, ११ वर्षको यो अवधिमा स्वयम् आफ्नो अडानलाई तीनपटक फेरेको छ। सुरुमा त्यो उत्रिएको थियो जनताको जनवादी अधिनायकत्व स्थापना गर्ने कथित क्रान्तिकारी लडाइँमा। त्यतिबेला त्यसले अपेक्षाकृत प्रजातान्त्रिक वातावरण दिने संसद्का विरुद्ध नेपालको राजदरबारसँग कार्यगत एकता पनि गर्‍यो। तर, त्यो लडाइँ चल्दाचल्दै एक्कासि त्यो लाग्यो लोकतान्त्रिक गणतन्त्रको खोजीमा। सरकारसँग शान्तिवार्ता पनि गर्‍यो एकाधपटक लोकतान्त्रिक गणतन्त्रको खोजीमा।

जनताको जनवादी अधिनायकत्वबाट बुर्जुवा लोकतान्त्रिक गणतन्त्रमा आइपुग्दा माओवादी क्रान्तिकारी लडाइँमा १३ हजार निर्दोष नेपालीको ज्यान गइसकेको थियो। जनवादी अधिनायकत्व र लोकतान्त्रिक गणतन्त्रबीचको दूरी उत्तरी ध्रुव र दक्षिणी ध्रुवजस्तो अथवा जनवादी गणतन्त्र चीन र संयुक्त राज्य अमेरिकाजस्तो हो। एक दशक पनि लड्न नभ्याउँदै माओवादीको यो छलाङ्लाई अडान फेरिएको भन्ने कि आफ्नो मान्यतामा दृढ रहेको भन्ने ?

यो ११ वर्षे प्रमुख कारक भनेको नेपाली काङ्ग्रेस नै हो भन्ने तथ्यलाई बिर्सिदिने हो भने विगतको प्रजातान्त्रिक कालको इतिहास नै मेटिदिए हुन्छ। माओवादी हिंसा उक्त प्रजातान्त्रिक कालको कालो कलङ्क हो र यो कलङ्कको टीको लाउने काम नेपाली काङ्ग्रेसले चलाएको राज्यसत्ताले गरेको हो। ०५२ सालमै सत्ता सञ्चालनमा बसेको काङ्ग्रेस माओवादीका ३८ सूत्रीय मागहरूलाई सम्बोधन गरेर वार्ता थालेको भए १३-१३ हजार निर्दोष नेपालीको ज्यान जाने नै थिएन। 'वार्ता गरेर होइन, ठोकेर आतङ्कवादीलाई ठीक लाउने' एकसूत्रीय रटन्तमा हिँड्यो काङ्ग्रेस।

काङ्ग्रेसले योजनाबद्ध ढङ्गले सञ्चालन गरेको असफल 'किलो सेरा टू' नेपालको रक्तरञ्जित इतिहासको एउटा घीनलाग्दो पाना हो ।

कहिले माओवादीलाई आतङ्कवादी देख्ने, कहिले माओवादीसँग वार्ता गर्नेहरूलाई आतङ्कवादीको मतियार देख्ने काङ्ग्रेस विचारधाराले अहिले माओवादीलाई शान्तियात्राको मित्र देख्ने अडानलाई स्थिर भन्ने कि अस्थिर भन्ने ? उतिबेला माओवादीले मागेका थोरै मागलाई पूरा गरिदिएको भए अथवा उतिबेला नेकपा (एमाले) ले प्रस्ताव गरेको राजनीतिक मान्यतालाई स्वीकार गरेर माओवादीलाई वार्ताको टेबलमा ल्याएको भए कम्तीमा दस हजार नागरिकको ज्यान अनाहकमा जाने नै थिएन ।

पुराना गन्थन छोडौँ भनेर धेरैले भन्न थालेका छन् । तर, काङ्ग्रेस आफ्नो औसरवाद र सर्वसत्तावादबाट मुक्त नभएसम्म पुराना गन्थन पटक-पटक दोहोरिइरहन्छन् । आन्दोलनको उत्कर्षमा मुलुकलाई लोकतान्त्रिक गणतन्त्रमा लैजान तयार देखिएको, राजतन्त्रलाई आफ्नो विधानबाटै हटाउन तयार भएको नेपाली काङ्ग्रेस आन्दोलन सफलतापूर्वक सम्पन्न भएको सय दिन बित्दा नबित्दै फेरि राजतन्त्रको पक्षधर भएको छ । 'ताक परे तिवारी नत्र गोतामे' भन्ने उखान काङ्ग्रेसको यस्तै व्यवहारलाई हेरेर कसैले बनाएको होला ।

एमालेले अडान छोडेका चार ओटा मुद्दा उठेको मैले भेटेको छु ।

पहिलो हो- प्रतिगमन आंशिक सच्चियो भनेर शेरबहादुर देउवाको सरकारमा सामेल हुने निर्णय । आफू प्रधानमन्त्री हुन पाउने परिस्थिति उत्पन्न नभएपछि सरकारमा जान नचाहेको काङ्ग्रेसले धोका दिएजसरी शेरबहादुर देउवालाई नेकपा (एमाले) ले धोका दिन चाहेन । विभिन्न नेताहरूले बोल्दा बोले होलान् प्रतिगमन आंशिक सच्चिएको भनेर । तर, पार्टीका कतिपय नेताले प्रतिगमन नसच्चिएको र सरकारमा सामेल हुनु गलत भएको बयान पनि सार्वजनिक रूपमै उठाएका थिए । पार्टीभित्रको द्वन्द्व लामै समयसम्म चलिरह्यो र केन्द्रीय कमिटीको नवौँ बैठकले देउवा सरकारमा सामेल हुने निर्णयलाई गलत थियो भनेर आफ्नो सहभागिताको विरोध गऱ्यो ।

दोस्रो हो- सर्वदलीय सरकारको अडान छोडेर प्रतिनिधिसभाको पुनःस्थापनामा आएको काम । प्रतिनिधिसभाको बलात् विघटनपछि नेकपा (एमाले) भित्र प्रतिनिधिसभाको पुनःस्थापन र सर्वदलीय सरकार दुवै विचारहरू चलखेल गरिरहेकै थिए । त्यतिबेलाका सबै प्रकाशनले यसको पुष्टि गरेका छन् । तर पनि, पार्टीको आधिकारिक मान्यता भनेको सर्वदलीय सरकारको स्थापना नै थियो । यसबीचमा पाँच पार्टीको संयुक्त आन्दोलन सञ्चालन गर्ने निर्णय भएपछि मूल राजनीतिक मुद्दालाई यसरी सूत्रबद्ध गरियो- प्रतिनिधिसभाको पुनःस्थापना या सर्वदलीय सरकारको गठन ।

तेस्रो हो- जनमतसङ्ग्रहद्वारा राजतन्त्रको फैसला गर्ने मुद्दा । यो अहिलेको तात्तातो मुद्दा हो र धेरै गम्भीर नागरिकले समेत एमालेले यसरी अडान छोडिहाल्नु हुँदैनथ्यो, यसो एकाध दिन अडिएको भए मुलुक जनमतसङ्ग्रहमा जान्थ्यो कि ? भनेर जनमतसङ्ग्रहप्रति आशा राखेको सुन्न पाइयो । हामीलाई थाहा छ, जनताको प्रत्यक्ष अभिमतबाट मुलुकलाई गणतन्त्रमा लैजाने यो सबैभन्दा सहज र सुगम बाटो हो । यो बाटोलाई हामीले छोड्नुका पछिल्तिर पनि नेपाली काङ्ग्रेसको सर्वसत्तावादले काम गरेको छ । राजा बचाउने अभियानमा लागेको काङ्ग्रेस कुनै हालतमा पनि राजालाई सीधै खारेज गर्ने सम्भावना बढी भएको जनमतसङ्ग्रहमा जान नमानेकै हुनाले बाँकी छ दलहरू लुरुलुरु त्यता लागेका हुन् । किनभने, आरम्भमा काङ्ग्रेसबाहेकका सबै राजनीतिक पार्टीहरू जनमतसङ्ग्रहको पक्षमा थिए । तर, कालान्तरमा माओवादीलगायतका बहुसङ्ख्यक पार्टीहरूले जनमतसङ्ग्रहको अडान छाडेपछि नेकपा (एमाले) ले आफ्नो विचार राख्ने तर आफूअनुकूलको निर्णय नहुने बित्तिकै परिस्थिति नै बिगारिदिने काङ्ग्रेस वा माओवादीको जस्तो व्यवहार नदेखाउने निर्णय पार्टीले लिएको हो । यो सोच अरू कुनै पनि पार्टीको भन्दा जिम्मेवारीबोधको सार्वजनिकीकरण हो ।

चौथो हो- समानुपातिक निर्वाचन प्रणालीलाई छोड्ने काम । हाम्रो पार्टी अहिले पनि प्रस्ट छ- वास्तविक जनमतको सम्मान गर्ने संसद् निर्माण गर्ने हो भने निर्वाचन प्रणाली समानुपातिक नै हुनुपर्छ । मिश्रित निर्वाचन प्रणाली भनेको नेपालजस्तो मुलुकमा बढी अप्ठ्यारो र कम सहभागिताको निर्वाचन हुन्छ । तर, यो पनि तेस्रो कारणकै व्यवहारका कारण फेरिएको हो ।

इतिहास आजै समाप्त हुँदैन । ०४७ सालमा हाम्रो पार्टीले तत्कालीन संविधानमा भएका त्रुटिहरू सार्वजनिक गर्दै नेपाल अधिराज्यको संविधान ०४७ लाई आलोचनात्मक समर्थन गरेको थियो । हामीले संविधानलाई स्वीकार गरेका थियौँ तर हामीले उठाएका मुद्दाहरू पनि हामीसँगसँगै जीवित थिए । ०६३ जेठ ४ गते हामीले उठाएका मुद्दाहरू पुनर्जीवित भए ।

हामीले उठाएका मुद्दाहरूलाई हामीले आफूसँगै लिएर हिँडिरहेका छौँ र एकदिन तिनलाई अरूहरूले पनि त्यसरी नै सकार्नुपर्छ, जसरी ०४७ सालको आलोचनात्मक समर्थनलाई सकार्नुपरेको थियो ।

जहाँसम्म हाम्रा विरुद्धमा उठाइएका वितण्डाहरू छन्- पार्टी कार्यकर्ताको काम तिनको भ्रममा पर्ने होइन, तिनको विश्लेषण गर्ने हो । नेपाली राजनीतिमा कागले कान लग्यो भन्नेबित्तिकै कागको पछिपछि कुद्नेहरू धेरै छन् । तर, यो सत्यबाट नेकपा (एमाले) का सम्पूर्ण कार्यकर्ताहरू बिरत् हुनुहुँदैन- नेकपा (एमाले) नहुने हो भने यो मुलुकको उद्दार कसैले गर्न सक्दैन ।

▪

# ऐतिहासिक सहमति र भावी चुनौतीहरू

**' राजन भट्टराई**

नेपालको राष्ट्रिय राजनीतिमा ऐतिहासिक र दूरगामी प्रभाव पार्ने राष्ट्रिय सहमति यही कात्तिक २१ गते मङ्गलबार सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न भएको छ । यस सहमतिले एकातर्फ गत वैशाखमा सम्पन्न ऐतिहासिक दोस्रो जनआन्दोलनमा प्रकट भावनाहरूको प्रतिनिधित्व गर्दै नेपालको दुई सय ३८ वर्षको इतिहासमा पहिलोपटक जनताको सर्वोच्चतालाई स्वीकारेर उनीहरूलाई साँच्चिकै प्रजाबाट सम्प्रभु बनाउने बाटो खोलेको छ भने अर्कोतर्फ यसले मुलुकमा विगत १० वर्षदेखि व्याप्त हत्या-हिंसाको राजनीतिको अन्त्य गरी देश विकासका लागि शान्तिपूर्ण राजनीति नै एक मात्र विकल्प हो भन्ने निष्कर्षलाई स्थापित गरिदिएको छ । यो सहमतिको अर्को पक्ष भनेको नेपालको राष्ट्रिय राजनीतिमा विगत केही समयदेखि प्रभावी बनेको दुई अतिवादी (हिंसावादी र निरङ्कुशतावादी) शक्तिहरूको पराजय हो भने लोकतन्त्र र शान्तिकामी जनताको विजय पनि हो । सहमतिलाई कार्यान्वयन गर्ने सवालमा सबै पक्षले इमानदारी देखाउन सक्दा भावी नेपालको प्रगति र उन्नतिका लागि यसले ऐतिहासिक फट्को मार्ने कुरामा शङ्का गर्नुपर्ने ठाउँ छैन । तर, सहमतिका क्रममा कतिपय राजनीतिक पार्टीहरूमा देखापरेको यथास्थितिवादी चिन्तन र परिवर्तनविरोधी अवधारणाले भविष्यमा सहमतिको कार्यान्वयनमा इमानदार रहनेछ भन्ने कुरामा भने शङ्का गर्नुपर्ने अवस्था उत्पन्न गरिदिएको छ ।

दोस्रो जनआन्दोलनको भावना भनेको सबै प्रकारका निरङ्कुशतालाई भविष्यमा फेरि पनि उठ्न नसक्ने गरी परास्त गर्नु थियो । त्यस्तै, माओवादीद्वारा विगत १० वर्षदेखि चलाइएको हिंसाको राजनीतिको अन्त्य गरी देशमा पूर्ण शान्ति स्थापना गर्नु पनि थियो । तर, आन्दोलनको समाप्तिसँगै कतिपय पार्टी र नेताहरूमा देखापरेको निरङ्कुशताको प्रतीकका रूपमा रहेको राजतन्त्रलाई विभिन्न रूपमा जोगाउन खोज्ने प्रवृत्तिले गर्दा आन्दोलन मूल भावनामा चोट पुगेको छ । त्यसैगरी शान्तिवार्ताकै क्रममा माओवादीद्वारा निरन्तर जारी हिंसात्मक गतिविधिहरू र अन्य ज्यादतीहरूले पनि जनताको शान्तिप्रतिको अभिलाषामाथि आशङ्का उत्पन्न गरिदिएको छ । नेकपा (एमाले) को राजतन्त्रसम्बन्धी जनमतसङ्ग्रह र निर्वाचन प्रणालीका सम्बन्धमा फरक मत पनि जनसमुदायमा प्रकट भइरहेको उल्लिखित आशङ्काहरूलाई दूर गर्ने प्रयत्न स्वरूप गरिएको पहल नै थियो । यद्यपि, यसलाई लिएर कतिपयले एमालेमाथि राष्ट्रिय सहमतिको वातावरणलाई बिगार्न खोजेको आरोप लगाएका छन् । तर, भविष्यले बताउने छ कि नेकपा (एमाले) नै यस मामलामा सही थियो र हुनेछ, जसरी ०४७ सालमा जारी संविधानका सवालमा पार्टीका तत्कालीन महासचिव मदन भण्डारीद्वारा व्यक्त २७ बुँदे असहमति १६ वर्षपछि आएर राष्ट्रिय सहमतिका महत्त्वपूर्ण दस्तावेज बन्न पुगे । भनिरहन परोइन्, त्यतिबेला पनि तत्कालीन नेकपा (माले) माथि यस्तै किसिमका आरोपहरू लगाइएका थिए ।

**सहमतिपछिको राजनीति**

हाम्रो मुलुक अहिले आमूल परिवर्तनको सँघारमा उभिएको छ । कुनै पनि राष्ट्रका लागि यस किसिमको अवस्था सधैँभर आउँदैन । इतिहासको कालखण्डमा खासखास अवस्थामा उत्पन्न हुने परिस्थितिको ठीक ढङ्गले पहिचान गर्नु त्यस समयका अगुवाहरूको दायित्व हुन्छ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रका विगतदेखिका समस्याहरूको उचित पहिचान गरी यथोचित समाधानका लागि मुलुकलाई दिशानिर्देश गर्नु वर्तमान राष्ट्रिय राजनीतिको आवश्यकता हो । सहमतिका आधारमा तय गरिएका हतियारको उचित व्यवस्थापन गरी निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्ण ढङ्गले संविधानसभाको निर्वाचन सम्पन्न गरेर प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार र कानुनी राज्यको अवधारणासहितको संविधान निर्माण गर्नु, त्यस्तै हत्या र हिंसाको राजनीतिको समूल अन्त्य गरी दिगो शान्तिको स्थापना गर्नु

राष्ट्रिय राजनीतिको अहिलेको प्रमुख कार्यभार हो । त्यस्तै, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा हावी रहेको सामन्तवादी सोच, चिन्तन र यसका जराहरूको समूल अन्त्य गर्दै मुलुकको आर्थिक र सामाजिक क्षेत्रको रूपान्तरणतर्फ अगाडि बढ्नु वर्तमान अवस्थाको अर्को महत्त्वपूर्ण राष्ट्रिय कार्यभार हो । दोस्रो राष्ट्रिय जनआन्दोलनको भावना र विगत १२ वर्षको हाम्रो आफ्नै अभ्यास र एसिया, अफ्रिका र दक्षिण अमेरिका तथा क्यारेबियन क्षेत्रका अल्पविकसित मुलुकका लोकतान्त्रिक व्यवस्थाका अनुभवहरूबाट सिक्दै लोकतन्त्रको सुदृढीकरण र दिगोपनका लागि आर्थिक र सामाजिक क्षेत्रको परिवर्तनलाई अनिवार्य सर्तका रूपमा लिनुपर्ने मुलुकका लागि अर्को आवश्यकता हो । आर्थिक र सामाजिक क्षेत्रको विकास त्यतिबेला मात्र अगाडि बढाउन सकिन्छ, जतिबेला यसको बाधकका रूपमा रहेका सबै किसिमका सामन्तवादी व्यवस्था, चिन्तन प्रणाली र सोचहरूमा बदलाव ल्याउन सकिन्छ । यसर्थ, राजनीतिक क्षेत्रमा लोकतन्त्रको संस्थागत विकासका बारेमा छलफल अगाडि बढाइरहँदा मुलुकको आर्थिक र सामाजिक क्षेत्रको विकासका अवधारणाहरू अगाडि बढाइनु पर्दछ । यसले मात्र नेपाली जनताको आमूल परिवर्तनको आकाङ्क्षालाई पूरा गर्न सक्छ र तब मात्र नेपाल २१ औं शताब्दीको एक स्वतन्त्र, समुन्नत, समृद्ध राष्ट्र बन्न सक्छ । यसका लागि अर्को महत्त्वपूर्ण पक्ष भनेको राष्ट्रिय सहमतिको वातावरणको निर्माण हो । विगतका हाम्रा अभ्यासहरूले देखाएका छन् कि निहित स्वार्थ र क्षणिक लाभका निमित्त गरिने कार्यले मुलुकको समस्या समाधान दिन सक्तैन । त्यस्तै व्यापक जनताका चाहना र आकाङ्क्षाहरू बेगर पार्टीहरू र त्यसमा पनि नेतृत्वका स्वार्थका लागि चालिने कदमहरूले समझदारीको वातावरण बनाउन सक्तैन । राजनीतिक दलहरू र यसका नेतृत्वबाट गरिने छलकपटबेगरको लचकतापूर्ण व्यवहार नै आजको अपरिहार्यता हो र यसको निर्माणका लागि सबै लोकतन्त्रका पक्षधरहरूको पहल पनि यसैमा हुनुपर्दछ ।

संविधानसभाको निर्वाचनका बारेमा कुरा गरिरहँदा यसलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि हतियारको उचित व्यवस्थापन गरी सर्वसाधारण जनतालाई हिंसा र भयको त्रासबाट मुक्त गर्न सक्नुपर्दछ । लोकतन्त्रको आधार भनेको नै जनताको मतको सम्मान हो । जनताको मतको सम्मान गरिरहँदा उनीहरूले आफ्नो मत निर्भय र स्वतन्त्र ढङ्गले प्रकट गर्न सक्ने वातावरण तयार गरिनुपर्दछ । नेपालको अहिलेको परिप्रेक्ष्यमा यो सवाल अहम् महत्त्वको सवाल बनेको छ । यसका लागि अहिले सहमतिमा उल्लेख भएका समझदारीहरूको अक्षरशः पालना नै महत्त्वपूर्ण पक्ष हो । जतिबेलासम्म हतियारको भरमा आफ्ना मान्यताहरूलाई स्थापित गर्ने प्रवृत्तिले छुट पाइरहन्छ, त्यतिबेलासम्म निर्वाचनको निष्पक्षता भन्ने कुरा हुन सक्तैन । यसका लागि सबै पक्ष र अझ त्यसमा पनि हतियारधारी पक्ष बढी गम्भीर बन्नुपर्दछ । नेपालको इतिहासमा राजतन्त्र राख्ने/नराख्ने सवाल अर्को महत्त्वपूर्ण सवाल हो । नेपाल राष्ट्रको निर्माणसँगै गाँसिदै आएको यो विषय नेपालको इतिहासमा पटक-पटक विवादित पनि बन्दै आएको हो । तर, विगत जनआन्दोलनमा जसरी यसका विरुद्धको जनमत सायद यसभन्दा अघि प्रकट भएको थिएन । इतिहासमै सबैभन्दा विवादित र अलोकप्रिय बन्न पुगेको यो संस्थाको भाग्य र भविष्यको सवाल पनि आमजनताको सहभागितामै गरिनु उपयुक्त हुन्छ । यसै सवाललाई लिएर हाम्रो पार्टी नेकपा (एमाले) ले जनमतसङ्ग्रहद्वारा यसको छिनोफानो गरिनुपर्दछ भन्ने प्रस्ताव अगाडि सारेको हो । तर, राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूको षड्यन्त्रका कारण एमालेको उक्त प्रजातन्त्रिक प्रस्तावलाई अगाडि बढाउन दिइएन । फेरि पनि बुझ्नुपर्ने कुरा के हो भने मुलुकमा दूरगामी असर पार्ने यस किसिमका निर्णयहरूमा व्यापक जनसहभागिता बिना गरिने निर्णयले आमजनसमुदायको सहभागिता र समर्थन पाउन सकिन्न । लोकतन्त्रका हिमायतीहरूले बुझ्नुपर्छ कि प्रजातान्त्रिक विधिबाट गरिने निर्णयहरूले मात्र लोकतन्त्र साँचो अर्थमा बलियो र दीर्घकालिक बन्न सक्दछ ।

**नेकपा (एमाले) को कार्यभार**

मुलुकका उल्लिखित कार्यभारहरूका बारेमा छलफल गरिरहँदा हाम्रो पार्टी नेकपा (एमाले) जो विगत लामो समयदेखि राष्ट्रिय राजनीतिको केन्द्रभागमा रहेर मुलुकलाई अग्रगति दिने कार्यमा अहम् भूमिका खेल्यो, उसका भावी कार्यभारहरू पनि मुलुकका साम् उपस्थित उल्लिखित कार्यभारहरूभन्दा नितान्त फरक हुन सक्तैनन् । राष्ट्रका साम् उपस्थित उल्लिखित कार्यभारहरूलाई नै पार्टीले पनि अहिले आफ्नो कार्यभारका रूपमा लिनुपर्दछ र यसैका आधारमा आफ्ना क्रियाकलापहरूलाई अगाडि बढाउनुपर्दछ ।

नेकपा (एमाले) ले अगाडि सारेका विचारहरू आज नेपालको राष्ट्रिय राजनीतिमा एकपछि अर्को गर्दै स्थापित हुँदै गइरहेका छन् । मुलुकको समग्र परिवर्तन र विकासका लागि जनताको बहुदलीय जनवादले अगाडि सारेका राजनीतिक, आर्थिक र सामाजिक कार्यक्रमहरू नै व्यावहारिक रूपमा ठीक रहेछन् भन्ने कुरा विगतका वर्षले सावित गरिदिएको छ । चाहे त्यो ०४६ सालको राजनीतिक परिवर्तनपछि नेपाली काङ्ग्रेसको सरकारले लिएको नवउदारवादी आर्थिक नीति र यसले दिएको अत्यन्त नकारात्मक परिणामको सवाल होस् या नेकपा (माओवादी) ले विगत १० वर्षदेखि आत्मसात् गर्दै आएको हिंसाको राजनीति र हालै यसबाट सफल हुन नसक्ने निष्कर्षसहित शान्तिपूर्ण, प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिमा रूपान्तरण गर्ने निर्णयको सवाल होस् । यसले के प्रस्ट्याउँछ भने दाया वा बायाँ क्षोरमा पुगेर गरिने निर्णयहरू हाम्रो मुलुक र जनताको हितमा हुन सक्तैनन् । क्षणिक रूपमा तिनीहरूको प्रभावकारिता देखिए पनि यिनको दीर्घकालीनता हुने रहेनछ । हाम्रो पार्टीका तत्कालीन महासचिव जननेता मदन भण्डारीको अगुवाइमा पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनद्वारा पारित जनताको बहुदलीय जनवादले अगाडि सारेको राजनीतिक, आर्थिक र सामाजिक कार्यक्रमहरू हाम्रो परिस्थितिअनुकूल र समय सुहाउँदो रहेछ भन्ने कुराका सावित अहिले आएर भएको छ । मुलुकमा विकसित घटनाक्रमले यसको पुष्टि पनि गरिदिएका छन् । यसर्थ, नेकपा (एमाले) को राजनीतिक कार्यक्रम फेरि पनि नेपाली राष्ट्रिय

राजनीतिको प्रभावकारी र मुलुकको भावी विकासका लागि नेतृत्वदायी विचारका रूपमा स्थापित भएको छ । यसरी पार्टीले लिएको विचार स्थापित हुनु भनेको नेकपा (एमाले) को राजनीतिक र वैचारिक विजय हो। त्यस्तै नेकपा (एमाले) का विचारहरूले नै नेपालको परिवर्तनको मूलधारको प्रतिनिधित्व गरेको कुराको पुष्टि पनि हो ।

पार्टीले लिएको विचार र राजनीतिको सफलतासँगै यसका सामु आन्तरिक र बाह्य चुनौतीहरू पनि छन् भन्ने कुरालाई भने हामीले कहिल्यै पनि भुल्न हुन्न । जति धेरै यसको सान्दर्भिकता बढेको छ, त्यति धेरै यसमाथिका आक्रमणहरू पनि बढ्नेछन् भन्ने कुरालाई ध्यान दिन सक्नुपर्दछ । हालै माओवादी अध्यक्ष प्रचण्डको जबजलाई सामन्तवादपरस्त कार्यक्रमका रूपमा व्याख्या गर्ने दुष्प्रयत्न पनि यसमाथिको दक्षिणपन्थी र वामपन्थी शक्तिहरूको संयुक्त आक्रमणको शृङ्खलाभन्दा पृथक् राखेर हेर्न सकिन्न, जुन कार्यक्रमको प्रमुख उद्देश्य नै सामन्तवाद र साम्राज्यवादको अन्त्य गर्नु रहेको छ, त्यसैलाई त्यसको पक्षधरता देख्नु उनको दृष्टिभ्रम वा अल्पबुझाइ मात्र पक्कै होइन । उनको यस आरोपका पछाडि जबजको बढ्दो सफलता र सान्दर्भिकता पनि जोडिएको छ ।

वैचारिक र राजनीतिक रूपमा विकसित यस किसिमको अत्यन्त अनुकूल अवस्थालाई पार्टीको समग्र हितमा कसरी प्रयोग गर्न सकिन्छ, त्यसबारेमा सिङ्गो पार्टी पङ्क्तिको ध्यान जानु आवश्यक हुन्छ । एकातर्फ पार्टीका विचारहरूलाई अझ परिष्कृत र समय सुहाउँदो बनाउनुपरेको छ भने अर्कोतर्फ वैचारिक सफलतालाई साङ्गठनिक सफलतामा रूपान्तरण गर्न सक्नुपरेको छ । यसका लागि सिङ्गो पार्टी पङ्क्ति वैचारिक रूपले स्पष्ट हुँदै उच्च मनोवल र दृढ आत्मविश्वासका साथ जनताका बीचमा जाने र पार्टीको विचारका पक्षमा उभिँदै शत्रु पक्षबाट फैलाइएका अफवाहहरूलाई चिर्ने काममा तत्काल लाग्नुपर्दछ । यसबाट मात्र सिङ्गो पार्टीलाई सुदृढ गर्न सकिन्छ । त्यसैगरी, एमालेको अर्को महत्त्वपूर्ण दायित्व भनेको वैचारिक रूपमा जसरी आज हाम्रो विचार सर्वस्वीकृत बन्दै गइरहेको छ, नेतृत्वदायी विचारका रूपमा स्थापित बनेको छ, त्यसैगरी केन्द्रीय र स्थानीय तहमा वैचारिक बहसहरूलाई दलहरूसँग राजनीतिक र वैचारिक बहसलाई अन्य पार्टीहरूमा रहेका तर वैचारिक हिसाबले हाम्रो विचारसँग सामिप्य राख्नेहरूसँग वैचारिक र राजनीतिक रूपमा छलफललाई केन्द्रदेखि तल्लो तहसम्म अगाडि बढाइनु पर्दछ र यसको पहल हाम्रा तर्फबाट गरिनुपर्दछ ।

राष्ट्रिय राजनीतिका उपर्युक्त चुनौतीहरूको सामना नेकपा (एमाले) ले आफूलाई केन्द्रभागमा राखेर गर्न सक्नुपर्दछ । समयले हाम्रो पार्टीलाई उपर्युक्त अवसर प्रदान गरेको छ र यस अवसरलाई मुलुक र पार्टीको हितमा प्रयोग गर्ने दायित्व पार्टीको वर्तमान पुस्तालाई सुम्पेको छ । जति कुशलतापूर्वक हामीहरू मुलुकले सुम्पेका यी दायित्वहरूलाई पूरा गर्न सक्छौँ, त्यति नै हाम्रा सामु अवसरहरू पनि छन् भन्ने कुरा हामीले आत्मसात् गर्न सक्नुपर्दछ । तर, प्रतिस्पर्धाको राजनीतिलाई आत्मसात् गरेर अगाडि बढिरहँदा के कुरा पनि भुल्नुहुन्न भने जति धेरै अवसरहरू छन्, त्यति नै चुनौती पनि छन् । अवसरको उपयोगसँगै चुनौतीहरूको सामना गर्न पनि पार्टीपङ्क्ति तयार हुनुपर्दछ । यसका लागि एकीकृत विचार, सामूहिक कार्यप्रणाली र प्रभावकारी कार्ययोजनाको आवश्यकता पर्दछ । यसरी अगाडि बढ्न सकेमा मात्र अवसरको उपयोग र चुनौतीको सामना हुन सक्तछ ।

■

# सात दल-माओवादी ऐतिहासिक सहमति

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, आठबुँदे सहमति र २५ बुँदे आचारसंहितालगायत नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्रसङ्घलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्दै राज्यको अग्रगामी पुनःसंरचना गर्नुपर्ने सङ्कल्प गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोर्‍याउँदै,

नेपाली जनताको भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने दुवै पक्षको

प्रतिबद्धतालाई कार्यान्वयन गर्न आज मिति २०६३ साल कात्तिक २१ गते सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकबाट निम्न लिखित निर्णयहरू भएका छन् :

(1) **विगतका सहमतिहरूको कार्यान्वयन सम्बन्धमा**

१. विगतमा गरिएका सबै समझदारी, सहमति र आचारसंहितालाई पूर्ण रूपले, इमानदारीपूर्वक र कडाइका साथ कार्यान्वयन गर्ने/गराउने ।

२. विगतमा राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका भनिएका नागरिकहरूका सम्बन्धमा छानबिन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानबिन आयोग गठन गर्ने ।

३. कब्जा गरिएका घरजग्गा, सम्पत्ति फिर्ता गर्ने कार्यलाई तीव्रता दिने । विस्थापितहरू घर फर्किने वातावरणको सुनिश्चितता गर्ने। यस निम्ति जिल्ला-जिल्लामा दुवै पक्ष सम्मिलित समिति गठन गर्ने। यी सबै कार्यलाई एक महिनाभित्र पूर्णता दिने ।

४. राज्य र नेकपा माओवादीद्वारा राजनीतिक नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका सबै आरोप र अभियोगहरू फिर्ता भएको सार्वजनिक घोषणा गर्ने र दुवै तर्फका राजनीतिक बन्दीहरूलाई तुरुन्त रिहा गर्ने ।

(2) **सेना र हतियार व्यवस्थापन सम्बन्धमा**

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रीकरण तथा पुन:संरचना गर्न विगतमा भएका बाह्रबुँदे समझदारी, आठबुँदे सहमति, २५ बुँदे आचारसंहिता र संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पाँचबुँदे पत्रको भावनाअनुरूप निम्न कामहरू गर्ने-

**माओवादी सेनाका सम्बन्धमा**

१. ०६३ साउन २४ गते नेपाल सरकार र नेकपा माओवादीका तर्फबाट संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताअनुसार माओवादी सेनाका लडाकूहरू (Combatants) निम्न लिखित स्थानहरूमा अस्थायी शिविरहरू (Cantonments) मा सीमित रहने । संयुक्त राष्ट्रसङ्घद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने ।

**मुख्य शिविरहरू निम्न स्थानहरूमा रहनेछन्**

१. कैलाली, २. सुर्खेत, ३. रोल्पा, ४. पाल्पा, ५. काभ्रे, ६. सिन्धुली, ७. इलामका मुख्य शिविरहरूवरिपरि तीन-तीनवटाका दरले सहायक शिविरहरू रहनेछन् ।

२. माओवादी सेनाका लडाकूहरू शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठा बाहेक अन्य सबै हतियारहरू शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसङ्घको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसङ्घले सम्बन्धित पक्षको रोहबरमा गर्ने । क्यामरा अनुगमनलगायत यस सम्बन्धका अन्य विस्रुतृत प्राविधिक विवरण संयुक्त राष्ट्रसङ्घ, नेकपा माओवादी र नेपाल सरकारको सहमतिले तयार गर्ने ।

३. माओवादी सेनाका लडाकूहरू अस्थायी शिविरमा बसिसकेपछि उनीहरूको रसदपानीलगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने ।

४. माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुन:स्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने ।

५. माओवादी नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने ।

**नेपाली सेनाका सम्बन्धमा**

६. संयुक्त राष्ट्रसङ्घलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धताअनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने । उसका हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी सङ्ख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसङ्घको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसङ्घले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमनलगायत यस सम्बन्धका अन्य विस्रुतृत प्राविधिक विवरण संयुक्त राष्ट्रसङ्घ, नेपाल सरकार र नेकपा माओवादीको सहमतिले तयार गर्ने।

७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्रुथापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने। अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। यसअन्तर्गत नेपाली सेनाको उपयुक्त सङ्ख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्नेलगायतका कामहरू गर्ने ।

८. नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, ब्याङ्क, विमानस्थल, विद्युत्गृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षालगायतका कामहरूलाई निरन्तरता दिने ।

(3) **अन्तरिम संविधानका विषयवस्तुबारे**

१. **अन्तरिम संविधानबारे**

(क) अन्तरिम संविधान मस्यौदा समितिद्वारा प्रस्तुत अन्तरिम संविधानलाई आज भएका सहमतिका आधारमा पूर्णता दिने ।

(ख) पुनःस्थापित प्रतिनिधिसभाद्वारा अन्तरिम संविधान जारी गरिनेछ र नवगठित अन्तरिम विधायिकाले उक्त संविधानलाई अनुमोदन गर्नेछ ।

२. **राजतन्त्रबारे**

(क) मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन ।

(ख) स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्र हितमा प्रयोग गर्ने ।

(ग) राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गर्ने ।

(घ) राजसंस्था कायम राख्ने वा नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुङ्गो लगाउने ।

३. **अन्तरिम व्यवस्थापिका-संसद्बारे**

(क) अन्तरिम व्यवस्थापिका निम्न प्रकार एक सदनात्मक संसद् हुनेछ :

(अ) सात राजनीतिक दल र अन्य दलका हाल प्रतिनिधिसभा र राष्ट्रियसभाका निर्वाचित सदस्रुयहरूसमेत गरी दुई सय नौ जना (जनआन्दोलनको विपक्षमा रहेकाहरूबाहेक) । संयुक्त वाममोर्चाको वर्तमान संसद्मा प्रतिनिधि नभएको हुँदा सहमतिका आधारमा मनोनयन गरिने ।

(आ) नेकपा माओवादीका तर्फबाट ७३ जना ।

(इ) जनवर्गीय तथा पेशागत सङ्गठन, उत्पीडित जाति तथा क्षेत्रका प्रतिनिधिहरू र राजनीतिक व्यक्तित्वहरूबाट ४८ जना (सहमतिका आधारमा मनोनीत गर्ने ।)

**कुल सङ्ख्या- ३ सय ३०**

तर, जनआन्दोलनको विपक्षमा रहेकाहरू अन्तरिम व्यवस्रुथापिकामा रहने छैनन् ।

(ख) अन्तरिम व्यवस्थापिकाको गठन भएपश्चात् पुनःस्रुथापित प्रतिनिधिसभा र राष्ट्रियसभा भङ्ग हुने ।

(ग) अन्तरिम व्यवस्थापिका- संसद् गठन भएको दिनदेखि नेकपा माओवादीको नेतृत्वमा रहँदै आएका जनसरकार, जनअदालतलगायतका सत्तासम्बद्ध सबै निकाय भङ्ग हुने ।

(घ) अन्तरिम व्यवस्थापिका राजनीतिक सहमतिका आधारमा सञ्चालन गर्ने ।

४. **अन्तरिम सरकारबारे**

(क) सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद् गठन गर्ने ।

(ख) अन्तरिम मन्त्रिपरिषद्को संरचना र कार्यविभाजन आपसी सहमतिबाट तय गर्ने ।

(ग) अन्तरिम सरकारको सञ्चालन संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृतिअनुरूप गर्ने ।

५. **न्यायपालिकाबारे**

(क) स्वतन्त्र न्यायपालिकाको अवधारणा र मूल्य-मान्यतालाई अनुशरण गर्ने ।

(ख) न्यायपालिकालाई जनआन्दोलनको भावना, लोकतन्त्र र अन्तरिम संविधानप्रति प्रतिबद्ध बनाउने ।

(ग). संविधानसभासम्बन्धी विवादहरूको निरूपण गर्न संवैधानिक अदालतको गठन गर्ने ।

६. **संवैधानिक अङ्गहरूबारे**

(क) प्रधानमन्त्री, प्रधानन्यायाधीश र अन्तरिम व्यवस्रुथापिकाका सभामुखसहितको नयाँ संवैधानिक परिषद्को व्यवस्था गरेर यसमार्फत संवैधानिक अङ्गहरूको नियुक्तिलगायतका विषयहरूमा सिफारिस गर्ने व्यवस्था मिलाउने । नियुक्तिहरू गर्दा निश्चित मापदण्डलाई आधार बनाउने ।

(ख) सहमतिका आधारमा निर्वाचन आयोगलाई पूर्णता दिने ।

७. **स्थानीय निकायहरूबारे**

(क) सात दल र नेकपा माओवादीको सहमतिमा जिल्ला, नगर र गाउँस्तरमा अन्तरिम स्थानीय निकाय गठन गर्ने ।

८. **नागरिकता समस्या सम्बन्धमा**

(क) संविधानसभाको निर्वाचनअगावै नागरिकताबाट वञ्चित सबै नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्ने ।

(ख) ०४६ चैत मसान्तलाई आधार वर्ष मानी त्यसभन्दा अगाडि नेपालमा जन्म भई निरन्तर स्थायी बसोवास गर्दै आएका सबै नेपाली नागरिकहरूलाई सरल ढङ्गले नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्था गर्ने ।

(ग) नागरिकता प्राप्तिसम्बन्धी अन्य व्यवस्था कानूनमा उल्लेख भएबमोजिम हुने ।

९. **संविधानसभा निर्वाचन सम्बन्धमा**

(क) आगामी ०६४ जेठभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने गरी मिति तय गर्न अन्तरिम मन्त्रिपरिषद्लाई अधिकार प्रदान गर्ने ।

(ख) संविधानसभाको निर्वाचन मिश्रित प्रणालीका आधारमा गर्ने । दुई सय पाँच सदस्य उम्मेदवारलाई मत दिने, 'पहिलो हुने निर्वाचित हुने' (First Past the Post) प्रणालीअनुसार र दुई सय चार सदस्रुय पार्टीलाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने । यस सम्बन्धमा निर्वाचन आयोगसँग छलफल गरेर कानून बनाउने ।

(ग) दलहरूले उम्मेदवारहरू सूचीकृत गर्दा उत्पीडित जाति, क्षेत्र, मधेशी, महिला, दलितलगायत अन्य वर्गसमेतको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने ।

(घ) राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्बाट मनोनीत हुने १६ जना ।

(ङ) संविधानसभाको कुल सङ्ख्या ४ सय २५ कायम गर्ने।
(च) अन्तरिम संविधान जारी हुँदाका बखत १८ वर्ष उमेर पुगेका नेपाली नागरिक मतदाता हुने ।
(छ) संविधानसभाको निर्वाचनको अनुगमन संयुक्त राष्ट्रसङ्घद्वारा गराउने ।

**१०. राज्यको ढाँचाबारे**

(क) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने ।
(ख) राज्यको पुनःसंरचनाका लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गर्ने ।
(ग) राज्यको पुनःसंरचनाको अन्तिम टुङ्गो संविधानसभाले लगाउने ।

**११. आर्थिक-सामाजिक रूपान्तरणबारे निर्देशक सिद्धान्तहरू**

(क) सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक-सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।
(ख) सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति तय गर्ने ।
(ग) राष्ट्रिय उद्योगधन्धा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुशरण गर्ने ।
(घ) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।
(ङ) सुकुम्वासी, कमैया, हलिया, हरुवा-चरुवालगायतका आर्थिक-सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।
(च) सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरूउपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने ।
(छ) देशको आर्थिक-सामाजिक रूपान्तरण एवम् न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।
(ज) श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवम् आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुशरण गर्ने ।

## (4) द्वन्द्वपीडितहरूको व्यवस्थापन सम्बन्धमा

१. सशस्त्र द्वन्द्वका क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनःस्थापनाको व्यवस्था गर्ने ।
२. छानबिन आयोगको प्रतिवेदनका आधारमा बेपत्ता भएकाहरूका पीडित परिवारलाई राहत उपलब्ध गराउने ।
३. सशस्त्र द्वन्द्वका क्रममा विस्थापितहरूको पुनःस्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनःनिर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।
४. सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने ।

## (5) विविध

१. सबै सहमति र सम्झौताहरूको कार्यान्वयन भए/नभएको अनुगमन गर्न सहमतिले एक उच्चस्तरीय संयुक्त अनुगमन समिति गठन गर्ने ।
२. आचारसंहिता, समझदारी-सहमति, सम्झौता तथा कानूनविपरीतका गतिविधि एवम् काम-कारबाही गर्ने जोकसैलाई पनि सरकारले कारबाही गरी दण्डित गर्नेछ ।
३. गणतन्त्र, आर्थिक-सामाजिक रूपान्तरण, जनमतसङ्ग्रह, निर्वाचन प्रणालीलगायत अहिले साझा सहमति कायम हुन नसकेका विषयहरूमा पार्टीहरू संविधानसभाको निर्वाचनका क्रममा आ-आफ्ना नीति र मतअनुसार प्रस्तुत हुन स्वतन्त्र हुनेछन् ।

## (6) समय-तालिका

१. नेपाल सरकार र नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता ०६३ कात्तिक ३० गतेसम्म गर्ने ।
२. उल्लिखित (2).१ बमोजिम ०६३ मङ्सिर ५ गतेभित्र माओवादी सेनाका लडाकूहरू हातहतियारसहित निर्धारित शिविरमा जम्मा (Confine) भइसक्ने र हतियार भण्डारण गर्ने । संयुक्त राष्ट्रसङ्घद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने ।
३. उल्लेखित (2). ५ बमोजिम ०६३ मङ्सिर ५ गतेभित्र नेपाली सेना ब्यारेकभित्र सीमित रहने, निर्धारित हातहतियार भण्डारण गर्ने र त्यसको अनुगमन संयुक्त राष्ट्रसङ्घले गर्ने ।
४. ०६३ मङ्सिर ५ गतेभित्र अन्तरिम संविधानलाई पूर्णता दिने ।
५. ०६३ मङ्सिर १० गतेभित्र अन्तरिम संविधान जारी गर्ने, अन्तरिम व्यवस्थापिकाको गठन गर्ने र प्रतिनिधिसभा र राष्ट्रियसभाको विघटन गर्ने ।
६. ०६३ मङ्सिर १५ सम्म अन्तरिम मन्त्रिपरिषद्को गठन गर्ने ।

**प्रचण्ड**
**अध्यक्ष, नेकपा (माओवादी)**

**गिरिजाप्रसाद कोइराला**

**प्रधानमन्त्री**
**तथा सभापति, नेपाली काङ्ग्रेस**

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

**शेरबहादुर देउवा**
**सभापति, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)**

**अमिक शेरचन**
**उप-प्रधानमन्त्री**
**तथा अध्यक्ष, जनमोर्चा नेपाल**

**भरतविमल यादव**
**उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**

**नारायणमान विजुक्छे**
**अध्यक्ष, नेपाल मजदुर किसान पार्टी**

**सीपी मैनाली**
**अध्यक्ष, संयुक्त वाममोर्चा**
**मिति : २०६३ कात्तिक २२**

## पार्टीको भिन्न मत

माथिका निर्णहरूमा अन्य सबै दलहरूको सहमति भएकाले कार्यान्वयनमा जाने कुरामा सहमत हुँदै हाम्रो पार्टीको निम्नबमोजिम भिन्न मत रहेको छ :

१. राजसंस्था राख्ने वा नराख्ने भन्नेबारेमा संविधानसभाको निर्वाचनसँगसँगै जनमतसङ्ग्रह गर्नुपर्छ भन्ने नेकपा एमालेको भिन्न मत रहेको छ।

२. संविधानसभाको निर्वाचनका निम्ति समानुपातिक प्रणाली नै अपनाउन सबैभन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने नेकपा एमालेको भिन्न मत रहेको छ ।

**महासचिव, नेकपा (एमाले)**

# हाम्रा आगामी कार्यभारहरू

## ' विष्णु पौडेल

कात्तिक २१ गते आठ पार्टीद्वारा जारी गरिएको ऐतिहासिक घोषणापश्चात् नेपाली राजनीतिले क्रान्तिकारी रूपान्तरणको स्पष्ट दिशा पक्रेको छ । सहमतिको यो घोषणाले एकैसाथ दुई सय ३८ वर्ष पुरानो सामन्ती राजतन्त्रलाई सदाका लागि समाप्त गर्ने, जनअभिमतका आधारमा शान्तिपूर्ण तवरले लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने, १२ वर्ष पुरानो सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण प्रतिस्पर्धामा रूपान्तरण गर्दै मुलुकमा दिगो शान्ति स्थापना गर्ने, राज्यको पुन:संरचना गर्दै समावेशी लोकतन्त्र स्थापना गर्ने, सामाजिक-आर्थिक क्षेत्रमा क्रान्तिकारी रूपान्तरण गर्दै वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक अन्तरविरोधलाई समाधान गर्ने र पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादतर्फ सङ्क्रमण गर्ने वस्तुगत आधार निर्माण गरेको छ ।

कात्तिक २१ को यो ऐतिहासिक घोषणापश्चात् प्रतिगामी, पुनरुत्थानवादी तथा निरङ्कुश राजतन्त्रवादी तत्त्वहरू निकै पछाडि धकेलिएका छन् तापनि उनीहरूले अन्तिम पराजय स्वीकार गरेका छैनन् । उनीहरू आफ्नो वर्गहितका आधारमा प्रतिगमन वा पुनरुत्थानका लागि परिचालित छन् । यो शक्ति राज्य संरचनामा रहेको आफ्नो पुरानो प्रभाव, नेपाली जनताको एउटा हिस्सामा रहेको पछौटे चरित्रको धार्मिक तथा सांस्कृतिक चेतना र अन्तर्राष्ट्रिय समुदायको कट्टरतावादी हिस्साको साथ र समर्थनमा आफ्ना प्रतिगामी उद्देश्यहरूतर्फ अघि बढ्न खोज्दैछ। नेपाली काङ्ग्रेसलगायतका बुर्जुवा सुधारवादीहरू (वस्तुत: यथास्थितिवादीहरू) ऐतिहासिक जनआन्दोलन-२०६२/६३ का उपलब्धिहरूलाई सुधारको तहमा सीमित गर्न र

मुलुकलाई यथास्थितिको चक्रमा अल्झाउन चाहन्छन् । उनीहरू मुलुकमा कम्युनिस्ट क्रान्तिकारीहरूको बढ्दो प्रभावबाट अत्तालिएका छन् । तसर्थ, यो शक्तिले कम्युनिस्ट खतराबाट जोगिन पराजित भएको तर निर्मूलन नभएको सामन्ती राजतन्त्रसँग साँठगाँठ गर्न चाहन्छ, सेरेमोनियल राजतन्त्रको पक्षपोषण गरेर सबै प्रकारका राजतन्त्रवादीहरू र प्रतिगामी तत्त्वहरूलाई आफ्नो कित्तामा खडा गर्न चाहन्छ । राजतन्त्रलाई सेरेमोनियल स्वरूपमा सुरक्षाको प्रत्याभूति दिएर राज्यको सुरक्षा अङ्ग र प्रशासनिक संरचनलाई आफ्नो प्रभाव र नियन्त्रणमा ल्याउन चाहन्छ । यो शक्तिले एकैसाथ सामन्ती तथा दलाल नोकरशाही पुँजीपति वर्गको हितलाई केन्द्रभागमा राखेर, मध्यम वर्गलाई उनीहरूको वर्गहितको प्रतिनिधित्व गर्ने विश्वास दिलाएर र आधारभूत तहका जनतालाई सुधारको आश्वासन बाँडेर आफ्नो पक्षमा गोलबन्द गर्न चाहन्छ । नेपालसँग स्वार्थ गाँसिएका शक्ति राष्ट्रहरूलाई उनीहरूको हितसँग सम्झौता गरेर र नेपालमा लोकतन्त्र, शान्ति तथा प्रगति चाहने अन्तर्राष्ट्रिय समुदायलाई तदनुरूपको छलछामपूर्ण अभिव्यक्ति दिएर आफ्नो कित्तामा खडा गर्न चाहन्छ । यिनीहरू मुलुकको क्रान्तिकारी रूपान्तरण स्वीकार्न तयार छैनन् । नेपाली काङ्ग्रेसलगायतका बुर्जुवा सुधारवादी शक्तिहरूले चाहेको उच्चतम सुधार गत जेठ ४ गतेको संसद्को घोषणा थियो । त्यसैले उनीहरू कात्तिक २१ गतेको आठ पार्टी घोषणापश्चात् पनि नेपाली समाजलाई जेठ ४ कै सीमामा सीमाबद्ध गर्न चाहन्छन् । उनीहरूबाट भइरहेको सेरेमोनियल मोनार्कीको चर्को पक्षपोषण, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रप्रतिको अरूचि र राज्यसंरचनामा सम्भव सीमासम्मको लोकतान्त्रीकरणलाई पनि अस्वीकार गर्ने उनीहरूको हठले यही कुरालाई पुष्टि गर्दछ । निरङ्कुश राजतन्त्रका पक्षधर प्रतिगामी तत्त्वहरू र नेपाली काङ्ग्रेसलगायतका यथास्थितिवादी शक्तिहरू गणतन्त्रवादीहरू तथा कम्युनिस्ट क्रान्तिकारीहरूमाझ, खासगरी नेकपा (एमाले) र नेकपा (माओवादी) माझ एकआपसमा शत्रुतापूर्ण अन्तरविरोध सिर्जना गर्ने, उनीहरूलाई एकआपसमा चर्को भिडन्तमा उतार्ने र आफ्ना प्रतिगामी तथा यथास्थितिवादी उद्देश्यहरू पूरा गर्ने षड्यन्त्रमा लागिपरेका छन् ।

गणतन्त्रवादीहरू, कम्युनिस्ट क्रान्तिकारीहरू र खासगरी नेकपा (एमाले) ले उपरोक्त प्रतिकूलताहरूलाई ठीक ढङ्गले देख्न सक्नुपर्दछ । यथास्थितिको विरोध र लोकतान्त्रिक गणतन्त्र तथा अग्रगामी परिवर्तनको पक्षमा रहेका सबै सकारात्मक शक्ति तथा व्यक्तिहरूलाई गोलबन्द गर्न सक्नुपर्दछ । गणतन्त्रवादी शक्तिहरूबीचका अन्तरविरोधहरूलाई मैत्रीपूर्ण तवरले समाधान गर्नुपर्दछ । प्रतिगामी तथा बुर्जुवा सुधारवादी शक्तिहरूका बीचमा हुनसक्ने सम्भावित गठबन्धनलाई रोक्नुपर्दछ । बुर्जुवा सुधारवादी शक्तिलाई परिवर्तनकारी कित्तामा खडा गर्न भगीरथ प्रयत्न गर्नुपर्दछ र सम्पूर्ण प्रहार निरङ्कुशतावादी तथा प्रतिगामी शक्तिका विरुद्धमा केन्द्रित गर्नुपर्दछ ।

सम्झौतामा कसैले पनि सम्पूर्ण रूपमा हारेको हुँदैन र त्यसरी नै कसैले सम्पूर्ण रूपमा जितेको पनि हुँदैन । सम्झौता भनेकै लेनदेन हो, सम्बद्ध पक्षका निश्चित हितहरूको प्राप्ति र निश्चित हितहरूको परित्याग हो । यो कुरा कात्तिक २१ गतेको सम्झौतका सन्दर्भमा पनि लागू भएको छ । यो सम्झौताबाट नेपाली काङ्ग्रेसले सबैभन्दा ठूलो पार्टीको हैसियतमा अन्तरिम संसद् र अन्तरिम सरकारमा सामेल हुने अवसर पाएको छ । उसले आफ्नै असफल नेतृत्वका कारण सिर्जित हिंसात्मक विद्रोहको शान्तिपूर्ण समाधानमा सकारात्मक योगदान दिने अवसर पाएको छ । नेकपा (माओवादी) ले महत्त्वपूर्ण राजनीतिक पार्टीको हैसियतमा संसद् तथा सरकारमा उपस्थित हुने र शान्तिपूर्ण तवरले समाजको क्रान्तिकारी रूपान्तरणमा भूमिका निर्वाह गर्ने अवसर पाएको छ । जहिले पनि राजनीतिमा नीति र विचारको भूमिका नेतृत्वदायी हुने गर्दछ । र, यो सम्झौताले राष्ट्रिय राजनीतिमा नेकपा (एमाले) का नीति र विचारको नेतृत्वदायी भूमिकालाई स्थापित गरिदिएको छ । नेकपा (एमाले) का राजनीतिक तथा सैद्धान्तिक मान्यताहरू सही छन् भन्ने कुरा फेरि एकपटक पुनरपुष्टि भएको छ । र, अब पनि राष्ट्रिय राजनीतिमा नेकपा (एमाले) को अग्रणी भूमिकालाई सुनिश्चित गर्न सकिने आधार निर्माण भएको छ । कात्तिक २१ गतेको सहमतिले हाम्रासामु एकातिर प्रचुर सम्भावना र अर्कातिर गम्भीर चुनौती उपस्थित गरिदिएको छ । हामीले योग्यताका साथ चुनौतीलाई सामना गर्न र सम्भावनालाई प्राप्त गर्न सक्नुपर्दछ ।

कात्तिक २१ गतेको सहमतिपश्चात् सबै राजनीतिक शक्तिको भूमिका बदलिएको छ । स्वभावैले नेकपा (माओवादी) पनि हिजोको ठाउँमा छैन र उसको भूमिका पनि बदलिएको छ । नेकपा (माओवादी) मा सैद्धान्तिक, राजनीतिक र व्यावहारिक दृष्टिले निकै ठूलो परिवर्तन आएको छ । अब हामीले आजको माओवादी नीति, विचार र आचरण कुनै पनि दृष्टिले हिजोको माओवादी होइन भन्ने कुरा बुझ्न सक्नुपर्दछ । सेना नभएको कम्युनिस्ट पार्टीसँग आफ्नो भन्ने केही हुँदैन भन्ने मान्यताका आधारमा पार्टीको सेना निर्माण गर्दै सशस्त्र विद्रोहमा अघि बढेको यो पार्टी सेना राज्यको हुन्छ, पार्टीको हुँदैन भन्ने मान्यतामा आइपुगेको छ र संविधानसभाको निर्वाचनपश्चात् आफ्नो पार्टीलाई निःशस्त्र गर्न तयार भएको छ । सशस्त्र जनयुद्धद्वारा केन्द्रीय सत्ता कब्जा गर्ने र कम्युनिस्ट पार्टीको एकदलीय अधिनायकत्व स्थापित गर्ने उद्देश्यका साथ फरक विचारसँग शत्रुवत् व्यवहार गर्दै आइरहेको यो पार्टी एक्काइसौँ शताब्दीको जनवाद भन्दै बहुदलीय प्रतिस्पर्धा स्वीकार गर्ने र फरक विचारसँग शान्तिपूर्ण प्रतिस्पर्धा गर्ने विन्दुमा आइपुगेको छ । माओवाद र प्रचण्डपथका विशेषता भनेर उल्लेख गरिएका अधिकांश मान्यताहरू परित्याग गरेर सर्वथा नयाँ र लोकतान्त्रिक मान्यतालाई स्वीकार गर्ने विन्दुमा आइपुगेको छ । समग्रतामा भन्दा नेकपा ( माओवादी) ले यतिबेला हिजोका उग्रवामपन्थी दृष्टिकोण र क्रियाकलाप परित्याग गरेर लोकतान्त्रिक दृष्टिकोण र क्रियाकलाप अवलम्बन गर्ने प्रतिबद्धता जाहेर गरिरहेको छ ।

यदि कात्तिक २१ गतेको सम्झौताप्रति प्रतिबद्ध रहन्छ भने नेकपा (माओवादी) शान्तिपूर्ण प्रतिस्पर्धाको राजनीति गर्ने संविधानसम्मत राजनीतिक शक्ति (अहिले अन्तरिम संविधानसम्मत र संविधानसभाबाट नयाँ संविधान बनेपछि सोही संविधानसम्मत) हुने कुरा निश्चित छ । एक्काइसौँ शताब्दीको जनवाद अघि सारेर जनताको बहुदलीय जनवादको नजिक

आइपुगेको नेकपा (माओवादी) कात्तिक २१ गतेको सम्झौता पत्रमा हस्ताक्षर गररे माओवाद, प्रचण्डपथ र जनयुद्धलाई परित्याग गर्ने दिशातर्फ अग्रसर भएको छ । यो सम्झौताले माओवादको आधार हल्लिएको छ । प्रचण्डपथको स्तम्भ ढलेको छ । त्यसरी नै सेना राज्यको मात्र हुन्छ, राजनीतिक पार्टीको हुँदैन भन्ने प्रस्थापनालाई स्वीकार गरेर माओवादी स्वयम्ले सशस्त्र जनयुद्धको जग नै भत्काइदिएको छ ।

अब माओवादीले बिनाविलम्ब आफ्ना विगतका उग्रवामपन्थी दृष्टिकोण र क्रियाकलापप्रति आलोचनात्मक दृष्टिले समीक्षा गर्न जरुरी छ । विगतका विचार र व्यवहारका दोषहरूप्रति आत्मालोचक हुन जरुरी छ । आफूबाट शस्त्रबलमा आधारित हिंसा र हत्याको पुनरावृति हुनेछैन र नागरिकहरूको आस्थाको अधिकारका विरुद्ध  कुनै पनि प्रकारको बल प्रयोग हुने छैन भनेर सिङ्गो राष्ट्रलाई विश्वास दिलाउनु जरुरी छ । माओवाद, प्रचण्डपथ र जनयुद्धबाट आफूलाई सम्पूर्ण रूपमा अलग गर्न जरुरी छ । मार्क्सवाद-लेनिनवादको मार्गदर्शन र बहुदलीय प्रतिस्पर्धासहितको जनवादी राज्य व्यवस्थाको पक्षपोषणका आधारमा एकीकृत नेपाल कम्युनिस्ट पार्टी निर्माण गर्ने दिशामा अग्रसर हुन जरुरी छ । नेकपा (एमाले) ले लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई यतिबेलाको मुख्य कार्यनीतिक नारा हो भन्ने किटानी निष्कर्ष अघि सारेको छ र त्यसका लागि गणतान्त्रिक मोर्चा निर्माण गर्ने नीति प्रस्तुत गरेको छ । यो नारा र नीतिमा माओवादीको पनि सहमति छ । तसर्थ, लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, राज्यको प्रगतिशील पुनःसंरचना, सामाजिक-आर्थिक क्षेत्रमा अग्रगामी परिवर्तनजस्ता साझा माग र मुद्दाका आधारमा निर्माण गरिने 'लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा' मा नेकपा (माओवादी) पनि सामेल हुन जरुरी छ । 'लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा' मा रहेर सहकार्य गर्न, स्वस्थ तथा मैत्रीपूर्ण ढङ्गले विचारधारात्मक सङ्घर्ष सञ्चालन गर्न, परस्परका मतभेदहरूलाई न्यूनीकरण गर्न र पार्टी एकताका निम्ति आधार निर्माण गर्न जरुरी छ ।

समग्रमा भन्दा कात्तिक २१ को सहमतिका विरुद्ध हुन सक्ने प्रतिगामी तथा यथास्थितिवादी प्रहारलाई परास्त गर्नु, गणतन्त्रवादी शक्तिहरूका बीचमा विभाजन ल्याएर प्रतिक्रियावादी उद्देश्य पूरा गर्न चाहने उनीहरूको मनोकाङ्क्षालाई नाकाम सावित गर्नु र उक्त सहमतिलाई शीघ्र एवम् प्रभावकारी कार्यान्वयनमा लैजानु नै यतिबेलाको हाम्रो मुख्य जिम्मेवारी हो । यही सहमतिको जगमा उभिएर सबै सकारात्मक शक्ति र व्यक्तिहरूलाई गोलबन्द गर्दै लोकतान्त्रिक गणतन्त्र र समावेशी लोकतन्त्रको स्थापना गर्नु वर्तमान समयको मुख्य कार्यभार हो । ■

# प्रवासी नेपाली जनअभियान

प्रवास । "जनक्रान्तिको स्वरूप ग्रहण गरेको शान्तिपूर्ण संयुक्त जनआन्दोलनले निरङ्कुश राजतन्त्रलाई परास्त गरेको छ । तर, राजतन्त्र परास्तै भइसकेको छैन । अब संविधानसभाको निर्वाचनमार्फत सदाका लागि राजतन्त्रलाई परास्त गरेर लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने आन्दोलनको मैदानमा नेकपा (एमाले) रहेको छ । अघिल्लो चरणको आन्दोलनमा प्रवासी नेपाली जनसमुदायले पुऱ्याएको योगदान अत्यन्त महत्त्वपूर्ण रह्यो । अबको यो आन्दोलनमा पनि प्रवासी नेपाली जनसमुदायलाई अझ प्रभावकारी र निर्णायक योगदान पुऱ्याउन आह्वान गर्दछु ।"

नेकपा (एमाले) केन्द्रीय कमिटीका तर्फबाट प्रवास क्षेत्रमा जिम्मेवार क. छविलाल विश्वकर्माले प्रवासी नेपाली सङ्घ ( भारत) ले सञ्चालन गरेको लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाका लागि प्रवासी नेपाली जनअभियानअन्तर्गत दिल्ली राज्यस्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्ने क्रममा उक्त विचार राख्नुभएको हो ।

प्रनेसङ्घ (भारत) केन्द्रीय समितिका सदस्य तथा दिल्ली राज्यका प्रमुख सल्लाहकार अशोक थापाको सभापतित्वमा लोकनाथ भण्डारीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा दिल्ली राज्यअन्तर्गतका १५ वटै नगरका कार्यकर्ताहरूको उपस्थिति थियो । कार्यक्रममा उक्त अभियानका राज्य उत्प्रेरकहरू टेकबहादुर केसी र मदन भारतीले अभियानले प्रवासी नेपालीहरूको चेतना जागृत पार्दै लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणमा ठोस योगदान पुऱ्याउने बताउनुभएको छ ।

कार्यकर्ता भेलाबाट प्रत्येक नगरमा बैठक, भेला, प्रशिक्षण, सांस्कृतिक कार्यक्रम, घरदैलो र श्रम शिविरहरू चलाउने निर्णय/कार्यक्रम बनाएको छ । ती कार्यक्रमका लागि जिम्मेवारीसमेत बाँडफाँट गरेको छ । श्रम शिविरबाट सङ्कलित रकम लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि केन्द्रीय काममा प्रेषित गरिने भएको छ ।

# संविधानसभाको निर्वाचन र लोकतान्त्रिक गणतन्त्र

' शङ्कर पोखरेल

## १. विषय प्रवेश

जनक्रान्तिको विशेषतासहितको ऐतिहासिक जनआन्दोलनको सफलतापछि मुलुक संविधानसभाका माध्यमबाट संविधान निर्माणको प्रक्रियामा प्रवेश गरेको छ । ऐतिहासिक जनआन्दोलनको सफलतापछि जनआन्दोलनबाट पुनःस्थापित प्रतिनिधिसभाले सर्वसम्मत निर्णयद्वारा संविधानसभामा जाने ऐतिहासिक निर्णय गऱ्यो । जेठ ४ को प्रतिनिधिसभाको ऐतिहासिक घोषणाले नेपालको इतिहासमा पहिलोपटक राजालाई राजनीतिक भूमिकाबाट अलग गरिदियो र जनताको भूमिका र पहलकदमीलाई स्थापित गर्ने काम गऱ्यो । यसकै पृष्ठभूमिका नै जनआन्दोलनको नेतृत्व गरेका सात राजनीतिक दलको संयुक्त सरकारले विद्रोही नेकपा (माओवाद) सँग जनआन्दोलनका क्रममा भएको १२ बुँदे सहमतिका आधारमा शान्तिवार्ताको प्रक्रिया अघि बढायो । सरकार र माओवादी तथा सात दल र माओवादीका बीचमा भएका पटक-पटकका वार्ता र सहमतिपछि कात्तिक २१ गतेका दिन ऐतिहासिक समझदारी भएको छ र मुलुक लोकतन्त्र, शान्ति र अग्रगमनको प्रक्रियामा अघि बढ्नसक्ने आधार तयार भएको छ । सात राजनीतिक दल र माओवादीका बीचमा भएको छबुँदे सहमतिका आधारमा आगामी जेठ महिनाभित्रै संविधानसभाको निर्वाचन हुने भएको छ ।

कात्तिक २१ गते मध्यरातमा सात दल र माओवादीका बीचमा भएको सहमतिपछि मुलुक जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने नयाँ चरणमा प्रवेश गरेको विश्वास गरिएको छ । उक्त सहमतिका आधारमा कात्तिक ३० गतेभित्र माओवादी र सरकारका बीचमा विस्तृत शान्ति-सम्झौता हुनेछ । मङ्सिर ५ गतेसम्म माओवादी सेना तोकिएका शिविरमा भेला हुने र हतियार भण्डारण गर्ने काम हुनेछ र संयुक्त राष्ट्रसङ्घद्वारा उनीहरूको प्रमाणीकरण र भण्डारणको काम गरिनेछ । नेपाली सेनालाई पनि ब्यारेकमा सीमित गरी अनुगमनको काम संयुक्त राष्ट्रसङ्घले गर्नेछ । मङ्सिर ५ गतेभित्र अन्तरिम संविधानलाई पूर्णता दिइनेछ । मङ्सिर १० गतेभित्र अन्तरिम संविधान जारी गरी अन्तरिम व्यवस्थापिका गठन गरिनेछ । मङ्सिर १५ सम्म नेकपा (माओवावादी) सहितको अन्तरिम मन्त्रिपरिषद् गठन गरिनेछ । यसरी मुलुकमा जारी भएको माओवादी सशस्त्र विद्रोहको समस्यालाई समाधान गरिने मार्गचित्र प्रस्तुत गरिएको छ । तर, समस्याको प्रकृति र प्रक्रियाका जटिलताका परिप्रेक्ष्यमा तयार गरिएको रोडम्यापअनुरूपको काम अघि बढाउने कुरामा भने अझै पनि आशङ्का गर्ने अवस्था विद्यमान रहेको छ । माओवादी सेनालाई मङ्सिर ५ गतेभित्र अस्थायी शिविरमा राख्ने, प्रमाणीकरण गर्ने, हतियार भण्डारण गर्ने र अनुगमन संयन्त्र जडान गर्ने कुरा भनेजति सहज कुरा हुने छैन । यसरी नै संयुक्त राष्ट्रसङ्घको सीमित जनशक्तिले माओवादीका २८ शिविर र नेपाली सेनाका एक सयभन्दा बढीको सङ्ख्यामा रहेका ब्यारेकमा अनुगमन व्यवस्था मिलाउने काम तोकिएकै समयमा हुने देखिँदैन । त्यसरी नै अन्तरिम संविधानलाई पूर्णता दिने सन्दर्भमा सात दल र माओवादीका बीचमा भएका सहमतिले निकै धेरै सहयोग पुऱ्याउने भए पनि त्यतिकै आधारमा अन्तरिम संविधानले पूर्णता पाइहाल्ने अवस्था देखिँदैन । यस सन्दर्भमा उत्पन्न हुने विवादले समेत समय लिनसक्ने अवस्थालाई पनि मार्गचित्रमा खासै ध्यान दिएको देखिँदैन । यसै गरी अन्तरिम संसद्मा पठाउने पुनःस्थापित प्रतिनिधिसभा र राष्ट्रियसभाका बहालवाला सदस्यहरूभन्दा बाहेकका प्रतिनिधिहरूको छनोटको विधि र प्रक्रिया के हुने भन्ने सन्दर्भसमेत नखुलाएका कारण पनि सम्बन्धित दलहरूभित्र विवाद उत्पन्न भएको अवस्थामा समेत अन्योल उत्पन्न हुन सक्छ । यस प्रकारको अवस्थालाई समाधान गरी अघि बढ्न सकिएको अवस्थामा भने संविधानसभाको निर्वाचन प्रक्रियाको औपचारिक प्रक्रिया अघि बढ्न सक्नेछ । दल र माओवादीका बीचमा संविधानसभाको निर्वाचन जेठ महिनाभित्रै गर्ने सहमतिसमेत भएका कारणले नेपालको सन्दर्भमा संविधानसभाको स्वरूप र प्रक्रिया कुन रूपमा अघि बढ्नेछ भन्ने विषयका बारेमा चर्चा चलाउनु आवश्यक देखिन्छ । यहाँ सोही पक्षलाई दृष्टिगत गरी संविधानसभाका विविधि पक्षका बारेमा चर्चा गरिएको छ ।

## २. अर्थ र परिभाषा

सामान्य अर्थमा संविधानसभा नयाँ संविधान निर्माणका लागि जनताबाट निर्वाचित गरिएका जनप्रतिनिधिहरूको सभा हो । संविधान निर्माणका सन्दर्भमा अहिलेसम्म प्रचलनमा आएका विभिन्न तरिकाहरूमध्येमा यो नै सबैभन्दा लोकप्रिय, सबैभन्दा जनआधारित र सबैभन्दा लोकतान्त्रिक प्रणाली हो । संविधानसभा जनसार्वभौमसत्ताको प्रयोगको सबैभन्दा सशक्त माध्यम पनि हो । यसै अर्थमा संविधानसभालाई संविधान निर्माणको सबैभन्दा प्रभावकारी विधिका रूपमा स्वीकार गरिनुका साथै जनसार्वभौमसत्ता प्राप्ति र प्रयोगको राजनीतिक लक्ष्य एवम् उद्देश्यका रूपमा समेत बुझ्ने गरिन्छ । नेपालको सन्दर्भमा संविधानसभालाई संविधान निर्माणको उपयुक्त विधि र प्रक्रियाका साथै जनसार्वभौमसत्ता प्राप्तिको राजनीतिक लक्ष्यका रूपमा समेत आत्मसात् गरिएको छ । यस अर्थमा संविधानसभा संविधान निर्माणको सबैभन्दा लोकतान्त्रिक विधिका साथै जनसार्वभौमसत्ता प्राप्ति र प्रयोगको सबैभन्दा सशक्त माध्यम हो र यो जनक्रान्तिको विशेषतासहितको ऐतिहासिक जनआन्दोलनले निर्धारण गरेको एउटा महत्त्वपूर्ण राजनीतिक लक्ष्य पनि हो ।

## ३. संविधानसभाको लक्ष्य

ऐतिहासिक जनआन्दोलनको आरम्भ गर्दा सात राजनीतिक दलहरूले निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनालाई नै आफ्नो मूल नारा बनाए । सात राजनीतिक दल र माओवादीका बीचमा सम्पन्न १२ बुँदे सहमतिले पनि त्यही राजनीतिक कार्यदिशालाई आत्मसात् गऱ्यो । निरङ्कुश राजतन्त्रको समाप्तिपछि लोकतन्त्रको संस्थागत विकासका सन्दर्भमा सात राजनीतिक दलहरूले प्रतिनिधिसभालाई प्रस्थानविन्दु र संविधानसभालाई निकास विन्दुका रूपमा अघि सारे । जबकि, माओवादीले राजनीतिक सम्मेलनका माध्यमबाट संविधानसभामा जानुपर्ने आफ्नो मार्गचित्र अघि सान्यो । दुवै पक्षले प्रक्रियागत रूपमा रहेका असहमतिलाई भविष्यमा हल गर्ने प्रतिबद्धतासहित १२ बुँदे सहमति गरे । सात राजनीतिक दल र माओवादीबीच कायम भएको १२ बुँदे सहमतिले पनि गणतन्त्रको लक्ष्य अघि सारेन । तर, सडकमा भने आन्दोलनकारीहरूले आमरूपमा नै राजतन्त्रका विरुद्धको नारा लगाए । राजतन्त्रप्रतिको घृणा र आक्रोश युवा र विद्यार्थी समुदायका बीचमा मात्र सीमित रहेन । सुरुदेखि अन्त्यसम्म पनि मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्मका सबै वर्ग, पेसा र समुदायका जनताले राजतन्त्रप्रतिको

घृणा र आक्रोश प्रकट गरिरहे । जनताको त्यो घृणा र आक्रोश जनविद्रोहको स्वरूपमा विकास हुँदै गएका कारणले नै महत्त्वाकाङ्क्षी राजाले आन्दोलनकारीहरूका सामु घुँडा टेक्न बाध्य हुनुपर्‍यो ।

जनआन्दोलनमा प्रकट भएको भावनालाई आत्मसात् गर्दै नेकपा (एमाले) ले नवौं केन्द्रीय कमिटीको बैठकका माध्यमबाट जनआन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा लैजाने ठहर गर्‍यो । नेकपा (एमाले) को उक्त निर्णयपछि नेपाली काङ्ग्रेसलगायतका संवैधानिक राजतन्त्रको पक्षमा रहँदै आएका बुर्जुवा सुधारवादी राजनीतिक दलहरूले राजतन्त्रनिरपेक्ष बनेको घोषणा गरे । यस प्रकारको अवस्थाले आन्दोलनको विकासमा महत्त्वपूर्ण भूमिका खेल्यो र आन्दोलनले लोकतान्त्रिक गणतन्त्रको दिशा समात्न सफल भयो । उपरोक्त अवस्थाका कारणले जनक्रान्तिको विशेषतासहितको ऐतिहासिक जनआन्दोलन लोकतान्त्रिक गणतन्त्रको पक्षको आन्दोलन हो भनेर भन्ने गरिन्छ । जनआन्दोलनको क्रममा प्रकट भएको उक्त भावनालाई आत्मसात् गरेर नेकपा (एमाले) को एघारौं बैठकले संविधानसभाका माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई मूल कार्यनीति बनाएको छ । नेपाली काङ्ग्रेसलगायतका आन्दोलनकारी बुर्जुवा सुधारवादी शक्तिहरूले आफूलाई राजतन्त्रनिरपेक्ष पार्टीका रूपमा प्रस्तुत गर्ने कोसिस गरिरहेकै छन् र संविधानसभाको अभिमतलाई स्वीकार गर्ने कुरा गरिरहेका छन् । राजसंस्थाप्रतिको विभिन्न राजनीतिक दलहरूको दलीय मान्यता संविधानसभाको समयमा जे भए पनि संविधानसभाले राजसंस्थाका बारेमा आवश्यक निर्णय लिन सक्छ भन्ने मान्यता भने जनआन्दोलनबाटै स्वीकार भइसकेको छ । यस अर्थमा लोकतान्त्रिक गणतन्त्रको स्थापनाको विषय संविधानसभाको सर्वाधिक महत्त्वको विषय हो । यो नै संविधानसभाको राजनीतिक लक्ष्य पनि हो ।

संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि प्रक्रियागत हिसाबले तीन प्रकारका तरिकाहरू प्रयोग गर्न सकिन्छ । पहिलो संविधानसभाका निर्वाचनका बेलामा नै संवैधानिक राजतन्त्र कि लोकतान्त्रिक गणतन्त्र भन्ने विषयमा जनमतसङ्ग्रह गर्ने । यसो गरिएको अवस्थामा सुरुदेखि नै एउटा स्पष्ट दिशानिर्देशका आधारमा संविधान निर्माण गर्न सम्भव हुनेछ । दोस्रो, संविधानसभाको निर्वाचनबाट चुनिएका प्रतिनिधिहरूले स्पष्ट बहुमतका आधारमा राजतन्त्रका बारेमा सुरुमै टुङ्गो लगाउने र संविधान निर्माणको प्रक्रिया अघि बढाउने । र, तेस्रो, संविधानसभाले राजतन्त्रका बारेमा स्पष्ट रूपमा निर्णय गर्न समस्या उत्पन्न भएको अवस्थामा राजतन्त्र बाहेकका विषयमा पूर्ण संवैधानिक व्यवस्थाहरू कायम गरेर राजतन्त्रका विषयमा जनमतसङ्ग्रह गर्ने । नेपालका सन्दर्भमा माथि उल्लेख गरिएका मध्ये संविधानसभाको निर्वाचनका क्रममा गरिने जनमतसङ्ग्रहका माध्यमबाट राजतन्त्रको भविष्यको निरूपण गर्ने कुरा सबैभन्दा उपयुक्त विधि हुन सक्थ्यो । तर, नेकपा (एमाले) को असहमतिका बाबजुद सात राजनीतिक दल र माओवादीका बीचमा संविधानसभाको पहिलो बैठकले राजतन्त्रको भविष्यको निरूपण गर्ने टुङ्गो गरिसकेको छ ।

संविधानसभाको पहिलो बैठकबाट साधारण बहुमतले राजतन्त्रका बारेमा निर्णय गर्ने कुरामा सहमति कायम भएको अवस्थामा यो विधिलाई लोकतान्त्रिक गणतन्त्रको प्राप्तिको दिशामा कसरी अघि बढाउने भन्ने विषयमा ध्यान केन्द्रित गरिनुपर्दछ । संविधानसभाको निर्वाचनमा कुनै पनि राजनीतिक दल र उम्मेदवार कुनै खास एजेण्डामा मात्र केन्द्रित भएर प्रस्तुत नहुने भएका कारणले संविधानसभाको निर्वाचनमा जितेको उम्मेदवार र राजनीतिक दलले जनताको म्यान्डेटलाई आफ्नो स्वार्थअनुकूल व्याख्या गर्न सक्ने खतरा रहन्छ । अर्कोतिर, संविधानसभामा गणतन्त्रको पक्षमा उभिँदै आएको व्यक्तिसमेत दलको निर्णयका कारणले गणतन्त्रको विपक्षमा उभिने अवस्था आउन सक्छ । जनताको बीचमा जाँदा गणतन्त्रको एजेन्डा लिएर गएको पार्टीले समेत संविधानसभाको बैठकमा परिस्थितिको जटिलताको व्याख्या गर्दै आफ्नो दृष्टिकोणमा नै संस्थागत हिसाबले परिवर्तन गर्ने सम्भावना रहन्छ । त्यति मात्र होइन, राजतन्त्रवादीहरूले संविधानसभाबाट राजतन्त्रको निर्णय गर्नु उपयुक्त हुँदैन भनेर खिचलो गर्ने सम्भावना रहन्छ । संविधानसभामा निर्वाचित भएका दल र प्रतिनिधिहरूलाई समेत विभिन्न शक्तिकेन्द्रहरूले दबाब दिने र प्रलोभनमा पार्ने सम्भावना ज्यादा रहन्छ । यस प्रकारको स्थितिलाई सामना गर्ने हिसाबले गणतन्त्रका पक्षमा रहेका जनताले आफ्नो अभिमत स्पष्टतः गणतन्त्रको पक्षमा संस्थागत निर्णय गरेका राजनीतिक दलका उम्मेदवारहरूलाई प्रदान गर्नुपर्दछ र गणतन्त्रको पक्षमा फैसला नहुञ्जेलसम्म निरन्तर निगरानी र दबाब बनाइरहने काम गर्नुपर्दछ ।

यदि कुनै कारणवश संविधानसभाको पहिलो बैठकले गणतन्त्रको पक्षमा फैसला गर्न सकेन वा सेरेमोनियल राजतन्त्रका पक्षमा फैसला गर्‍यो भने निश्चित प्रक्रियाअन्तर्गत जनमतसङ्ग्रहको माग गर्न पाउने र संविधानसभा वा संसद्को बहुमतले जनमतसङ्ग्रहको निर्णय गर्ने अधिकार कायम गर्नुपर्दछ । यस प्रकारको अधिकारले नै अहम् महत्त्वका पक्षहरूमा जनताको भूमिकालाई समृद्ध बनाउने काम गर्दछ ।

## ४. संविधानसभाको उद्देश्य र अधिकार

संविधानसभा केका लागि ? सुरुदेखि नै नेपालको राजनीतिमा चलिरहेको बहसको विषय हो । संविधानसभाको पक्षमा रहनेहरूले समेत यस प्रश्नको जवाफ दिने सन्दर्भमा समग्र पक्षलाई प्रस्तुत गरेको देखिँदैन । कसैले संविधानसभालाई माओवादी समस्याको समाधानको सूत्रका रूपमा प्रस्तुत गरे । आफ्नै त्यही विश्वासका आधारमा संविधानसभाको पक्षपोषण गर्दै आए । कसैले संविधानसभालाई राजतन्त्रको समाप्तिको औजारका रूपमा लिए । कतिले संविधानसभालाई जनताको सार्वभौमसत्ताको उच्चतम् प्रयोगका रूपमा लिए । कतिपयले नेपाली समाजमा विद्यमान आर्थिक-सामाजिक द्वन्द्वको परिप्रेक्ष्यमा संविधानसभाको निर्वाचनको आवश्यकतालाई महसुस गरे । त्यही रूपमा संविधानसभाको औचित्य र आवश्यकताको वकालत गरे । जसले जुन रूपमा बुझ्े पनि सबैको बुझाइको समष्टिगत विश्लेषण गर्ने हो भने नेपालको परिप्रेक्ष्यमा संविधानसभाको निर्वाचनका तीन आधारभूत उद्देश्य रहेका छन् । पहिलो राजा र जनताका बीचमा अधिकारका लागि दुई सय ३८ वर्षदेखि चलिरहेको सङ्घर्षलाई सधैंका लागि टुङ्गो लगाउने, दोस्रो ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात् जनआन्दोलनका उपलब्धिहरूलाई अस्वीकार गर्दै ०५२ फागुन १ गतेदेखि जनयुद्धका नाममा सशस्त्र सङ्घर्षमा उत्रिएको नेकपा (माओवादी) लाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउने र तेस्रो नेपाली समाजमा विद्यमान आर्थिक-सामाजिक विभेद र द्वन्द्वलाई राज्यको पुनःसंरचना र समावेशी

लोकतन्त्रका माध्यमबाट सम्बोधन गर्ने । यिनै उद्देश्यसँग जोडिएका कारणले नै जनआन्दोलनका क्रममा संविधानसभा दल-माओवादी र नागरिक आन्दोलन सबैको साझा माग बन्न पुग्यो । संविधानसभालाई राजनीतिक सङ्कटको साझा निकासविन्दु बनाउन सकेका कारणले नै संयुक्त जनआन्दोलन एक्काइसौँ शताब्दीकै सर्वाधिक उल्लेखनीय र ऐतिहासिक परिघटना बन्न पुग्यो ।

संविधानसभाको मूल काम भनेको राज्यको मूल कानुन अर्थात् नयाँ संविधान निर्माण गर्ने कुरा नै हो । सामान्यतया एउटा राजनीतिक व्यवस्थाबाट अर्को राजनीतिक व्यवस्थामा प्रवेशका लागि नै संविधानसभाको निर्वाचन हुने गर्दछ । जनआन्दोलन वा जनक्रान्तिका माध्यमबाट अभिव्यक्त भएको जनचाहनालाई आत्मसात् गरेर संविधानको निर्माण गर्ने कुरा नै संविधानसभाको मूल पक्ष हो । संविधासनसभाको प्रयोग सङ्क्रमणकालीन राजनीतिक अवस्थामा नै हुने गर्दछ । यस्तो बेलामा पुरानो संवैधानिक व्यवस्थाअन्तर्गतको जनप्रतिनिधिमूलक संस्था असान्दर्भिक भएको र नयाँ संवैधानिक व्यवस्था निर्माण भई तदनुरूपको प्रतिनिधिमूलक संस्था गठन नभइसकेको अवस्थामा संविधानसभालाई नै जनभावनाअनुरूपको संसद् र सरकार गठनको कामको जिम्मेवारीसमेत दिने गरिन्छ । नेपालको परिप्रेक्ष्यमा संविधानसभालाई के-कस्ता अभिभाराहरू सुम्पने भन्ने अझै स्पष्ट नभए पनि संविधानसभालाई संविधानसभाका अतिरिक्त जनप्रतिनिधिसभाका अन्य जिम्मेवारी र दायित्वहरू प्रदान गर्नु उपयुक्त हुनेछ । तर, कुनै पनि बहानामा जनअनुमोदनबिनाको अन्तरिम सरकार र त्यसअन्तर्गतका व्यवस्थालाई लामो समयसम्म कायम राख्नु उचित हुँदैन ।

## ५. विधि र प्रक्रिया

संविधानसभाको निर्वाचनका लागि कस्तो प्रकारको विधि र प्रक्रिया अवलम्बन गर्ने भन्ने कुरा त्यत्तिकै महत्त्वपूर्ण कुरा हो । संविधानसभाको निर्वाचनमा राष्ट्रिय प्रतिबद्धता प्रकट भइसकेको मिश्रित चुनाव प्रणालीमा जाने सहमति भए पनि संविधानसभाको समग्र विधि र प्रक्रियाका बारेमा सर्वसाधारण जनता मात्र होइन, आन्दोलनको नेतृत्व गरिरहेका राजनीतिक दलका नेतृत्वकर्ताहरूसमेत स्पष्ट भइनसकेको अवस्था छ । त्यसैले संविधानसभाको निर्वाचन हुनुभन्दा अगावै संविधानसभाको विधि र प्रक्रिया निरूपण गरी आमजनतालाई त्यसका बारेमा सुसूचित गरिनुपर्दछ । यस सन्दर्भमा निम्न पक्षहरू विशेष उल्लेखनीय रहेका छन् :

### ५.१. निर्वाचन आयोग

वर्तमान निर्वाचन आयोगलाई नै संविधानसभाको निर्वाचनको जिम्मेवारी प्रदान गर्ने सहमतिका आधारमा निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तहरूको नियुक्तिसमेत भइसकेको अवस्था छ । वर्तमान निर्वाचन कानुनहरू संसदीय निर्वाचनको प्रयोजनका लागि तयार गरिएको हुँदा त्यसअन्तर्गतको निर्वाचन ऐन र कानुनद्वारा संविधानसभाको निर्वाचन सम्पन्न गर्न सम्भव हुँदैन । यसका लागि अन्तरिम संसद्ले सबैभन्दा पहिलो संविधानसभाको निर्वाचन प्रयोजनका लागि आवश्यक कानुन बनाउनुपर्दछ । निर्वाचन आयोगलाई मतदाता नामावली अद्यावधिक गर्ने, संविधानसभाका पक्षमा जनचेतना अभियान सञ्चालन गर्ने र भयरहित वातावरणमा स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित ढङ्गले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने दायित्व रहन्छ । संविधानसभाको निर्वाचनको प्रयोजनका लागि समेत मतदाताको उमेर १८ वर्ष कायम राख्ने सहमति भएको छ । यस सन्दर्भमा कुन वर्षलाई आधार मानेर मतदाता नामावली तयार गर्ने भन्ने कुराको निरूपण गरिनुपर्दछ । निर्वाचन आयोगलाई निर्वाचनका क्रममा हुने अवाञ्छित क्रियाकलापलाई नियन्त्रण गर्ने र त्यस प्रकारका क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई दण्डित गर्ने र अवाञ्छित क्रियाकलापका कारणले निर्वाचन प्रक्रिया नै प्रभावित भएको देखिएमा त्यसलाई वदर गरी पुनः निर्वाचन गराउने अधिकारसमेत रहने गर्दछ । यस अर्थमा संविधानसभाको निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने गर्दछ । अघिपछिको निर्वाचनमा हुने विवादले निश्चित समयपछि निकास पाउन सक्छ तर संविधानसभाको निर्वाचनमा हुने विवादले मुलुकलाई लामो समयसम्म विवादमा फसाउन सक्छ । यस्तो स्थितिमा निर्वाचन आयोगको कामलाई संविधानसभाको निर्वाचनका सन्दर्भमा विशेष महत्त्वका साथ हेरिनुपर्दछ ।

### ५.२. संविधानसभाको स्वरूप

संविधानसभाको विधि र प्रक्रियाका सन्दर्भमा संविधानसभाको स्वरूप कस्तो हुने भन्ने प्रश्न अत्यन्त महत्त्वपूर्ण प्रश्न हो । कतिपय मुलुकमा परोक्ष निर्वाचनको विधिबाट समेत संविधानसभाको गठन गरिन्छ । कतिपय मुलुकमा जनताबाट निर्वाचित प्रतिनिधिसभालाई नै संविधानसभाको अधिकार दिइन्छ । कतिपय मुलुकमा संविधानसभालाई दुई सदनात्मक व्यवस्थाअन्तर्गत गठन गरी संविधानसभाको काम गर्ने जिम्मेवारी दिइएको हुन्छ । तर, हामीकहाँ मिश्रित चुनाव प्रणालीअन्तर्गतको एक सदनात्मक संविधानसभाको स्वरूपमा सहमति कायम गरिएको छ । यसअन्तर्गत तीन प्रकारको निर्वाचन प्रणालीलाई आत्मसात् गरिएको छ । बहुमतीय निर्वाचन प्रणालीबाट दुई सय पाँच जना, समानुपातिक निर्वाचन प्रणालीबाट दुई सय चार जना र प्रधानमन्त्रीबाट सहमतिका आधारमा मनोनीत गरिने १६ जनासमेत गरी चार सय २५ जनाको संविधानसभा गठन गरिने सहमति दल र माओवादीका बीचमा भएको छ । यद्यपि, नेपालजस्तो मुलुकका लागि संविधानसभाको यो सङ्ख्या निकै ठूलो हो । यति ठूलो संविधानसभाबाट संविधान निर्माणको प्रक्रियामा निकै जटिलता उत्पन्न हुनसक्छ । चार सय २५ सदस्यीय संविधानसभामा सहमति भइसकेको अवस्थामा संविधान निर्माणको प्रक्रिया जटिल र असफल नहोस् भन्नका लागि पहिले नै दलहरूका बीचमा अधारभूत संवैधानिक सिद्धान्तका बारेमा सहमति कायम गर्ने कोसिस गरिनुपर्दछ । अन्यथा संविधानसभाको यो सङ्ख्या नै संविधानसभाको असफलताको कारणसमेत बन्न पुग्नेछ ।

### ५.३. निर्वाचन प्रणाली

हामीकहाँ संसदीय अभ्यासक्रममा देखिएको असन्तुलित प्रतिनिधित्वको अवस्थाका कारणले निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने आवाज जनआन्दोलनका क्रममा निकै बलशाली भएर अघि आयो । जनताको उक्त अभिमतलाई आधार बनाएर

राजनीतिक दलहरूले समावेशी चरित्रको निर्वाचन प्रणाली अवलम्बन गर्ने कुरा अघि सार्दै आए । तर, अहिले आएर दलहरूले समानुपातिक निर्वाचन प्रणालीलाई आंशिक रूपमा मात्र स्वीकार गरेको अवस्था छ । चार सय २५ सदस्यीय संविधानसभामा दुई सय चार जना सदस्य मात्र समानुपातिक निर्वाचन प्रणालीबाट छनोट हुने भएका छन् । सबै जनताको भावनाको प्रतिनिधित्व गराउन सम्भव हुने भएका कारणले नै संविधानसभाका लागि समानुपातिक निर्वाचन प्रणालीलाई सबैभन्दा उपयुक्त मान्ने गरिन्छ । समानुपातिक निर्वाचन प्रणालीमा कुनै पनि मतदाताले चुनावमा हार्नु पर्दैन । समानुपातिक निर्वाचन प्रणालीमा प्रत्येक मतदाताको मतको प्रतिनिधित्व हुन सक्दछ । यसका साथै समावेशीकरणका लागि त समानुपातिक निर्वाचन प्रणाली नै सबैभन्दा उपयुक्त विधि हो । विगतमा हामीकहाँ अभ्यासमा रहेको बहुमतीय प्रणालीमा केही जनताले जित्ने र केही जनताले हार्ने अवस्था हुन्छ । कतिपय अवस्थामा बहुमतीय चुनाव प्रणालीमा बहुमत जनताले खसालेको मत खेर जाने र अल्पमत जनताले चुनेका प्रतिनिधिहरूले जित्ने अवस्था आउँछ । समावेशीकरणका हिसाबले समेत बहुमतीय प्रणाली प्रतिकूल मानिने गर्दछ । यही पृष्ठभूमिमा नै नेकपा (एमाले) ले संविधानसभाका लागि समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनुपर्ने कुरामा जोड दिएको थियो । तर, आमजनताको चाहना र एमालेको भिन्न मतका बाबजुद समानुपातिक प्रणालीलाई अस्वीकार गरियो । दल र माओवादी बीच भएको सहमतिका आधारमा अब दुई सय पाँच जना संविधानसभाका प्रतिनिधिहरू पुरानै निर्वाचन प्रणालीअन्तर्गत दुई सय पाँच निर्वाचन क्षेत्रबाट निर्वाचित हुनेछन् । दुई सय चार जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुनेछन् । समानुपातिक निर्वाचनका लागि दुई सय पाँच निर्वाचन क्षेत्रका उम्मेदवारहरूले प्राप्त गरेको मतलाई आधार बनाउने कि अलग्गै मतपत्रको व्यवस्था गर्ने भन्ने कुरा अझै टुङ्गो लागिसकेको छैन । यसमा जुनसुकै विधि प्रयोग गरिए पनि दलहरूले प्राप्त गरेको कुल मतका आधारमा उनीहरूले दुई सय चार सिटबाट सोही अनुपातमा संविधानसभामा आफ्ना प्रतिनिधिहरू पठाउन पाउने छन् । त्यसका लागि दलहरूले निर्वाचनअगावै समानुपातिक सूची प्रकाशित गर्नुपर्ने हुन्छ । १६ जना भने संविधानसभाको निर्वाचनपछि सहमतिका आधारमा प्रधानमन्त्रीबाट मनोनीत गरिने व्यवस्था गरिएको छ । दलहरूले उम्मेदवारहरू सूचीकृत गर्दा उत्पीडित जाति, क्षेत्र, मधेसी, महिला, दलितलगायत अन्य वर्गसमेतको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने व्यवस्थासमेत गरिएको छ ।

मिश्रित चुनाव प्रणालीमा चुनावी गठबन्धनको सम्भावना बहुमतीय प्रणालीमा भन्दा कम हुन्छ र जित्ने उम्मेदवारका पक्षमा मतदाताहरूको ध्रुवीकरणको सम्भावनासमेत कम रहन्छ । उम्मेदवारहरूले प्राप्त गरेको मतका आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको अवस्थामा प्रत्येक दलहरूले आफ्नो उम्मेद्वारले जित्ने सम्भावना कम रहँदा रहँदै पनि समानुपातिक चुनावका हिसाबले आफ्नो मतलाई सुरक्षित गर्ने प्रयास गर्न खोज्दछ । बहुमतीय र समानुपातिक निर्वाचनका लागि अलग-अलग मत प्रयोग गरिएको अवस्थामा मतदाताहरूको राजनीतिक ध्रुवीकरणको सम्भावना अझै कम भएर जानेछ । मतदाताको एउटा ठूलो हिस्साले एकैपटक दुई भिन्न विचारलाई मतदान गर्ने सम्भावना पनि रहन्छ । यसले मतदातालाई राजनीति रूपले ध्रुवीकरण गर्ने र दीक्षित गर्ने कुरासमेत अझ जटिल बन्न पुग्नेछ ।

**५.४. संविधान निर्माणको प्रक्रिया**

जहाँसम्म संविधानसभाले संविधान कसरी निर्माण गर्ने भन्ने कुरा छ, त्यो संविधानसभाको निर्वाचनपछि संविधानसभा आफैँले तय गर्ने कुरा हो । तर, संविधान निर्माणको प्रक्रियालाई हदैसम्मको जनसहभागितामूलक प्रक्रियामा लैजान जोड दिनुपर्दछ । संविधान निर्माणमा जनताको सहभागिता वृद्धि गर्ने हिसाबले जनचेतना अभियान सञ्चालन गरिनुपर्दछ । त्यसपछि संविधानका अन्तरवस्तुका बारेमा बहस सञ्चालन गरिनुपर्दछ । संविधानसभाको निर्वाचनका समयमा राजनीतिक दलहरूका तर्फबाट प्रमुख मुद्दाहरूमा अनिवार्य रूपमा दलीय दृष्टिकोणसहितको चुनावी घोषणापत्र जारी हुने संवैधानिक व्यवस्था कायम गरिनुपर्दछ । यस प्रकारको व्यवस्थाबाट नै आममतदाताले निर्वाचनका माध्यमबाट संविधान निर्माणमा सहभागी बन्न पाउनेछन् । त्यसपछि संविधानसभाले कमिटी प्रणालीलाई अवलम्बन गरेर संविधानको मस्यौदाको काम अघि बढाउनुपर्दछ । संविधान मस्यौदाको काम थालनी गर्नुभन्दा पहिले नयाँ संविधानको प्रस्तावना र आधारभूत सिद्धान्तहरूका बारेमा टुङ्गोमा पुग्नुपर्दछ । संविधानका अन्य प्रश्नहरूको विवादले आधारभूत मूल्यहरूमै विवाद सिर्जना भई संविधान निर्माणको प्रक्रिया नै अवरुद्ध नहोस् भन्नका लागि यस्तो गर्नु उपयुक्त हुनेछ । जहाँसम्म संविधानसभाको निर्णय प्रक्रियाको कुरा छ, त्यो पनि संविधानसभा आफैँले तय गर्ने विषय हो । तर, पनि संविधानसभाबाट संविधान निर्माणको प्रक्रिया अघि बढाउँदा सकेसम्म सहमतिका आधारमा टुङ्गोमा पुग्ने विधि अवलम्बन गरिनुपर्दछ । जुन-जुन विषयमा गम्भीर विवाद उत्पन्न हुन्छ, त्यस्ता विषयहरूमा विकल्पको खोजी गरेर भए पनि सर्वसम्मति जुटाउने प्रयत्न हुनुपर्दछ । कुनै पनि विकल्पमा सहमति हुन नसकेको अवस्थामा बहुमतका आधारमा निर्णयमा पुग्ने विधि अवलम्बन गरिनु उपयुक्त हुन्छ ।

**५.५. संविधानको घोषणा**

संविधानसभा जनताको सार्वभौमसत्ताको वास्तविक प्रयोगसमेत भएका कारणले संविधानसभाले बनाएको संविधानसभाको घोषणा जनताका तर्फबाट संविधानसभा आफैँले गर्नुपर्दछ । संविधानसभा आफैँ जनताबाट निर्वाचित प्रतिनिधि भएका कारणले जनताका तर्फबाट संविधानसभा आफैँले पनि त्यस्तो घोषणा गर्न सक्दछ । कतिपय मुलुकमा जनताका तर्फबाट बनेको संविधान हो भन्नका लागि अन्त्यमा जनतामा लगेर जनमतसङ्ग्रहका माध्यमबाट अनुमोदन गराउने प्रचलन पनि देखिन्छ । जे भए पनि संविधानको घोषणा प्रक्रियामा जनताको भूमिकालाई स्थापित गरिनुपर्दछ । यस प्रकारको घोषणाले जनतालाई वास्तवमै राष्ट्रको मालिक भएको अनुभूति प्रदान गर्नेछ र संविधानप्रतिको आमजनताको स्वामित्वभाव पनि बढेर जानेछ । यसरी आयोजना गरिने संविधानसभाको सफलताले नेपालको परिप्रेक्ष्यमा राजाले संविधान दिने पुरानो अध्यायको समाप्ति गर्नेछ र जनतालाई पूर्ण रूपमा स्वतन्त्र भएको अनुभूति र गौरव प्राप्त हुनेछ ।

**५.६. संवैधानिक अदालत**

संविधानसभाको निर्वाचन र संविधान निर्माणको प्रक्रियामा उत्पन्न विवादको कानुनी उपचारका लागि संवैधानिक अदालतको आवश्यकता पर्दछ । दल र माओवादीका बीचको सहमतिमा संविधानसभासम्बन्धी विवादहरूको निरूपण गर्नका लागि संवैधानिक अदालतको व्यवस्था गर्ने कुरा उल्लेख गरिएको छ । तर, त्यसलाई कस्तो प्रकारको अधिकार प्रदान गर्ने भन्ने कुरा उल्लेख गरिएको छैन । संविधानसभाको निर्वाचनका क्रममा उत्पन्न विवादको समाधानको प्रारम्भिक दायित्व निर्वाचन आयोगको नै हुन्छ र त्यो नै उपयुक्त विधि पनि हो । संवैधानिक अदालतको दायित्व संविधान निर्माणको प्रक्रियासम्बन्धी प्रश्नमा नै ज्यादा केन्द्रित गर्नु उपयुक्त हुन्छ । संविधानसभाको निर्वाचनपूर्व संवैधानिक सिद्धान्तहरूमा सहमति कायम गरिएको अवस्थामा उक्त सिद्धान्तका आधारमा संविधान निर्माण भए/नभएको हेर्न र संविधानसभाबाट निर्माण भएको संविधानलाई संवैधानिकताका हिसाबले परीक्षण गर्नका लागि समेत संवैधानिक अदालतको गठन गर्ने प्रचलन रहेको पाइन्छ । यस सम्बन्धमा हामीकहाँ के कस्तो व्यवस्था गर्ने भन्ने विषयमा समेत पूर्वसहमति कायम गर्नु उपयुक्त हुनेछ ।

**६. निष्कर्ष**

कात्तिक २१ गते मध्यरातमा भएको सहमतिका आधारमा मुलुक संविधानसभाको निर्वाचन प्रक्रियामा प्रवेश गरेको ठानिए पनि उक्त सहमतिको कार्यान्वयन प्रक्रियामा उत्पन्न हुने जटिलताले संविधानसभाको प्रक्रियालाई जटिल बनाइदिन सक्छ । शान्तिवार्ता प्रक्रियामा हतियारलाई आफ्नो निकट राख्ने कुरामा काङ्ग्रेसलाई सहमत गराउने नाममा माओवादी राजनीतिक एजेण्डामा आफ्नो अडानका विपरीत सम्झौता गर्न पुगेको देखियो । शान्तिवार्ता प्रक्रियामा नेपाली काङ्ग्रेसले पनि वामपन्थी शक्तिहरूको मत विभाजन गर्ने सोचका आधारमा माओवादीलाई एमालेको हैसियत प्रदान गरेर आफ्ना राजनीतिक एजेण्डामा सहमत बनाउने अवसरवादी नीति लिएको देखियो । भोलिका दिनहरूमा पनि जनभावना प्रतिकूल यस प्रकारका चालबाजीहरू नदेखिएलान भन्न सकिँदैन । त्यसरी नै संविधानसभाको निर्वाचनलाई परिवर्तनको पक्षमा जान नदिनका लागि दक्षिणपन्थीहरूका बीचमा गठबन्धनको प्रयास नहोला भन्न सकिँदैन । पछिलो समयमा राजाको 'माघ १९' को कदमको प्रमुख सहयोगी बन्न पुगेको राप्रपा कमल थापा समूहका नेता रवीन्द्रनाथ शर्माले प्रजातान्त्रिक मोर्चा गठनका लागि अघि सारेको प्रस्तावलाई समेत यसै षड्यन्त्रको कडीका रूपमा हेरिनुपर्दछ । यसरी नै जनआन्दोलनबाट पराजित भएका राजाले पनि अँध्यारो कोठामा बसेर संविधानसभाका विपक्षमा षड्यन्त्र नगर्लान् भन्न सकिँदैन । माओवादीका अवसरवादमा आधारित अराजक क्रियाकलापहरू, नेपाली काङ्ग्रेसको यथास्थितिवादी र सम्झौतापरस्त नीति तथा अन्य साना वामपन्थी दलहरूमा रहेको काङ्ग्रेसको पुच्छर बन्ने चिन्तनका कारणले पनि संविधानसभाका माध्यमबाट जनआन्दोलनको भावनालाई संस्थागत गर्ने प्रक्रिया सङ्कटमा नपर्ला भन्न सकिँदैन । यस प्रकारको स्थिति आउन नदिनका लागि एमाले पङ्क्तिले पार्टीको सही विचार र दृष्टिकोणका पक्षमा एकताबद्ध रूपमा जनआन्दोलनको भावनालाई संस्थागत गर्ने प्रक्रियामा जनतालाई परिचालित गर्ने काम गर्नुपर्दछ । दल र माओवादीका बीचमा भएको शान्तिवार्ताको टेबुलमा पार्टीले जनआन्दोलनको भावनाको प्रतिनिधित्व गर्दै असहमतिका बुँदाहरूलाई समेत प्रस्तुत गरेको छ । यसको जगमा उभिएर सबैखाले अवसरवादीलाई परास्त गरी लोकतान्त्रिक गणतन्त्रको पक्षमा संविधानसभालाई सार्थक बनाउनका लागि अग्रसर हुनुपर्दछ । संविधानसभाको सार्थकता लोकतान्त्रिक गणतन्त्रबाट मात्रै पुष्टि गर्न सकिने छ ।

▪

# राज्य पुनःसंरचनासम्बन्धी नीति

**१. राज्यको चरित्र र स्वरूप**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक हिसाबले विविधतायुक्त मुलुक भएको हुँदा बहुलता नेपाली समाजको विशेषता हो र यसको आफ्नै प्रकारको विशिष्ट स्वरूप रहेको छ । यस प्रकारको समाजमा राज्यको चरित्र र स्वरूप कस्तो हुने भन्ने विषय राज्यको पुनःसंरचनाको सर्वाधिक महत्त्वको विषय हो । नेपालको राज्यसत्ताको वर्तमान चरित्र एकात्मक र शासनसत्ताको स्वरूप केन्द्रीकृत रहेको छ । नेपाली समाजको सामाजिक विशेषता र विशिष्टताका आधारमा जनआन्दोलनका क्रममा व्यक्त भावना र पछि परेको/पारिएको समुदायको आकाङ्क्षासमेतका हिसाबले नेपाल राज्यको चरित्र सङ्घात्मकतामा आधारित हुने र शासन प्रणाली केन्द्र, प्रदेश र स्थानीय निकायका बीचमा अधिकार र कर्तव्यको स्पष्ट बाँडफाँट गरिएको स्वशासनको ढाँचामा आधारित हुनेछ । यसअन्तर्गत नेपाल जातीय, भाषिक, सांस्कृतिक र प्रादेशिक स्वायत्ततामा आधारित अखण्ड, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न राज्यराष्ट्रका रूपमा रहने छ । उपरोक्त नीतिअन्तर्गत रहेर राज्यको पुनःसंरचना गर्दा एकात्मक र सङ्घात्मक राज्यका सकारात्मक विशेषता र हाम्रो आफ्नै मुलुकका राम्रा अनुभवहरूलाई समेत समेटिने छ । यसअन्तर्गत विशेषतः पछि परेका सबै वर्ग र समुदायको सहभागिता र भूमिकालाई सुनिश्चित गरिनेछ ।

**२. राजनीतिक र प्रशासनिक एकाइको विभाजन**

सङ्घात्मकतामा आधारित नयाँ राजनीतिक र प्रशासनिक एकाइको विभाजन गर्दा भौगोलिक अवस्थिति, जनसङ्ख्या र जातिगत बसोवासको अवस्था, मातृभाषा र भाषाको प्रयोगको अवस्था, सांस्कृतिक सम्मिलनको अवस्था, प्रशासनिक सुगमता, आर्थिक-सामाजिक अन्तरसम्बन्ध, साधन-स्रोतको उपलब्धता र ऐतिहासिकताजस्ता पक्षलाई आधार बनाइनेछ। उपरोक्त नीतिअनुरूप राजनीतिक र प्रशासनिक क्षेत्रको विभाजन गर्दा जातीय समुदायका सघन बसोवासका क्षेत्रहरू, भाषिक सघनताका क्षेत्रहरू र विशिष्ट सांस्कृतिक क्षेत्रहरूलाई सकेसम्म एउटै राजनीतिक र प्रशासनिक एकाइमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ। राजनीतिक ढाँचाबिनाको प्रशासनिक ढाँचा जनताप्रति उत्तरदायी हुँदो रहेनछ भन्ने हाम्रो आफ्नै अनुभवसमेतका आधारमा राजनीतिक एकाइसहितको प्रशासनिक ढाँचा निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

सङ्घात्मकतामा आधारित शासनको ढाँचा तीन तहको हुनेछ। यद्यपि, प्रदेशको सङ्ख्या कम भएको अवस्थामा भने तहगत ढाँचा बढाउनुपर्ने हुनसक्छ। यसअन्तर्गत एउटा बहुजातीय केन्द्रीय संरचना हुनेछ। केन्द्रभन्दा मुनि नेपाली विशेषताअनुरूपका विधायकी अधिकारसहितका बहुजातीय प्रदेशहरू रहने छन्। त्यसभन्दा तल स्थानीय निकायको वर्तमान संरचनालाई माथि उल्लेख गरिएको नीतिका आधारमा पुनःसंरचना गरिनेछ।

**३. केन्द्र, प्रदेश र स्थानीय निकायको अधिकार तथा कर्तव्य**

सङ्घात्मकतामा आधारित केन्द्र, प्रदेश र स्थानीय निकायको राजनीतिक र प्रशासनिक संरचनाको विकास गर्दा सबै तहको अधिकार र जनताप्रतिको उसका दायित्वहरूका बारेमा सुस्पष्टता आवश्यक हुन्छ। नेपालको सन्दर्भमा **केन्द्रसँग** राष्ट्रिय सुरक्षा, वैदेशिक सम्बन्ध, केन्द्रीय बैंक, मुद्रा र वित्तीय प्रणाली, रेल्वे, हवाई उडान र प्रमुख राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, मानवअधिकार र मौलिक अधिकारको संरक्षण, सर्वोच्च अदालत, भन्सार राजस्व, ठूला जलविद्युत् आयोजना, बहुप्रादेशिक प्राकृतिक सम्पदाहरूको बाँडफाँट र प्रादेशिक विवादहरूको समाधानजस्ता अधिकार र त्यसअन्तर्गतका नागरिकप्रतिका दायित्वहरू निहित रहने छन्। **प्रादेशिक** तहमा विधायिकी अधिकारसहितको संसद्, सार्वजनिक सुरक्षा, व्यापार, उद्योग र श्रम व्यवस्था, सडक, जङ्गल, जल र जमिनको व्यवस्थापन र उपयोग, शिक्षा र स्वास्थ्यको प्रबन्धजस्ता अधिकारहरू र त्यसअन्तर्गतका नागरिक दायित्वहरू रहने छन्। **स्थानीय तहमा** स्थानीय सडकहरूको निर्माण र संरक्षण, ग्याँस, विद्युत् र जलआपूर्ति, सरसफाइ, स्थानीय योजनाहरू, स्थानीय कर, सार्वजनिक शिक्षा र स्वास्थ्यसेवाको प्रबन्ध, ग्रामीण समुदायमा आधारित ग्रामीण यातायातका साथै प्राकृतिक स्रोत र साधनको व्यवस्थापनको अधिकार रहनेछ। केन्द्र, प्रदेश र स्थानीय निकायबीचका अन्तरसम्बन्ध सहयोगात्मक हुनेछन्। तीनै तहलाई अधिकारका प्रश्नमा मात्र होइन, उत्तरदायित्वका प्रश्नमा पनि जवाफदेही बनाउने नीति अवलम्बन गरिनेछ।

**४. शासन प्रणाली**

हामीकहाँ प्रचलनमा रहेको शासन प्रणाली ब्रिटिस मोडेलको संसदीय व्यवस्थामा आधारित छ। सङ्घात्मकतामा आधारित राज्यको चरित्र र स्वरूपको निरूपण गरिसकिएको अवस्थामा शासन प्रणालीका सन्दर्भमा पनि तदनुरूपको व्यवस्था आवश्यक हुन्छ। शासन प्रणाली समावेशी लोकतन्त्रमा आधारित हुने मान्यता जनआन्दोलनबाटै स्थापित भइसकेको छ। हाम्रो पार्टीले लोकतान्त्रिक गणतन्त्रलाई कार्यनीतिको मूल लक्ष्य बनाई संविधानसभाको निर्वाचनकै क्रममा जनमतसङ्ग्रह गरी राजतन्त्रको अन्त्य गर्ने मान्यता अघि सारिसकेको अवस्थामा अब मुलुकमा जननिर्वाचित राष्ट्राध्यक्षको व्यवस्था गरिनुपर्दछ। प्रत्यक्ष निर्वाचनबाट निर्वाचित भएको नेतृत्वलाई जनताप्रति उत्तरदायी बनाउका लागि शक्ति सन्तुलनको सिद्धान्तमा आधारित प्रभावकारी संवैधानिक अङ्गहरूको व्यवस्था गरिनुपर्दछ। लोकतान्त्रिक गणतन्त्रअन्तर्गत व्यवस्थापिका दुई सदनात्मक हुनेछ। प्रदेश र स्थानीय तहमा बहुदलीय प्रतिस्पर्धाद्वारा छनोट गरिएको समावेशी चरित्रमा आधारित एउटा जनप्रतिनिधिमूलक निकाय हुनेछ। दुवैले संवैधानिक व्यवस्थाअनुरूपका विधायिकी अधिकारहरूसमेत प्रयोग गर्नसक्ने छन्।

**५. निर्वाचन प्रणाली**

अहिलेसम्म प्रचलनमा रहेको निर्वाचन प्रणाली पहिलो धेरै भोट ल्याउनेले जित्ने बहुमतीय निर्वाचन प्रणाली हो। सबैभन्दा धेरै भोट ल्याउनेले जित्ने बहुमतीय प्रणालीमा धेरैजसो अवस्थामा बहुमत जनताले आफ्नो प्रतिनिधि छान्न असफल हुने गर्दछन्। बहुमतीय निर्वाचन प्रणालीको विकल्पका रूपमा समानुपातिक निर्वाचन प्रणालीलाई अघि सार्ने गरिन्छ। समानुपातिक निर्वाचन प्रणालीमा मतदाताले प्रयोग गरेको भोटको पूर्णतः सदुपयोग हुन्छ। तर, त्यसमा मतदाताले आफूले चाहेको प्रतिनिधि बहुमतीय प्रणालीमा जस्तो सीधै छनोट गर्न पाउँदैन। उम्मेदवार छनोट प्रक्रिया पूर्ण लोकतान्त्रिक र विकेन्द्रित नहुँदाको अवस्थामा समानुपातिक निर्वाचन प्रणालीमा जनभावनाअनुकूलको उम्मेदवार छनोट नहुने अवस्था आउन सक्छ। बहुमतीय प्रणालीमा जस्तो जनताले रोजेको व्यक्ति पनि छनोट हुने र समानुपातिक निर्वाचन प्रणालीमा जस्तो समावेशी स्वरूप प्रदान गर्न सकिने विशेषतासहितको मिश्रित निर्वाचन प्रणाली उपयोगी हुन सक्छ।

**६. मातृभाषा र भाषा प्रयोगको नीति**

नेपाल अधिराज्यको संविधान-२०४७ ले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषाको मान्यता दियो। तर, राष्ट्रिय भाषाको हैसियत के हुने भन्ने कुरा १२ वर्षको लोकतान्त्रिक अभ्यासका क्रममा समेत स्पष्ट हुन सकेन। बरू, उल्टै स्थानीय तहमा समेत अन्य मातृभाषाहरूलाई माध्यम भाषाका रूपमा प्रयोग गर्ने प्रयासलाई सर्वोच्च अदालतले बन्देज गरेर मूलतः मुलुकमा एकभाषा नीतिलाई नै लाद्न खोज्यो। प्रत्येक जाति र समुदायका मानिसहरूलाई आफ्नो मातृभाषाको अकुण्ठित प्रयोग र विकासको अधिकार रहन्छ। राज्यले आफ्नो मुलुकका नागरिकहरूको भाषाको संरक्षण र विकासका लागि निश्चित दायित्वहरू बहन गर्नुपर्दछ। राज्यले बहन गर्ने यस प्रकारका दायित्वहरूमा समान व्यवहार हुनुपर्दछ अर्थात् भाषिक समानताको नीति अवलम्बन गरिनुपर्दछ। यसअन्तर्गत नेपालीलगायत नेपालमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा मानिने छन्। नेपालमा बोलिने भाषाहरूलाई जनसङ्ख्याका आधारमा अनुसूचीकृत गरिनेछ। नेपालीलगायतका

विभिन्न भाषाहरूलाई सरकारी कामकाजको भाषा बनाउने नीति अवलम्बन गरिनेछ। प्रदेश र स्थानीय तहमा पनि यसैअनुरूपको भाषा नीति अवलम्बन गरिनेछ।

**७. आत्मनिर्णयको अधिकारका सम्बन्धमा**

आत्मनिर्णयको अधिकारका सन्दर्भमा हामीकहाँ लेनिनले अघि सार्नुभएको अलग हुन पाउने अधिकारसमेतको सन्दर्भलाई आधार बनाएर त्यसको समर्थन वा विरोध गर्ने चलन छ। लेनिनले अलग हुन पाउने अधिकारसहितको आत्मनिर्णयको अधिकार स्वतन्त्र राष्ट्रहरू रुसी महासङ्घमा आबद्ध हुने सन्दर्भमा अघि सारेका थिए। हाम्रोजस्तो एकीकृत स्वरूपको राज्य राष्ट्रमा आत्मनिर्णयको अधिकारलाई पृथक् हुने अधिकारका रूपमा बुझ्न हुँदैन। राज्यको पुनःसंरचनाका माध्यमबाट पछि परेको/पारिएको समुदायलाई अधिकारसम्पन्न बनाउने सन्दर्भमा आत्मनिर्णयका अधिकारको कुरा गर्दा वर्तमान विश्व सन्दर्भ र नेपाली समाजको विशेषतासमेतका आधारमा उक्त विषयलाई बुझ्ने र परिभाषित गर्ने काम गर्नुपर्दछ। यस सन्दर्भमा आदिवासी-जनजातिहरूलाई आफ्नो राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार सुनिश्चित र विकास गर्न सक्ने गरी आत्मनिर्णयको अधिकार हुनेछ।

**८. धर्म र संस्कृतिसम्बन्धी नीति**

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएको हुँदा विभिन्न जातिका मौलिक धर्म-संस्कृतिको संरक्षण र विकासका लागि राज्यले निश्चित प्रकारका दायित्वहरू बहन गर्नुपर्दछ। धर्मनिरपेक्ष राज्यको घोषणासमेत भइसकेको अवस्थामा कुनै पनि जाति र समुदायको धर्म, संस्कृति र परम्पराको संरक्षण तथा विकासको सवाललाई मूलतः सम्बन्धित समुदायको अधिकारका रूपमा स्थापित गरिनेछ। धर्म, संस्कृति र परम्पराका नाममा मानव अधिकार र मानवीय मूल्य मान्यतालाई कुल्चने छुट भने कसैलाई दिइनु हुँदैन। सबै समुदायको धर्म र संस्कृतिप्रति राज्यको तर्फबाट समान व्यवहार हुने कुरालाई सुनिश्चित गरिनुपर्दछ।

**९. प्राकृतिक स्रोत र भूमिमाथि जनताको अधिकार**

मानव सभ्यताको विकास हुनुभन्दा पहिलेदेखि नै जमिन, जल र जङ्गल प्रकृतिको वरदानका रूपमा प्रदत्त छन्। तर, समाज विकासका क्रममा विभिन्न कारणले केही मानिसहरू भूमिको मालिक बन्ने र केही मानिसहरू भूमिबाट पूर्णतः वञ्चित रहनुपरिरहेको छ। त्यसमाथि पुस्तौँपुस्ता माटोसँग खेल्दै आएको भूमिपुत्र किसानहरू र आदिवासी समुदायका मानिसहरू नै जमिनको स्वामित्वबाट वञ्चित हुनुपरिरहेको छ। प्रत्येक नागरिकलाई आफ्नो मुलुकमा बस्ने, जीवन निर्वाहका लागि श्रम गर्ने र आफ्नो संस्कार र संस्कृतिअनुरूप प्रकृतिको उपभोग गर्ने पूर्ण अधिकार छ। राज्यले उसको त्यस अधिकारको रक्षा गर्नुपर्दछ। नयाँ लोकतान्त्रिक राज्यले उपरोक्त नीतिका आधारमा भूमिको पुनःव्यवस्थापन र पुनःवितरण गर्नुपर्ने हुन्छ। भूमिको पुनःव्यवस्थापन र वितरणका सन्दर्भमा हाम्रो पार्टीले केशव बडाल आयोगको प्रतिवेदनलाई आधार बनाएर अघि बढ्नुपर्दछ। अन्य प्राकृतिक स्रोत र सम्पदाको व्यवस्थापनमा भने स्थानीय जनताको सहभागिता र भूमिकालाई विस्तार गरिनुपर्दछ। सामुदायिक वनको सफलताले पनि यस प्रकारको नीतिको औचित्यलाई पुष्टि गरिसकेको छ।

**१०. राज्य सञ्चालनमा जनताको भूमिका**

विगतमा हामीकहाँ लोकतन्त्रका नाममा आवधिक रूपमा पाँच वर्षमा एकपटक भोट हालेर जनताले प्रतिनिधि चुन्ने र त्यसपछि एउटा अवधिमा चुनिएको प्रतिनिधिले जे गर्दा पनि हुने परिपाटी रह्यो। चुनावका बेला अघि सारिएका नीति र कायम गरिएको राजनीतिक गठबन्धनका विपरीत जाँदासमेत स्वाभाविक ठान्ने अवस्था देखियो। यस प्रकारको अवस्था देखिनु भनेको जनताको अभिमतको उपहास नै हो। पार्टी र राज्य सञ्चालनका सन्दर्भमा पनि करिब यस्तै अवस्था रह्यो। पार्टीको नीतिभन्दा भिन्न चुनावी घोषणापत्र जारी गर्ने र चुनावी घोषणापत्रविपरीत सरकार सञ्चालन गर्ने आमप्रवृत्ति देखियो। भविष्यमा फेरि यस प्रकारको अवस्था आउन नदिनका लागि विभिन्न नियन्त्रणकारी व्यवस्था कायम गरिनुपर्दछ। राजनीतिक दल र जननिर्वाचित प्रतिनिधिहरूलाई जनताप्रति उत्तरदायी बनाइने संवैधानिक व्यवस्था कायम गरिनेछ। राज्य सञ्चालनमा जनताको भूमिका बृद्धि गर्ने कुरामा हाम्रो जोड रहनेछ।

**११. लोकतान्त्रिक राज्यको जनताप्रतिको जिम्मेवारी**

लोकतन्त्रलाई जनताको, जनताका लागि र जनताद्वारा भन्ने मान्यताअन्तर्गत अघि बढाउने हो भने राज्यलाई निश्चित प्रकारका सामाजिक दायित्वहरू बहन गर्ने अङ्गका रूपमा विकास गर्नुपर्दछ। गाँस, बास र कपासको अभावमा लोकतन्त्र जनताको जीवनपद्धति बन्न सक्दो रहेनछ भन्ने कुरा हाम्रो आफ्नै अनुभवले देखाएको छ। तसर्थ, अबको लोकतान्त्रिक व्यवस्थामा राज्यलाई शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूति लिएको लोककल्याणकारी संस्थाका रूपमा विकास गरिनुपर्दछ। न्याय, समानता र स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिँदै आएको हाम्रो पार्टीले यस प्रश्नमा विशेष जोड दिनुपर्दछ।

**१२. राज्यका विभिन्न अङ्गको लोकतान्त्रीकरण**

नेपालको लोकतान्त्रिक अभ्यासमा राज्यसत्ताको पुरानो संरचना सदैव बाधक बन्ने गरेको छ। जबसम्म राज्यको स्थायी अङ्ग मानिने सेना, प्रहरी र सशस्त्र प्रहरीजस्ता सुरक्षा निकाय, नोकरशाहीतन्त्रका रूपमा विकास भएको प्रशासनयन्त्र र राज्यसत्ता सञ्चालनका अन्य संवैधानिक अङ्गहरूलाई लोकतान्त्रिक ढङ्गले रूपान्तरण गर्न सकिँदैन, तबसम्म लोकतान्त्रिक अभ्यास सबल ढङ्गले अघि बढ्न सक्तैन। संविधानसभाका माध्यमबाट राज्यको पुनःसंरचना गर्ने र समावेशी लोकतन्त्र स्थापना गर्ने कुरामा मूलधारका राजनीतिक दलहरूका बीचमा सहमति भइसकेको अवस्थामा राज्यका विभिन्न अङ्गको लोकतान्त्रीकरणको सम्भावना बढेर गएको छ। पार्टीले सङ्घात्मकतामा आधारित हुँदै राज्यको पुनःसंरचना गर्नुपर्ने मान्यतालाई अघि सारेको अवस्थामा राज्यका विभिन्न अङ्गहरूको पुनःगठन गर्नु, त्यसलाई समावेशी स्वरूप प्रदान गर्नु र लोकतान्त्रीकरण गर्नु जरुरी हुन्छ। त्यसमाथि नेपाली सेनाको पुनःगठन गरी त्यसलाई राष्ट्रिय चरित्रको बनाउने र लोकतान्त्रीकरण गर्ने सवाल

लोकतन्त्रको संस्थागत विकासका लागि सर्वाधिक महत्त्वको सवाल हो । पार्टीले अहिलेदेखि नै यस विषयमा ध्यान केन्द्रित गर्नुपर्दछ ।

**१३. राजनीतिक दलहरूको लोकतान्त्रीकरण र समावेशीकरण**

राज्यको पुन:संरचनाका सन्दर्भमा राजनीतिक दलहरूको पुन:संरचना र लोकतान्त्रीकरणको सवाल अत्यधिक महत्त्वको विषय बन्न पुगेको छ । हाम्रो पार्टी नेपालका मूलधारका अन्य राजनीतिक दलहरूको तुलनामा लोकतान्त्रिक अभ्यासमा अग्रणी नै रहँदै आएको छ । परिवर्तित सन्दर्भमा पार्टीलाई थप लोकतान्त्रिक दिशामा अघि बढाउने सन्दर्भमा पार्टीको केन्द्रीय कमिटीको नवौं बैठकले कार्यदल गठन गरी अध्ययनको कामलाई अघि बढाएको छ । नेपाली समाजको बहुलताको अवस्था, लोकतन्त्रका सार्वभौम मूल्य र मान्यता तथा राजनीतिक दलहरूसम्बन्धी स्वीकृत सिद्धान्तहरूका आधारमा दलहरूको लोकतान्त्रीकरण गरिनुपर्दछ । राज्यको पुन:संरचनाले राज्यका सबै अङ्गहरूमा पछि परेका समुदायको प्रवेशको ढोका खोल्ने संवैधानिक व्यवस्था कायम गर्ने हुँदा अहिले नै पार्टीले तदनुरूपको संरचनागत विकासमा जोड दिएर अघि बढ्नुपर्दछ । ३३ प्रतिशत महिला सहभागितालाई सुनिश्चित बनाउन र नेपाली समाजको विशेषताका आधारमा पार्टीलाई समावेशी स्वरूप प्रदान गर्नका लागि सम्बन्धित क्षेत्रको पार्टी काममा विशेष जोड दिनुपर्दछ । यसका लागि अहिलेदेखि नै विशेष नीति र योजनाका साथ नेतृत्व विकासको काममा केन्द्रित भएर लाग्नुपर्दछ ।

**१४. न्यायिक प्रणालीको लोकतान्त्रीकरण**

नेपालको न्याय प्रणालीमा सामन्तवादी मनोवृत्ति हावी रहेको छ । भ्रष्टाचार, ढिलासुस्ती र स्वेच्छाचारिता नेपालको न्याय प्रणालीको विशेषता नै बन्नपुगेको छ । नेपालको न्याय प्रणालीमा व्याप्त रहेको अपारदर्शिता, अकर्मण्यता र स्वेच्छाचारितालाई लगाम लगाउने र त्यसलाई निष्पक्ष, सरल र छिटो-छरितो बनाउने हो भने न्याय क्षेत्रको परम्परागत ढाँचामा परिवर्तन ल्याउनुपर्ने हुन्छ । न्यायिक क्षेत्रको नेतृत्व पनि जनताप्रति जवाफदेही र उत्तरदायी हुने परिपाटीको विकास गर्नुपर्दछ । यसका लागि नेतृत्व छनोटको प्रक्रियालाई संसदीय सुनुवाइ वा जनसुनुवाइसमेतको व्यवस्था गरेर पूर्ण लोकतान्त्रिक, पारदर्शी र जनआधारित बनाउनुपर्दछ । प्रतिनिधिसभाको घोषणामा यस सम्बन्धमा केही प्रतिबद्धता आइसकेको छ, त्यसलाई अझ प्रभावकारी बनाउनुपर्दछ ।

**१५. आर्थिक-सामाजिक व्यवस्था**

ऐतिहासिक जनआन्दोलनमा व्यक्त भएको भावनाका आधारमा मुलुकलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा लैजाने पार्टी नीतिअन्तर्गत लोकतान्त्रिक गणतन्त्रको आर्थिक-सामाजिक व्यवस्था कस्तो हुने भन्ने कुराको निरूपणसमेत गर्नुपर्ने हुन्छ । जनआन्दोलनका क्रममा सडकमा घन्किएको लोकतान्त्रिक गणतन्त्रको नारा न नयाँ जनवादी क्रान्तिअन्तर्गतको नारा नै थियो, न त पुरानो पुँजीवादी क्रान्तिमा सीमित रहेको नारा नै । यस नाराका मुख्यत: निम्न विशेषता रहेका छन् :

पहिलो, राजतन्त्रको समूल अन्त्य गर्ने । दोस्रो, सामन्तवादको आर्थिक, सामाजिक र सांस्कृतिक आधारलाई समाप्त गर्ने । तेस्रो, नेपाली विशेषता र विशिष्टताका आधारमा राज्यको पुन:संरचना गर्ने र लोकतन्त्रलाई समावेशी स्वरूप प्रदान गर्ने । चौथो, शान्तिवार्ताका माध्यमबाट राजनीतिक सङ्कटको समाधान खोज्ने र पाँचौं, निरपेक्ष निजीकरण र उदारीकरणको नीतिका कारण बढ्दै गएको धनी र गरिबबीचको खाडललाई कम गर्ने एवम् समतामूलक समाजको निर्माण गर्ने ।

उपरोक्त विशेषतासहितको ऐतिहासिक जनआन्दोलनद्वारा स्थापना भएको लोकतान्त्रिक गणतन्त्रको आर्थिक-सामाजिक व्यवस्था तदनुरूपकै हुनुपर्दछ । यसका लागि हाम्रो पार्टीले सामाजिक न्याय र समानताको नीतिमा आधारित लोककल्याणकारी राज्य व्यवस्थाको स्थापनालाई लोकतन्त्रको संस्थागत विकासको लक्ष्य बनाउनुपर्दछ । यसअन्तर्गत मिश्रित अर्थव्यवस्था, प्रगतिशील करनीति, जनमुखी बजेट प्रणाली र जनताको प्रत्यक्ष सहभागिताको विकास रणनीति मुख्य विशेषताका रूपमा कायम गरिनेछ । आर्थिक क्षेत्रमा राजकीय, सहकारी र निजी क्षेत्रको भूमिकालाई सन्तुलित रूपमा अघि बढाइनेछ ।

**१५. नागरिकतासम्बन्धी नीति**

वंशजका आधारमा नागरिकता प्राप्त गर्ने नागरिकको अधिकार हो र नागरिकता प्रदान गर्नु राज्यको दायित्व हो भन्ने नीतिका आधारमा नागरिकतासम्बन्धी व्यवस्था गरिनेछ । यसअन्तर्गत आमा र बाबु दुवैको नाममा नागरिकता प्रदान गरिनेछ । हाम्रो पार्टीको प्रयत्नका बाबजुद विगत लामो समयदेखि मधेसी समुदायमा विद्यमान नागरिकता समस्या थाती रहँदै आएको छ । संविधानसभाको निर्वाचनपूर्व नै विशेष व्यवस्थाअन्तर्गत उक्त समस्याको समाधान गरिनुपर्दछ भन्ने पार्टी दृष्टिकोण रहँदै आएको छ । यस सन्दर्भमा ०३७ सालको जनमतसङ्ग्रहको मतदाता नामावलीलाई आधार बनाएर सरल र सहज प्रक्रियाबाट नागरिकता प्रदान गरी समस्याको टुङ्गो लगाइनुपर्दछ ।

**समावेशी लोकतन्त्रसम्बन्धी नीति**

समावेशीकरणको अर्थ राजकीय तथा सार्वजनिक मामिलाहरूमा समावेश नगराइएका वा समावेश हुन नसकेका सामाजिक तथा सांस्कृतिक समूह, वर्ग, लिङ्ग तथा क्षेत्रका मानिसहरूलाई विभिन्न उपायद्वारा नीति निर्माण र कार्यान्वयनका तहमा सहभागी हुने अवस्था सिर्जना गर्नु नै हो । नेपालको सन्दर्भमा दलित, महिला, आदिवासी जनजाति, मुस्लिम, मधेसी, कर्णाली प्रदेशलगायत दुर्गम क्षेत्रका बासिन्दाहरू, वर्गीय रूपमा शोषण र उत्पीडनमा परेको श्रमजीवी वर्ग र आर्थिक रूपले विपन्न समुदायहरू नै समावेशीकरण गरिनुपर्ने पक्ष हुन् । समावेशीकरणका सन्दर्भमा सम्बन्धित पक्षको प्रतिनिधित्व र भूमिकाको मान्यतालाई आत्मसात् गरिनुपर्दछ ।

जनआन्दोलनको सफलतापछि मुलुक संविधानसभाका माध्यमबाट लोकतन्त्रको संस्थागत विकासको प्रक्रियामा अघि बढिरहेको छ । यस सन्दर्भमा राज्यको पुन:संरचनाका माध्यमबाट नेपाली समाजको विशेषताका आधारमा सबै पक्षको प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित गरिनुपर्दछ । यसका लागि निर्वाचन प्रणाली, शासन प्रणाली र प्रतिनिधित्वको व्यवस्थामा परिवर्तन गरी तदनुरूप समावेशी र सहभागितामूलक बनाउनुपर्दछ । पछि परेको/पारिएको समुदायको क्षमता अभिवृद्धिका लागि

विभिन्न क्षेत्रमा आरक्षण, विशेषाधिकार वा सकारात्मक विभेदको नीतिलाई अवलम्बन गरिने छ । यसका लागि मानव विकास सूचाङ्क र गरिबीको अवस्थालाई आधार बनाइनुपर्दछ । उपरोक्त नीतिको कार्यान्वयका सन्दर्भमा भने जुन समुदाय वा क्षेत्र जुन क्षेत्रमा पछि परेको छ, त्यसलाई त्यही क्षेत्रमा लक्षित गरेर माथि उठाउने नीति अवलम्बन गरिनेछ । यस प्रकारको नीति प्रारम्भिक तहमा लागू गरिनुपर्दछ । विशेषज्ञ सेवाका हकमा भने सम्बन्धित विषयको योग्यतालाई नै आधार बनाइनेछ । समावेशीकरण र सहभागितामूलक लोकतन्त्रको स्थापना गर्दा निम्न तीन कुरामा जोड दिइनेछ :

**१. सबै विशेषताहरूको पहिचान**

राज्य निर्माण र सञ्चालनमा नेपालका सबै जातजाति, भाषाभाषी र धर्मसंस्कृतिका मानिसहरूको साझा भूमिकालाई स्थापित गरिनेछ । जातीय, भाषिक, सामुदायिक र सांस्कृतिक विषयहरूको सन्दर्भमा राज्य संवेदनशील बन्नुपर्दछ । राज्यको पुनःसंरचना गर्दा सबैका सकारात्मक विशेषताहरूलाई समेट्ने नीति अवलम्बन गरिनुपर्दछ । भाषा, धर्म, संस्कृति, रीति, परम्परा र भेषभूषा बाह्य रूपमा अनुभूत हुने समुदायको परिचयका आधार हुन् । कुनै न कुनै रूपमा राज्यको स्वरूप र परिचयमा त्यसको प्रभाव देखिनुपर्दछ ।

**२. सबैको प्रतिनिधित्व**

नीति निर्माणको तहमा सबैलाई समान सहभागिता र भूमिकाको अवसर उपलब्ध हुनुपर्दछ । ०४६ सालको परिवर्तनपछि नेपाली जनताले नै मतदानका माध्यमबाट प्रतिनिधि छनोट गर्ने अवसर पाए पनि त्यसको सही प्रकारको सदुपयोग हुन सकेन । जनप्रतिनिधिमूलक निकायमा दलित, महिला, मुस्लिम, आदिवासी-जनजाति र मधेसी समुदायको सहभागिता जनसङ्ख्याको अनुपातमा कम रह्यो । यस प्रकारको अवस्थामा सुधारका लागि राज्यको पुनःसंरचना गरी सबैको सहभागितालाई सुनिश्चित गर्ने मान्यता अघि आएको छ । जनप्रतिनिधिमूलक निकायमा सबैको सहभागितालाई सुनिश्चित गर्नका लागि चुनाव प्रणालीमा परिवर्तन र सुधार गरिनेछ । समावेशीकरणको नीतिका आधारमा उम्मेदवार छनोट गर्ने र चुनावी परिणाममा जातिगत असन्तुलन उत्पन्न भएको अवस्थामा समानुपातिक सूचीबाट स्वतः पूर्ति हुने संवैधानिक र कानुनी व्यवस्था गरिनुपर्दछ । समावेशी र सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चितताका लागि अहिलेदेखि नै पार्टीले विशेष कार्ययोजना बनाएर अघि बढ्नुपर्दछ ।

**३. कार्यान्वयनको तहमा सबैको पहुँच**

नीति निर्माणको तहमा प्रतिनिधित्वले मात्रै पछि परेको समुदायको भूमिका राज्यसत्ताको सञ्चालनमा स्थापित हुन सक्तैन । यसका लागि कार्यान्वयको तहमा समेत उनीहरूको भूमिका विस्तार गरिनुपर्दछ । नीति निर्माणको तहमा हुने सहभागिताको तुलनामा कार्यान्वयन तहमा हुने सहभागिताको चरित्र विशिष्ट हुने गर्दछ । त्यसका लागि निश्चित प्रकारको पेसागत र व्यावसायिक दक्षताको आवश्यकता पर्दछ । साधन र स्रोतमाथिको पहुँचको अवस्थाले मात्र राज्यसत्ताका विभिन्न अङ्गहरूमा हुने उसको भूमिका प्रभावकारी हुन सक्दछ । नीति निर्माणका तहमा हुने सहभागिताले मात्र तय गरिएको नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुँदो रहेनछ भन्ने हाम्रो आफ्नै अनुभव छ । नेपालका सन्दर्भमा विकेन्द्रीकरण र स्थानीय स्वशासनका प्रयासहरूका विरुद्धमा उच्च प्रशासकहरू नै उभिने गरेको तीतो अनुभवका आधारमा पनि समावेशीकरणको सार्थक प्रयोगका लागि राज्यसत्ताका विभिन्न अङ्गहरूमा सबै पक्षको प्रतिनिधित्व आवश्यक देखिन्छ । लोकतन्त्रको संरचनागत र संस्थागत विकासको प्रक्रियामा हाम्रो पार्टीले यस प्रश्नलाई महत्त्वपूर्ण कार्यसूचीका रूपमा अघि बढाउनुपर्दछ ।

***(पार्टी केन्द्रीय कमिटीको बाह्रौं बैठकद्वारा पारित र हालै प्रकाशित 'राज्यको पुनर्संरचनासम्बन्धी नेकपा (एमाले) को दृष्टिकोण'बाट)***

# सहकारी शिक्षा : आवश्यकता र महत्त्व

**' केशव बडाल**

जुन विषय मानव जीवनमा जति धेरै आवश्यकता हुन्छ, त्यसबारे शिक्षित गर्न जरुरी हुन्छ तर त्यसो गरेको पाइँदैन । मानव र सबै प्राणीका लागि विस्तार नभई नहुने, केही मिनेट मात्रै पनि जसको अभावमा बाँच्न सकिँदैन, त्यति महत्त्वपूर्ण अक्सिजन, अक्सिजनलगायतको स्वच्छ हावा, स्वच्छ वातावरण कसरी कायम गर्न सकिन्छ भन्नेबारे पर्याप्त शिक्षित गराइँदैन । स्वच्छ हावापानी, स्वच्छ खानेपानी, स्वच्छ वातावरण कायम गर्न र स्थापित गर्न के गर्नुपर्छ, के गर्नुहुँदैन भन्नेबारेमा प्रत्येक नागरिकले जान्नैपर्ने विषय हो तर हाम्रो शिक्षा नीतिमा यसबारे फाट्टफुट्ट केही पाठ पढाइए पनि पर्याप्त सिकाइँदैन । सिकाउने पाठ्यक्रममा त्यति महत्त्वका साथ सामेल गरिएको पाइँदैन ।

संसारको सबैभन्दा धेरै सङ्ख्यामा र धेरै उत्पादन गर्ने कारखाना प्रत्येक घरको भान्सा हो तर हाम्रा शिक्षित-साक्षरहरूलाई खाना के हो, कसरी पकाइन्छ, कसरी त्यो स्वस्थकर, सरल र सुलभ बनाउन सकिन्छ भन्नेबारेमा सिकाइँदैन । त्यसैगरी तेस्रो

महत्त्वको अत्यन्त आवश्यकताको विषय घर हो । खाना पकाउने कारखानापछि सबैभन्दा ठूलो कारखाना घर बनाउने कारखाना हो । यसबारे पनि शिक्षा दिइँदैन । प्रत्येक परिवारलाई आवश्यक पर्ने घर कुन हावापानी भएको स्थानमा कसरी कस्तो बनाउँदा सस्तो, सरल, स्वस्थकर र सम्भव हुन्छ, यसबारे पनि सिकाइँदैन । अझ ट्वाइलेटका बारेमा त कमै स्थानमा बताइन्छ । अर्थात्, बाँच्नका लागि नभई नहुने संसारका सबै स्तरका सबैलाई नभई नहुने विषयमा प्रारम्भिक शिक्षासमेत दिन आवश्यक नठान्ने पाठ्यक्रम निर्माताहरूले, यस्ता-यस्ता विषय पाठ्यक्रममा राखेका छन्, कतिपय अंश नपढे पनि, थाहा नपाए पनि कुनै फरक पर्दैन । त्यस्ता विषय शिक्षाले विद्यार्थीलाई भार बोकाइराखेको हुन्छ । त्यस्तो कुरा केवल राज्यले तय गरेका पाठ्यसामग्रीका मात्र होइन, राजनीतिक दलले आफ्ना कार्यकर्ता/समर्थकहरूका लागि सचेत गर्न तयार गरिएका सामग्रीमा पनि कमै पाइन्छ । बरु, अनौपचारिक क्षेत्रका संस्थाहरूले यस्ता विषयमा अलिकति ध्यान दिएको पाइन्छ । समग्रमा हेर्दा, प्राणीका लागि नभई नहुने हावा, पानी, खाना, आवास, स्वच्छ वातावरण कसरी स्वच्छ र स्वस्थकर, सुन्दर, सरल बनाउन सकिन्छ, यसबारे अब यसतर्फ सबैको ध्यान जान जरुरी छ ।

**शिक्षाबारे पाउलो फ्रेअरो**

प्रो. पाउलो फ्रेअरोले शिक्षाको आवश्यकता, महत्त्व र त्यसका लागि गर्नुपर्ने कामका बारे उदाहरण प्रस्तुत गरेका छन् । शिक्षालाई बसिखानेको कब्जाबाट गरिखाने श्रमजीवीमा पुऱ्याउनेहरूका अगुवा थिए उनी । १९ सेप्टेम्बर १९२१ मा ब्राजिलको रेफीक सहरका मध्यमवर्गीय परिवारमा जन्मे पनि उनी जीवनभर गरिबकै शिक्षादीक्षा र चेतना उठाउने काम गर्दै समर्पित भए । निरक्षर र अचेत किसानको बाहुल्य भएको ब्राजिलमा १९६३ को जूनदेखि १९६४ को मार्चसम्म सिङ्गै राष्ट्रका युवाहरूको साह्रै ठूलो समूहलाई राष्ट्रव्यापी साक्षरता र सचेतना अभियानमा उतार्न सफल भए । तत्कालीन सुधारवादी सरकार, जसले यो शिक्षा अभियानलाई सघाएको थियो, त्यसलाई मन नपराउने सामन्त जमिनदार तथा त्यसका हिमायती सेनाले सत्तापलट गऱ्यो र पाउलो फ्रेअरोलाई जेल सजाय दियो । उनले जेलमै *एजुकेसन एज ए प्राक्टिस अफ फ्रिडम* नामको पुस्तक लेखे । त्यो पुस्तकले शिक्षा र लोकतन्त्र कसरी गाँसिएको छ भन्ने कुराको राम्रो उदाहरण पेस गरेका छन् । हामीले प्राप्त गरेका हकलाई संस्थागत गर्न आर्थिक, सामाजिक क्षेत्रमा लोकतान्त्रीकरण गर्न, सहकारी शिक्षाको महत्त्वलाई हामी सबैले मनन गर्न यो सन्दर्भको महत्त्व छ भनेर सामेल गरेको छु ।

**सहकारी शिक्षाको महत्त्व**

हाम्रो राजनीतिक प्रशिक्षणमा सहकारी संरचना, सहकारी आर्थिक आधार निर्माण र विकासका बारे पर्याप्त शिक्षित गराइने गरेको पाइँदैन । प्रजातान्त्रिक समाजवादलाई लक्ष्य बनाएर स्थापित पार्टी नेपाली काङ्ग्रेस र साम्यवादी समाजको स्थापना गर्ने उद्देश्यका साथ स्थापना भएको नेपाल कम्युनिस्ट पार्टी दुवैले लामो समयसम्म सहकारी आर्थिक संरचनाबारे प्रशिक्षित गर्ने र व्यवहारमा लागू गर्ने योजना बनाएको थिएन । हरेकपटकको राजनीतिक सङ्घर्षमा सफल हुने तर व्यवस्थापनमा असफल हुने कारण नै आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा लोकतान्त्रीकरण हुन नसक्नाले हो । ००७ देखि ०६२/६३ सालसम्मको परिवर्तनको इतिहास हेर्दा हामी त्यही पाउँछौं ।

राजनीतिमा जतिसुकै परिवर्तन भए पनि अर्थतन्त्रमा लोकतान्त्रीकरण भएन भने त्यो दिगो हुन सक्दैन । नेकपा (एमाले) ले आफ्नो पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित गरेको जनताको बहुदलीय जनवादी कार्यक्रममा प्रस्ट भन्यो- 'विद्यमान शोषण-उत्पीडन र पछौटेपनबाट समाजलाई मुक्त गर्न आफैँमा उत्पादन, वितरण र व्यवस्थापन क्षमताको विकास गर्न सहकारी अर्थतन्त्रको विकासमा जोड दिइनेछ ।' यसको सातौं महाधिवेशनले सहकारी आन्दोलनको महत्त्वलाई जोड दिँदै सहकारी विभागको गठन गऱ्यो । सातौं महाधिवेशनपछिको १२ औं बैठकले सहकारीबारे व्यापक छलफल गरी राष्ट्रिय सहकारी सङ्घ, बचत तथा ऋण सहकारी सङ्घ, राष्ट्रिय सहकारी बैंक, केन्द्रीय दुग्ध सहकारी सङ्घ, केन्द्रीय उपभोक्ता सहकारी सङ्घलगायत सहकारी सङ्घका मागलाई समर्थन गर्दै बैठकले प्रस्ताव नं. ८ मा प्रस्ताव पनि पारित गरेको छ । यसैगरी, अब बन्ने अन्तरिम संविधानमा देशको अर्थतन्त्रमा सहकारी, निजी र सार्वजनिक गरी तीन खम्बा रहने कुरा स्वीकार गर्दै देशको अर्थतन्त्रको तीन खण्डको एक खण्ड सहकारी क्षेत्रले ओगट्न सक्ने गरी आर्थिक नीति तय गर्नुपर्ने कुरालाई जोड दिइएको छ । यसरी केही समाजवादका गुण र केही पुँजीवादका गुण भएको सहकारी अर्थतन्त्रलाई सबल बनाउँदै समाजवादी समाजमा रूपान्तरणका लागि आधार बनाउनुपर्ने कुरालाई जोड दिइएको छ । यसलाई शिक्षा क्षेत्रमा स्थान दिनुपर्ने कुरालाई जोड दिँदै माध्यमिक तहदेखि स्नातकोत्तर तहसम्म अध्ययन गराउन पाठ्यक्रममा सामेल गर्ने प्रस्ताव लैजाने कुरामा पनि सहमति भएको छ । यसैगरी, सहकारी केवल कृषि क्षेत्रको मात्रै विषय होइन, यसको व्यापक क्षेत्र भएकाले अलग्गै सहकारी मन्त्रालय स्थापना गर्न पहल गर्ने कुरामा पनि सहमति भएको छ । यसरी सहकारी क्षेत्र अत्यन्त महत्त्वपूर्ण विषय भएको हुनाले सहकारी शिक्षा सबैले आर्जन गर्नुपर्ने महत्त्वपूर्ण विषय हो भन्ने कुरा नेकपा (एमाले), नेपाली काङ्ग्रेस, नेकपा (माओवादी) लगायत सबैले स्वीकारेका छन् ।

**सहकारी सिद्धान्तको ऐतिहासिक विकासक्रम**

आत्मनिर्भर खाले कृषि र ग्रामीण अर्थतन्त्र भएको युरोप महादेशको अर्थतन्त्रमा सन् १७६०-१८३० मा पुग्दा नपुग्दै अर्थतन्त्रले अत्यन्त महत्त्वपूर्ण फड्को माऱ्यो । लाखौंलाख मजदुरहरूले हातले गर्ने काम स्वचालित यन्त्रहरूले गर्न थाले । बेलायतको मेनचेस्टर, ग्लास्गो र लन्डन सहरमा मात्रै ४० लाख कपडा मजदुरले काम गर्थे । क्रमशः ती मजदुरहरूले गर्ने काम यन्त्रले गर्न थाले । खासगरी बेलायतबाट औद्योगिक क्रान्ति अर्थात् नयाँ आर्थिक क्रान्ति सुरु भयो । यो औद्योगिक क्रान्ति केवल बेलायतको सीमाभित्र सीमित रहेन, सारा युरोपभरि विकसित हुँदै गयो । १७६०-१८३० सम्ममा असङ्ख्य औद्योगिक प्रतिष्ठानहरू स्थापित भए । यसपछि पुँजीपति वर्ग र मजदुर वर्गको उदय भयो । औद्योगिक क्रान्तिपछि क्रमशः कृषि क्षेत्रमा पनि क्रान्तिकारी परिवर्तन हुँदै गयो । औद्योगिक क्रान्ति र कृषि क्रान्तिले निर्वाहमुखी उत्पादन प्रणालीलाई ठूलो मात्राको उत्पादन प्रणालीमा विकसित गऱ्यो । ठूल्ठूला जहाजबाट अन्तरदेशीय व्यापारको विकास र विस्तारसँगै औद्योगिक, कृषि र

व्यापारिक तीनै क्षेत्रमा क्रान्तिकारी परिवर्तन भयो । ठूला जमिनदारहरूले गाउँका गाउँ खरिद गर्न थाले । किसानको ठूलो हिस्सा भूमिहीन हुन थाल्यो । मेसिनले काम गर्न थालेपछि श्रम बजारमा बेरोजगारहरूको सङ्ख्या बढ्दै गयो । जमिनदार तथा उद्योगपतिहरूले सस्तो ज्यालामा छानीछानी कामदार प्राप्त गर्न थाले । यस्तै स्थितिमा सन् १७८९ मा फ्रान्सेली राज्यक्रान्ति भयो । यसले सामन्ती उत्पादन प्रणाली र सामन्ती राजतन्त्रलाई पल्टाएर लोकतान्त्रिक राज्य संरचनाको पनि सुरुवात गऱ्यो । यसरी उत्पादन प्रणाली र राज्यको उपरिढाँचामा पनि सामन्ती आधारलाई विस्थापित गर्ने र पुँजीवादी उत्पादन प्रणाली र आधार स्थापित हुँदै गए । यी सबै कुराले प्रगति पनि भयो । नयाँ-नयाँ समस्या पनि उत्पन्न भए । यस्तै बेला सन् १८४४ मा सामन्ती र पुँजीवादी आर्थिक संरचनाभन्दा भिन्न सहकारी संरचनाको जग बेलायतकै रोचडेलका २८ जना अग्रगामी व्यक्तिहरूबाट सुरु भयो ।

बेलायतबाट सुरु भएको यो सहकारी आन्दोलन क्रमशः सारा युरोपभरि फैलिँदै गयो । बेलायत र स्वीडेनमा उपभोक्ता सहकारीले बढी भूमिका निभायो । जर्मनी र डेनमार्कमा कृषि र बचत तथा ऋण सहकारीले प्रधानता पायो । फ्रान्समा औद्योगिक सहकारी, प्रिन्टिङ् प्रेस सहकारी प्रकृतिका बचत तथा ऋण सहकारीले प्रधानता पायो । जापानमा बहुउद्देश्यीय र कृषि सहकारी अघि बढ्दै गयो । युरोपका प्रायः सबै देशमा बहुसङ्ख्यक श्रमजीवी जनता सहकारी आर्थिक संरचनाका माध्यमबाट आफ्ना समस्या समाधान गर्न सफल भए । सहकारी आर्थिक संरचनाको विशाल सञ्जालमा बहुसङ्ख्यक जनता सम्बद्ध भएकै कारण युरोप प्राकृतिक रूपले विकट भएर पनि हरक्षेत्रमा अगुवाइ गर्न सफल भएको हो । आज पनि युरोपभरिका ४६ वटा देशमा कुनै पनि देश विकासोन्मुख विकासशील छैनन् । कारण सहकारी संरचनालाई अत्यन्त महत्त्व दिएकैले हो । सहकारी संरचनाले छरिएको स्रोत, छरिएको श्रम, छरिएको पुँजी, छरिएको सीप, छरिएको अनुभवलाई एकत्रित गर्छ । यस्तो हरेक स्थानका हरेक समस्यालाई समाधान गर्न उपायको खोजी गर्छ । यसरी प्रत्येकले आफैँ उपाय खोज्नुभन्दा सामूहिक ढङ्गले खोजिने उपाय वैज्ञानिक र व्यावहारिक हुने गर्छ ।

सन् १८३१ बाट रबर्ट ओवेनले सुरुवात गरेको र १८४४ मा रोचडेली पायोनियरहरूले संस्थागत रूपबाट सुरु गरेको र क्रमशः युरोप, अमेरिका, एसिया, अफ्रिकासम्म विस्तारित हुँदै गएको यो सहकारी आन्दोलनलाई संस्थागत र व्यवस्थित गर्न सन् १९२१ मा संसारभरिबाट आएका सहकारीकर्मीको महासभाले अन्तर्राष्ट्रिय सहकारी महासङ्घ बनायो र त्यसले रोचडेली अग्रगामीहरूले प्रस्ताव गरेको विधि तथा प्रक्रियालाई परिमार्जनसहित मान्यता दियो ।

यसपछि १९३० मा भियनामा भएको अन्तर्राष्ट्रिय सहकारी महासङ्घको महासभाले सहकारी सिद्धान्तको आधिकारिकताका लागि बनाएको सिद्धान्तलाई सात सिद्धान्तमा सूत्रीकरण गऱ्यो, यसैगरी अन्तर्राष्ट्रिय सहकारी महासङ्घको १९३७ मा निम्न सर्त पनि पारित गऱ्यो :

(१) खुला सदस्यता, (२) लोकतान्त्रिक नियन्त्रण, (३) खरिदमा लाभांश दिने, (४) पुँजीमा सीमित व्याज दिने, (५) राजनीतिक र धार्मिक तटस्थता, (६) हाताहाती व्यापार गर्ने र (७) निरन्तर प्रशिक्षण दिनुपर्ने ।

१९६४ मा इङ्ल्यान्डमा अन्तर्राष्ट्रिय सहकारी महासङ्घले सहकारी सिद्धान्तलाई परिमार्जन गर्ने एउटा आयोग बनायो । त्यो आयोगले १९६६ मा प्रतिवेदन प्रस्तुत गऱ्यो र सहकारीका सात सिद्धान्तलाई सर्वस्वीकार्य रूपमा प्रस्तुत गऱ्यो, जो यसप्रकार छन्:

१. स्वेच्छिक तथा खुला सदस्यता, (२) सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण, (३) सदस्यको आर्थिक सहभागिता, (४) स्वायत्तता र स्वतन्त्रता, (५) शिक्षा तालिम र सूचना, (६) सहकारी संस्थाहरूबीच सहयोग र (७) समुदायप्रति चासो ।

आमरूपमा अन्तर्राष्ट्रिय सहकारी महासङ्घले उक्त कुरालाई मान्यता दिएको भए पनि स्वतन्त्रता र स्वायत्तताजस्ता लोकतान्त्रिक आधारलाई कमजोर हुन नदिने गरी ठोस परिस्थितिको ठोस विश्लेषण गरी व्यावहारिक सुधार गर्ने कुरालाई महासङ्घले उदारतापूर्वक हेर्ने गरेको पाइन्छ । सहकारी सिद्धान्तअनुसार सहकारीको सदस्यता स्वेच्छिक हो तर कुनै देशको कुनै स्थानमा बाध्यकारी पनि बनाएको छ भने त्यसलाई स्वीकार गर्नुपर्छ । जस्तोः जापानका कतिपय समुदाय संरक्षित क्षेत्रमा व्यवस्थित र वैज्ञानिक खेती गराउन सहकारीको सदस्य बन्नैपर्ने गरेको इतिहास छ । यसैगरी ग्रीसमा पुनरवास सहकारीले त्यस स्थानमा सबैलाई अनिवार्य सदस्य बन्नुपर्ने प्रावधान राखेको थियो । खासगरीकन जमिनको चकलाबन्दी गर्न राज्यले अधिग्रहण गरेको वा प्राप्त गरेको वा चकलाबन्दी विशेष अभियान सञ्चालन गर्दा त्यहाँका किसानले अनिवार्य सहकारी सदस्य बन्नुपर्ने गराएको थियो ।

सहकारी आन्दोलनमा सहभागी हुन शिक्षा तालिम र सूचनाको अत्यन्त ठूलो महत्त्व छ । सहकारीसम्बन्धी अध्ययन सामग्रीहरू अध्ययन गर्ने । सहकारी संस्था गठन र परिचालन विधिका लागि तत्सम्बन्धी अध्ययन सामग्री खोजी-खोजी अध्ययन गर्ने । समकालीन सहकारी ऐनकानुन, नीति-नियमावलीहरूको अध्ययन गर्न र त्यसमा परिमार्जनका लागि सदा प्रयत्नशील भइरहने । कुन सहकारी कुन स्थानमा किन सफल र किन असफल भए, त्यसको कारण पत्ता लगाउने र त्यसबारे राम्रो तथा नराम्रो शिक्षा ग्रहण गर्ने गर्नुपर्छ । स्वदेश वा विदेशको अनुभवलाई व्यवहारमा लागू गर्न प्रयास गर्नुपर्छ ।

१ जुलाई २००६ मा संयुक्त राष्ट्रसङ्घका महासचिव कोफी अन्नानले नेपाललाई एउटा सन्देश पठाएका छन्, त्यसमा भनेका छन्- “शान्तिको आधार विकास र विकासको आधार शान्ति हो । प्रथम विश्वयुद्धदेखि नै सहकारीले सैन्यकरणको विरोध गऱ्यो, युद्धको विरोध गऱ्यो, लिग अफनेसन्स र संयुक्त राष्ट्रसङ्घलाई समर्थन गऱ्यो । संसारभरि नै सहकारीकर्मीहरू शान्तिका पक्षमा उभिएका छन् । आधारभूत तहमा लोकतन्त्र स्थापना गर्न, व्यक्तित्व विकास गर्न, क्षमतावान् क्षेत्रले कमजोर क्षेत्रलाई योगदान गर्न, पछाडि परेकालाई माथि उठाउन सहकारी महत्त्वपूर्ण भूमिका पूरा गर्न सक्ने संस्था हो । संसारभरिका नागरिक सरकारले सहकारीलाई प्रोत्साहन गर्नुपर्छ । सहकारी क्षेत्रको योगदानलाई महत्त्व दिनुपर्छ । सहकारीले दिगो विकास र शान्तिपूर्ण विकासमा योगदान गर्छ ।” यति मात्र होइन, सन् २००६ को संयुक्त राष्ट्रसङ्घको ध्येय (थिम) नै ‘सहकारीमार्फत शान्तिको निर्माण गरौँ’ भन्ने राखेको छ ।

यसकारण पनि सहकारी शिक्षालाई टोलटोल, बस्तीबस्ती र गाउँगाउँमा पुऱ्याउन जरुरी छ । राज्यले पनि सहकारी शिक्षालाई स्थान दिनुपर्छ, जसले शान्ति, विकास, लोकतन्त्र र स्थिरताका लागि बल पुऱ्याउँछ ।

०६३ कात्तिक २१ गतेको मध्यरातमा भएको आठ पार्टीबीचको सम्झौता र कार्यक्रमको बुँदा नं. ११ को (क) मा पनि 'सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने, आर्थिक-सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने' भनिएको छ । त्यसैगरी बुँदा (ख) मा भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति तय गरिने उल्लेख छ ।

उक्त आठ पार्टीको अठोटले आउँदा दिनहरूमा सामन्ती आर्थिक संरचनालाई विस्थापन गर्ने र लोकतान्त्रिक आर्थिक संरचनातर्फ अघि बढ्न अठोट गरेको पाइन्छ । लोकतान्त्रिक आर्थिक संरचनाको महत्त्वपूर्ण पक्ष सहकारी आर्थिक संरचना नै हो । त्यसका लागि आउँदो संविधानले अवश्य पनि किटान गर्नेछ । हाम्रो देशको अर्थतन्त्र सहकारी, सामुदायिक, निजी र राज्य संलग्नतासहितको मिश्रित अर्थ व्यवस्थाप्रति प्रतिबद्ध हुनेछ । यस्तो सम्भावना भएको सहकारी क्षेत्रलाई सबल र व्यापक बनाउन हाम्रो अध्ययनको महत्त्वपूर्ण विषयका रूपमा यसलाई ग्रहण गर्नु हाम्रो दायित्व हो । लोकतन्त्र सबैका लागि हुनसके मात्र त्यो सधैँका लागि हुनसक्छ । सबैका लागि लोकतन्त्र स्थापित गर्न सहकारी आर्थिक संरचना निर्माणप्रति प्रतिबद्ध आर्थिक क्षेत्रका नीति निर्माण हुन आवश्यक छ । यसकारण सहकारी शिक्षा आजको प्रमुख आवश्यकताभित्र पारिनुपर्ने विषय हो भन्ने कुरा हाम्रो हो । कुरा साम्यवादको गर्ने, समाजवादको गर्ने, आर्थिक कार्यक्रम र नीति, त्यसको विपरीत गर्ने कामले जनतामा धोका हुन्छ । हामी कसैले त्यसो गर्नुहुँदैन भन्ने कुरा सहकारी सिद्धान्तले सिकाएको छ ।

■

# मधेसमा 'जनतान्त्रिक' को हिंसा

**' सुरेश कार्की**

मधेस नेपालको दक्षिणी क्षेत्रको समथर भूभागलाई मानिन्छ । पूर्व मेचीदेखि पश्चिम महाकाली नदीसम्म फैलिएको यस भूभागको लम्बाइ एक हजार ५० माइल र चौडाइ करिब ३२ माइल छ । नेपालको कुल भूभागको २३ प्रतिशत भूमि ओगटेको यसको क्षेत्रफल ३४ हजार १९ वर्ग माइल छ । मधेसमा २० जिल्ला पर्दछन् । नेपालमा पुस्तौँदेखि बसोवास गर्दै आएका मधेसीहरूलाई नागरिकता पाउनबाट वञ्चित गरिएको छ । २०५१ सालमा तत्कालीन सरकारले गठन गरेको धनपति आयोगले योग्यता पुगेका ३४ लाख तराई मूलकालाई नागरिकता दिनुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ ।

मधेसमा प्रजनन् दर कम रहे पनि पहाडी क्षेत्रबाट मधेसतर्फ आप्रवासनले गर्दा जनसङ्ख्या वृद्धि भएर क्षेत्रीय, जातीय, राजनीतिक समस्याहरू उत्पन्न भएका छन्, जसले गर्दा मधेसीहरूका भाषा, संस्कृति, रीतिरिवाज र उनीहरूको राष्ट्रिय पहिचानमा समेत असर परिरहेको छ । कृषियोग्य जमिनमा मधेस धनी भएकाले मधेसलाई अन्नको भण्डार र आर्थिक मेरुदण्डको रूपमा लिइन्छ । नेपाल सरकारलाई मधेसको कृषि, उद्योग र भन्सारबाट ७६ प्रतिशत राजस्व उठ्छ ।

मधेस नेपालको सबैभन्दा सम्पन्न र सुगम भूभाग भएर पनि बहुसङ्ख्यक मधेसीहरू गरिब, बेरोजगार, अशिक्षित र पिछडिएका छन् । राज्यबाट पनि उनीहरू उपेक्षित, अपहेलित, शोषित र पीडित छन् । फलस्वरूप यतिबेला मधेसमा मधेसीहरूको हक-अधिकारका निम्ति विभिन्न मधेसी सङ्गठनहरू गठन हुँदै मधेसी समुदायको क्षेत्रीय स्वायत्त शासन र आत्मनिर्णयको अधिकारको सवाललाई प्रमुख मुद्दा बनाएर उठाइरहेका छन् र कसैकसैले हिंसात्मक बाटो समाएर विद्रोह पनि गरिरहेका छन् ।

**मधेसमा मधेसीहरूको सङ्गठनहरू**

०१० सालमा तराई काङ्ग्रेसले सर्वप्रथम मधेसी मुद्दालाई संस्थागत रूपमा उठाए पनि राजा महेन्द्रसँग मिलेमतो गरी बेदानन्द झाले मन्त्री पद कुम्ल्याएपछि मधेसीको आवाज उठाउन छाडे । पञ्चायतकालमा वामपन्थीहरूले तराई मुक्तिमोर्चामार्फत मधेसी आन्दोलन चलाए पनि अगाडि बढ्न सकेन । कालान्तरमा वामपन्थी आन्दोलनमा नै विभाजन आएपछि मधेसको समस्या ओझेलमा पर्दै गयो । मधेसीको सस्तो नारा दिएर राजनीतिमा प्रवेश गरेका परशुनारायण चौधरी र बद्री मण्डल राजावादी भएपछि मधेसीको भन्दा आफ्नै दुनो सोझ्याउन थाले । मधेसमा ००८ देखि ०१४ सालसम्म विशाल आन्दोलनहरू उठेका थिए । यस आन्दोलनमा मधेसका किसानहरूले सामन्तका तमसुक च्यात्ने, सहकारी भकारी आन्दोलन, भकारी फोडेर धान जम्मा गर्ने, सामन्तका जुँगा उखेलेर गाउँ घुमाउने र 'नही जी कहो' आन्दोलनहरू चर्चित थिए । उपरोक्त आन्दोलनका क्रममा मधेसीहरू सहिद भएका थिए भने कतिपय आन्दोलनका चर्चित नेताहरू भएर देखापरे ।

**नेकपा (एमाले) को धारणा**

०५० सालमा नेकपा (एमाले) ले मधेसको समस्या अध्ययन गर्न 'तराई समस्या अध्ययन कार्यदल' बनायो र यसले मधेसी सङ्गठन गठन गर्न पार्टीलाई सुझाव दियो। त्यसपछि मधेसी भेला आयोजक कमिटी बनाएर उपत्यकामा चियापान कार्यक्रम सम्पन्न गऱ्यो र यसले मधेसी जनसङ्गठन निर्माण गर्ने अवधारणापत्र प्रस्तुत गऱ्यो। नेकपा (एमाले) को १२ औं बैठकले मधेसी जनसङ्गठन बनाउने निर्णय गऱ्यो र सङ्गठनको स्वरूप बनाउने जिम्मा स्थायी समितिलाई दिएको छ। तर, हालसम्म उक्त सङ्गठन निर्माण भइसकेको छैन।

**मधेसी जनअधिकार फोरम**

मधेसका बुद्धिजीवीहरूले ०५१ सालमा मधेसलाई राज्यको मूल प्रवाहमा ल्याउन सरकार र दलहरूलाई दबाब दिने उद्देश्यले मधेसी जनअधिकार फोरम गठन गरे। यस फोरमको सुरुमा माओवादी नेताहरू पनि आमन्त्रित सदस्यका रूपमा उपस्थित हुने गर्थे। पछि माओवादीले आफ्नो भ्रातृ सङ्गठनको रूपमा छुट्टै मधेसी सङ्गठन निर्माण गरेपछि मधेसी फोरम मधेसी बुद्धिजीवीहरूको साझा सङ्गठनका रूपमा स्थापित भयो। ०६२ साउन १२-१३ मा विराटनगरमा सम्पन्न केन्द्रीय कमिटीको बैठकले यस 'मधेसी फोरम' लाई राजनीतिक पार्टीका रूपमा विस्तार गर्ने निर्णय गऱ्यो। अहिले फोरमको अध्यक्षमा उपेन्द्र यादव, महासचिवमा जयप्रकाश गुप्ता र सदस्यमा सीतानन्दन राय रहेका छन्। यसले आत्मनिर्णयको अधिकारसहित सङ्घीय राज्यको माग गर्ने, नागरिकतालगायत मधेसको आर्थिक-सामाजिक रूपान्तरणको सवाल उठाइरहेको छ।

**माओवादीको मधेसी राष्ट्रिय मुक्तिमोर्चा**

नेकपा (माओवादी) ले आफ्नो भ्रातृ सङ्गठन 'मधेसी राष्ट्रिय मुक्ति मोर्चा' को पहिलो राष्ट्रिय महाधिवेशन प्रचण्डको विशेष उपस्थितिमा ०५८ सालमा सर्लाहीमा सम्पन्न गऱ्यो र जयकृष्ण गोइतलाई अध्यक्षमा निर्वाचित गऱ्यो। हेक्का रहोस्, यसअघि देवनारायण यादवको संयोजकत्वमा मधेसी राष्ट्रिय मुक्तिमोर्चाको केन्द्रीय तदर्थ समिति थियो। मधेसको जिम्मा पाएका गोइत र माओवादी नेताहरूबीच मधेसको सवालमा मतमतान्तर हुन थाल्यो। माओवादीको केन्द्रीय नेतृत्वले मधेसलाई कोचिला, थारुवान र मधेस क्षेत्रमा विभाजन गऱ्यो तर गोइत सिङ्गै मधेसलाई एउटै क्षेत्र बनाउन चाहन्थे। फलस्वरूप, ०६० असार २६-२७ मा सर्लाहीमा सम्पन्न दोस्रो राष्ट्रिय भेलाले मातृका यादवलाई अध्यक्ष बनायो र गोइतलाई सल्लाहकारको अध्यक्षमा राख्ने निर्णय गऱ्यो। अहिले पनि मातृका यादव मधेसलाई तीन क्षेत्रमा विभाजन गरेकोमा असन्तुष्ट छन्। यस सङ्गठनले मङ्सिरमा काठमाडौँमा दोस्रो राष्ट्रिय महाधिवेशन गर्दैछ। विभिन्न प्रचारसभामा 'चेत मधेसिया चेत, खेलेकौ पहाडिया खेत' जस्तो भड्किलो नारा लाउँदैछ।

**अन्य मधेसी सङ्गठनहरू**

नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) ले उमाकान्त चौधरीलाई 'तराई समस्या प्रतिनिधित्व र भूमिका' बारे जिम्मा दिएको छ। राप्रपाले मधेस विभाग गठन गरेको छ भन्ने नेसपाले मधेसी सङ्गठन गठन गरेको छ। नेपाली काङ्ग्रेस मधेसी सङ्गठनबारे मौन छ।

**जनतान्त्रिक तराई मुक्तिमोर्चा**

माओवादीको भ्रातृ सङ्गठन मधेसी राष्ट्रिय मुक्तिमोर्चाको दोस्रो राष्ट्रिय महाधिवेशनबाट जयकृष्ण गोइतलाई अध्यक्षबाट हटाएपछि उनी उपरोक्त निर्णयबाट असन्तुष्ट भएपछि विस्तारै पार्टीको सम्पर्कबाट टाढा हुँदै गए। यता सप्तरीमा आएर गोइतले असन्तुष्ट पक्षलाई सङ्गठित गरी ०६१ साउन १० मा 'जनतान्त्रिक तराई मुक्तिमोर्चा' आफ्नै अध्यक्षतामा गठन गरे र 'दुर्गानन्द झा प्लाटुन' को नामबाट करिब एक सय ५० जनाको सशस्त्र फौज निर्माण गरी हिंसात्मक गतिविधि सुरु गरे।

मोर्चाले मधेसका मूल निवासीहरू शोषण र उत्पीडनका सिकार भएकाले मधेसको स्वतन्त्रताको सवाल उठाइरहेका छन्। साथै, सिङ्गो मधेसलाई एउटै प्रदेश बनाउने पक्षमा छन्। अर्कोतिर, माओवादी पार्टीभित्र जातीय स्वशासित राज्यको निर्माण गर्ने कुरा उठेपछि मधेसी मूलका माओवादीको महत्त्वाकाङ्क्षा बढेर पछि मोर्चाले पनि आत्मनिर्णयको अधिकारसहित सङ्घीय राज्यको माग गर्न थाले। यसले पनि मधेसीको नागरिकता, पहाडे जमिनदारले मधेसीलाई शोषण-उत्पीडन गरेकोलगायत कुरा उठाइरहेका छन्।

**मधेसी टाइगरको विलय**

सोलुखुम्बुमा माओवादी सैन्य दस्ताका कमाण्ड गरेर बसिरहेका रौतहटका अजय उपनामका शम्भुप्रसाद यादवले माओवादीसँग विद्रोह गरी 'मधेसी टाइगर' गठन गरे। उनले सञ्चारकर्मीलाई माओवादीले महोत्तरीका उनका आफन्तहरूलाई दुःख दिएकाले माओवादीबाट विद्रोह गरेको सुनाएका थिए। पछि गोइतको पार्टी जनतान्त्रिकमा विलय भएपछि उनी मोर्चाको पूर्वी सैन्य कमाण्डर पनि भए। तर, पछि अजय भेटघाटका क्रममा आफ्नो घर गएको बेला सेनाले पक्राउ गरी गोली हानी हत्या गरेर बाग्मती नदीमा फालिदिएका थिए। त्यसपछि मोर्चाले पूर्वी कमाण्डर इन्चार्ज सिराहाका विनय महतो (सुरज) लाई बनाएका थिए र उनको पनि सिराहाको अयोध्यानगरमा आफन्तको घर गएका बेला ०६२ साउन २ मा माओवादीको एक समूहले उनको हत्या गरे। यही हत्याले मोर्चा र माओवादीबीचको युद्ध सुरु भएको थियो। उनीहरूबीच यतिसम्म शत्रुता रह्यो कि एकले अर्कालाई देखेपछि सिध्याउने स्थितिमा पुगे।

**मोर्चामा प्रवेश र हत्या**

सिराहाका देवनारायण यादव माओवादीका वैकल्पिक केन्द्रीय सदस्यसमेत भएका थिए भने माओवादीनिकट मधेसी राष्ट्रिय मुक्तिमोर्चाका संस्थापक संयोजक पनि भए। सिराहा, सप्तरी र धनुषामा स्थापित र लोकप्रिय मधेसी नेताका रूपमा चर्चित थिए। कुनै अज्ञातस्थलमा माओवादी केन्द्रीय कमिटीको बैठक सम्पन्न गरी जिल्ला फर्केपछि ०६१ भदौ २० मा सिराहाको धन्छवारमा माओवादी केन्द्रीय सदस्यद्वय शेरमान कुँवर, मोहन गौतम सुरक्षा-कारबाहीमा मृत्यु भएपछि उपरोक्त घटनामा संयोगवश बाँचेका देवनारायण यादवलाई दोष देखाएर माओवादीले श्रम शिविरमा लगेर कारबाही गरेका थिए। यसरी पार्टीले कारबाही गरेपछि शिविरबाट भागेर प्रेस विज्ञप्ति जारी गरी यादवलगायत तराई मूलका धेरै सिराहाका माओवादीहरू मोर्चामा

प्रवेश गरे । देवनारायण उक्त पार्टीको पोलिटब्यूरो सदस्य तथा पूर्वी तराई क्षेत्रीय ब्यूरो इन्चार्ज भएकै बेला काम विशेषले सिराहाको वरियापट्टि बजारमा जाँदै गर्दा ०६२ जेठमा सुरक्षा कारबाहीमा मारिएका थिए ।

**मोर्चा र माओवादीबीच हत्या र हिंसाहरू**

जनतान्त्रिक तराई मुक्तिमोर्चा र माओवादी आपसमा भीडन्त गर्दा सिराहा र सप्तरीमा करिब डेढ दर्जनको हत्या भइसकेको छ । मोर्चाले करिब ३० जनाको अपहरण गरी फिरौती लिई छाडिदिएका छन् । मुलुकभरि युद्धविराम भइराखेका बेला मधेसी राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष मातृका यादवले ०६३ साउन २ मा राजविराजमा पत्रकार सम्मेलन गरी मोर्चाका विरुद्धमा युद्धको घोषणा गरेपछि सिराहा-सप्तरीमा सशस्त्र कारबाही जारी रहेकोमा जनता आतङ्कित छन् । सप्तरी जिल्ला पहिलादेखि नै माओवादीको कम प्रभाव क्षेत्र भएको हुँदा जनतान्त्रिकको गतिविधि बढेको हो र दुवैको बीचमा कयौँ ठाउँमा सशस्त्र मुठभेडहरू भएका छन् ।

**हत्या (जनतान्त्रिकबाट)**

- माओवादी इन्द्रदेव साफी- जमुनी, मधेपुरा-८
  - ०६२ वैशाख १ माबनैनियामा गोली हानी हत्या ।
- माओवादीका कमलेश यादव- काचन-४
  - ०६२ भदौ १३ मा झुटकीको कजरा धारमा धारिलो हतियारबाट हत्या ।
- राजु घिसिङ-उदयपुर- बसाहा
  - ०६२ चैत ३० मा तिलाठीको कुनौलीमा गोली हानी हत्या ।
- दिनेश राउत- उदयपुर। बसाहा-८
  - ०६३ वैशाख २ मा जोगिनिया-५ मा गोली हानी हत्या ।
- बद्री यादव-सप्तरी रम्पुरा गाविस अध्यक्ष
  - ०६३ जेठ २० मा कुनौलीमा गोली हानी हत्या ।
- विजयकुमार झा र महेन्द्र यादव- छिन्नमस्ता-१
  - ०६३ असार २१ मा छिन्नमस्तामा गोली हानी हत्या ।
- सांसद कृष्णचरण श्रेष्ठ, रामवृक्ष मुखिया- सिरहा बेलही
  - ०६३ असोज ७ मा एसएमजी प्रयोग गरी हत्या । स्थानीयवासीले मोर्चाका रुदल महतो र विहारी महतोलाई घटनास्थलनजिकै पक्राउ गरी कुटेर मारे र एसएमजी मोटरसाइकल र मोबाइल कब्जा गरे ।

**अपहरण**

- माओवादी कार्यकर्ता शिवु मण्डल- बेलही, चपेना
  - ०६२ वैशाख १ मा अपहरण गरी आठ दिनपछि रिहा ।
- देवेन्द्र देवकोटा, राजविराज
  - ०६२ कात्तिक ५ मा अपहरण गरी पाँच लाख लिई १० दिनपछि रिहा ।
- उचितबहादुर शाही र चन्द्रबहादुर श्रेष्ठ- सिराहा गोलबजार
  - ०६२ भदौ ११ मा अपहरण गरी तीन लाख लिई १० दिनपछि रिहा ।
- निरज श्रेष्ठ- राजविराज
  - ०६२ मंसिर २१ मा अपहरण गरी तीन लाख १० हजार लिई १० दिनपछि रिहा ।
- खिलामान पोखरेल- कञ्चनपुर
  - ०६२ माघ ५ मा अपहरण गरी एक लाख लिई १४ दिनपछि रिहा ।
- परमानन्द साह, राजकुमार यादव र देवनारायण श्रेष्ठ-सप्तरी
  - ०६२ पुस २१ मा अपहरण गरी माओवादी र अन्य पार्टी छाड्ने सर्तमा रिहा ।
- शिवनारायण यादव- पोर्ताहा
  - ०६२ माघ २१ मा अपहरण गरी २० दिनपछि रिहा ।
- जितेन्द्रकुमार श्रेष्ठ- कञ्चनपुर
  - ०६२ माघ २४ मा अपहरण गरी दुई लाख ५० हजार लिई १४ दिनपछि रिहा ।
- गणेश श्रेष्ठ र दुर्गाबहादुर पाण्डे- पिप्रा पूर्व
  - ०६२ चैत २० मा अपहरण र तराई छाड्ने सर्तमा रिहा ।
- दिनेश साह- फत्तेपुर
  - ०६२ चैत ३० मा अपहरण र वैशाख ८ मा रिहा ।
- टङ्क चाम्लिङ-खोटाङ
  - ०६३ वैशाख १० मा हनुमाननगरबाट अपहरण र एक लाख लिई पाँच दिनपछि रिहा ।
- शिवधन राई, फत्तेपुर

- ०६३ जेठ १ मा अपहरण र पाँच दिनपछि रिहा, मोटरसाइकल कब्जामा लिए ।

- ♦ तीर्थराज खतिवडा- विराटनगर
  -०६३ असार २१ मा राजविराज भन्सारबाट अपहरण र तीन लाख लिई रिहा ।
- ♦ इन्जिनियर प्रशान्त बाबु तिवारी र ज्ञानेश्वर दङ्गाल- विराटनगर
  - ०६३ साउन १६ मा अपहरण र आठ लाख लिई रिहा ।
- ♦ गौरीप्रसाद सापकोटा- चितवन
  -कात्तिक २ गते अपहरण गरी कात्तिक १५ गते एक लाख २५ हजार लिई रिहा ।

**मोर्चाद्वारा जग्गा कब्जा, कुटपिट र धम्की**

'नेपाली शोषक शासनलाई अन्त्य गरौँ र सुन्दर वैज्ञानिक मधेस राष्ट्रको निर्माण गरौँ' भन्दै ०६२ मङ्सिर २६ गते धम्कीपूर्ण विज्ञप्ति प्रकाशित गरी निम्न व्यक्तिको जग्गा कब्जा गरेका छन् :

१. महेन्द्रप्रसाद देवकोटा - राजविराज
२. शिशुप्रसाद देवकोटा- राजविराज
३. सूर्यप्रसाद देवकोटा- राजविराज
४. महेशप्रसाद देवकोटा - राजविराज
५. विजय श्रेष्ठ - नर्घो
६. अनिलप्रसाद उपाध्याय - नर्घो
७. मोहनकृष्ण खरेल - नर्घो
८. रामकुमार श्रेष्ठ - नर्घो
९. अच्युतकृष्ण खरेल - नर्घो
१०. कुवेर शर्मा - नर्घो
११. ज्ञानु पोखरेल- नर्घो
१२. प्रल्हाद क्षेत्री- नर्घो
१३. जयप्रसाद पोखरेल - नर्घो
१४. अविनाश प्याकुरेल - छिन्नमस्ता
१५. दीपक राज- बेलही
१६. अप्फा राज - बेलही
१७. माधवशमशेर - सिम्राहा, सिघियौन

मोर्चाका कार्यकर्ताले धरमपुरका गणेश बस्नेत र पूर्णप्रसाद भट्टराईलाई ०६२ फागुन २३ मा अपहरण गर्न आउँदा गाउँलेको प्रतिकारबाट भागे र अपहरण गर्न असफल भए । यसैगरी उदयपुरका बुद्धबहादुर खड्का र रामकुमार मागर र राजकुमार खत्रीलाई ०६२ चैत ३ मा मरणासन्न हुने गरी कुटपिट गरी मधेस छाड्न दबाब दिए। पिप्रापूर्वका चतुरमान तामाङ, जगतबहादुर निरौला, खार्मेली तामाङ र सानकेसी तामाङलाई हतियारधारी मोर्चाका कार्यकर्ताले कुटपिट गरी मधेस छाड्न भनेका छन् । **माओवादीद्वारा मोर्चाको कार्यकर्ताको हत्या**

मोर्चाका जाफिर मन्सुरी, सरिफ मन्सुरी र सर्वसाधारण चन्द्रशेखर साहलाई ०६२ चैत २६ मा माओवादीले अपहरण गरी साम्प्रदायिक भएकाले गोली हानी हत्या गरे । यसैगरी, लोहजाराका कुसानन्द भिण्डवार यादवलाई ०६३ असार ३२ मा घरबाट निकाली गोली हानी हत्या गरे ।

हतियारधारी माओवादीले सिराहा जिल्लाको इट्टाटार गाविस घेरा गरी मोर्चाको प्रभाव क्षेत्र रहेको वडामा सर्वसाधारण र महिलालाई कुटपिट गर्नुका साथै मोर्चाका रुदल महतो र विहारी महतोलाई पक्राउ गरी कब्जामा लिएका थिए ।

स्मरण रहोस्, सांसद कृष्णचरण श्रेष्ठको हत्या भएको चार दिनअघि माओवादीले उनीहरूलाई हिरासतबाट मुक्त गरेका थिए । आफ्नै निवासमा रहेका बेला हिरासतबाट मुक्त तिनै महतोद्वयले श्रेष्ठलाई गोली हानी हत्या गरेका थिए र गाउँलेहरूले उनीहरूलाई समातेर कुटपिट गरी मारेका थिए ।

**मोर्चा विभाजित**

मधेसको मुक्तिका लागि खोलिएको र हिंसात्मक सङ्घर्षको बाटोमा हिँडिरहेको मोर्चा पनि विभाजित भएको छ । गोइतसँग असहमति जनाउँदै ०६३ साउनको अन्त्यमा ज्वाला सिंह (नागेन्द्र पासवान) को अध्यक्षतामा २३ सदस्यीय नयाँ समिति बनेको छ । ज्वाला सिंहले गोइत शारीरिक रूपले अस्वस्थ रहेको कारणले भूमिगत पार्टी सञ्चालन गर्न नसकेको हुँदा उहाँलाई मधेसको सर्वमान्य नेता मानिएको छ भनी वक्तव्यमा उल्लेख गरिएको छ । अर्कोतिर गोइतले मोर्चाबाट पासवानलाई निष्कासन गरेको हुँदा उता गोइतले आफ्नो नेतृत्वमा मोर्चा छँदैछ भनेर दाबा गरिरहेका छन् । त्यसैगरी, अर्को समूहको नेतृत्व गरिरहेका ज्वाला सिंहले माओवादीसँग वार्ता गर्न तयार रहेको भनेका छन् । यसैगरी, अझ उनी भन्छन्- 'पहाडे मूलको मानिसको समर्थनबिना मधेस मुक्त हुन सक्दैन ।'

**मोर्चाप्रति विभिन्न भनाइहरू**

माओवादीका अध्यक्ष प्रचण्डले झापाको पत्रकार सम्मेलनमा जनतान्त्रिकसँग कुराकानी गर्न जिम्मेवार पक्षलाई खटाइसकेको र जयकृष्ण गोइतले आत्मालोचना गरेर आएमा पार्टीमा सम्मानित स्थान दिन सकिने बताएका छन् । त्यस्तै, माओवादी सिराहा-सप्तरी इन्चार्जले जनतान्त्रिकले आक्रमण नगरेसम्म आफूहरूले उनीहरूमाथि हमला नगर्ने वाचा सार्वजनिक गरेका छन् ।

प्रतिनिधिसभा संसदीय परराष्ट्र तथा मानवअधिकार समितिको बैठकले निम्न निष्कर्ष निकाली नेपाल सरकारलाई सुझाव दिएको छ- सप्तरी, सिराहा जिल्लामा जनतान्त्रिकले थालेको हिंसा, अपहरण र चन्दा असुल्ने कार्य तत्काल बन्द गरी शान्ति प्रक्रियामा सहभागी गराउन आग्रह गरेको छ ।

त्यसैगरी, समितिले नेकपा (माओवादी) को भ्रातृ सङ्गठन मधेसी राष्ट्रिय मुक्तिमोर्चाले सप्तरी तथा सिराहा जिल्लामा जनतान्त्रिकका विरुद्ध युद्धको घोषणा गर्दै सशस्त्र कारबाही थालेकोमा चिन्ता व्यक्त गर्दै मुलुकको शान्ति बहालीको प्रक्रियालाई अगाडि बढाउन सम्बन्धित पक्षसँग आवश्यक पहल गरी तत्काल उक्त निर्णय फिर्ता गराउन अनुरोध गरेको छ ।

नेकपा (एमाले) को १२ औं केन्द्रीय कमिटी बैठकले समसामयिक सवालमा प्रस्ताव पारित गर्दै भनेको छ- 'तराईको सप्तरी, सिराहालगायत जिल्लाहरूमा जनतान्त्रिक तराई मुक्तिमोर्चाले थालेको चन्दा असुल्ने, अपहरण गर्ने र हत्या गर्नेजस्ता कार्यहरू बढ्दै गएर जनजीवन असुरक्षित हुन थालेको छ। जनतान्त्रिक तराई मुक्तिमोर्चा र नेकपा (माओवादी) सँग सम्बन्धित मधेसी राष्ट्रिय मुक्तिमोर्चाबीच बढ्न थालेको हिंसात्मक मुठभेडले तराईका जिल्लाहरूमा जनजीवन आतङ्कित बन्न थालेकाले यसको नियन्त्रण र समस्या समाधानका लागि तत्काल वार्तालगायत अन्य आवश्यक उपायहरू अघि बढाउन सरकारको ध्यानाकर्षण गराएको छ ।

उपरोक्त निष्कर्ष र सुझाव दिनुभन्दा अघि एमालेको सप्तरी र सगरमाथा अञ्चल कमिटीले हिंसा, हत्या र अपहरण बन्द गरी समाधानका लागि तत्काल वार्ता प्रारम्भ गरी हत्या-हिंसालाई रोक्न अन्य आवश्यक उपायहरू खोजी गर्न सरकारलाई आग्रह गरेका थिए ।

**निष्कर्षहरू**

- हिंसा, हत्या, अपहरणजस्ता गतिविधिहरू लोकतन्त्रको सिद्धान्तविपरीतका कार्यहरू हुन् । लोकतन्त्रमा शान्ति, सुशासन र समतामूलक समाज निर्माण गर्नुपर्ने महत्त्वपूर्ण कार्यसूचीहरू रहन्छन् । तसर्थ, कुनै पनि प्रकारको हिंसात्मक गतिविधिलाई समाजमा स्थान दिनुहुँदैन । उपरोक्त कार्यहरू रोक्न र समाधान निकाल्न प्रभावकारी तरिका अवलम्बन गर्नुपर्छ ।
- समाज, राष्ट्र र पार्टीमा पनि असन्तुष्टिहरू भइरहन्छन् । तर, असन्तुष्टिलाई हरेक बेला विद्रोहमा परिणत हुन दिनुहुँदैन । तसर्थ, असन्तुष्टिहरू जाहेर गर्ने तरिकाहरू फरक हुन सक्छन् । सामान्य समस्यामा पनि विद्रोह गरी हत्या र सशस्त्र सङ्घर्षको बाटोमा हामफाल्नु गलत र हानिकारक हुन्छन् । मतभिन्नता, असन्तुष्टिहरूलाई वार्ता, संवादबाट हल गर्न सकिन्छ ।
- लोकतन्त्रलाई संस्थागत गर्न र द्वन्द्वलाई समाधान गरी सिङ्गो मुलुक दिगो शान्तिको प्रक्रियामा अघि बढिरहेका बेला किराँत वर्कर्स पार्टीलगायत सबै खाले विद्रोहीहरूलाई राष्ट्रिय मूल प्रवाहमा समाहित गर्ने कोसिस गर्नुपर्छ । निश्चित उद्देश्य भएका गलत तरिकाबाट शक्ति आर्जन गरी शक्ति हत्याउन प्रयत्न गर्नेहरू इतिहासका विभिन्न कालखण्डमा धराशायी भएका छन् । विगत १२ वर्षदेखि सशस्त्र युद्धको बाटोमा हिँडेका माओवादीहरूले पनि शान्तिपूर्ण प्रतिस्पर्धालाई स्वीकार गरी १२ बुँदामा हस्ताक्षर गर्न बाध्य भए र अन्त्यमा १९ दिनको शान्तिपूर्ण आन्दोलनले विद्रोहको स्वरूप लिएपछि राजा आन्दोलनकारी सामुन्ने घुँडा टेक्न विवश भए । लोकतन्त्रलाई सबैखाले खतराबाट मुक्त गरी हिंसात्मक बाटो त्याग गर्न सबैलाई आग्रह गर्नुपर्छ ।
- समय छँदै समस्या समाधान गर्न तत्परता देखाइएन भने हिंसात्मक र शान्तिपूर्ण धारका असन्तुष्टि र विद्रोहहरू एकै स्थानमा एउटै उद्देश्य बोकेर हिँडे भने विकराल रूप लिँदै विस्फोटन हुने खतरा रहन्छ । अनि, सम्पूर्ण मधेसको आवाज एकसाथ जोडिन थाल्यो भने विदेशीले चलखेल सुरु गर्न थाल्नेछन् र विदेशी हस्तक्षेपको सम्भावना बढ्दै गएर राष्ट्रिय एकता र अखण्डतामा गम्भीर खतरा उत्पन्न हुन सक्नेछ ।
- सांसद कृष्णचरण श्रेष्ठको हत्या गरेपछि मोर्चा राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारमा आउन चाहन्थ्यो र मधेसमा पहाडे मूलका नेपालीलाई आतङ्कित बनाई मधेस छाड्न दबाब दिन चाहन्थ्यो । तसर्थ, चाँडै समस्या समाधान गर्न तत्परता देखाउनुपर्छ होइन भने स्थापित मिडियामा बम विस्फोटलगायत यस्ता हत्याका शृङ्खलाहरू फेरि पनि कुनै पनि समय र स्थानमा प्रचारका निम्ति दोहोरिन सक्छन् ।
- सामाजिक असमानता, जातीय विभेद, क्षेत्रीय असन्तुलन, लिङ्ग र वर्गीय विभेद, शोषण, उत्पीडन, अन्याय र अत्याचार रहन पुग्यो भने विद्रोहको सम्भावना रहिरहन्छ । त्यस्तै गरी, कसैलाई काखा र कसैलाई पाखा लगाएर 'गणेश' प्रवृत्ति र नातागोतालाई मात्र हेर्न थाल्यो भने समस्या उत्पन्न भइरहन्छ । तसर्थ, असमानता, असन्तुलन र सबै प्रकारका विभेद हटाउन अग्रसर बन्नुपर्छ ।
- मधेसमा बसोवास गरिरहेका मधेसी गरिब, भूमिहीन तथा दलित समुदाय अधिकांश ब्लक वा जमिनदारले दिएको जग्गामा घर बनाएर बसेका छन् । तसर्थ, बसोवास गरिरहेका सम्बन्धित व्यक्तिको नाममा उपरोक्त जग्गा नापी गराई नागरिकता पनि उनीहरूलाई उपलब्ध गराइदिनुपर्छ ।

■

# युनुस र नोबेल शान्ति पुरस्कार

' डा. गोविन्दबहादुर थापा

सन् २००६ को नोबेल शान्ति पुरस्कार बङ्गलादेशका प्राध्यापक डाक्टर मोहम्मद युनुस र उनको ग्रामीण बैंकलाई प्रदान गर्ने घोषणा गरिएको छ। यो घोषणा नर्वेजियन नोबेल कमिटीले अक्टोबर १३, २००६ का दिन ओस्लोबाट गरेको हो। यसअनुसार, १४ लाख अमेरिकी डलर बराबरको यो पुरस्कार राशि प्रोफेसर युनुस र उनको ग्रामीण बैंकले आधा-आधा बाँडेर लिनेछन्। सामान्यतया लामो नरसंहारकारी युद्धग्रस्त क्षेत्र वा मुलुकमा शान्ति स्थापना गर्ने कार्यमा निर्णायक र नेतृत्वदायी भूमिका खेल्ने व्यक्ति वा संस्थालाई दिइने नोबेल शान्ति पुरस्कार यसपटक ग्रामीण र विशेषगरी गरिब महिलाहरूलाई थोरै रकमको कर्जा दिई उनीहरूलाई गरिबीको चक्रबाट मुक्त गर्ने ग्रामीण बैंकको अवधारणा विकास गरी त्यसलाई सफलतापूर्वक व्यवहारमा उतार्ने एक जना व्यावहारिक बैंकर र अर्थशास्त्रीलाई प्रदान गर्ने घोषणा गर्दा धेरैलाई अचम्म पनि लाग्यो। नोबेल शान्ति पुरस्कारको इतिहासमा यो पहिलोपटक भएको भने होइन। यसअघि पनि यस्ता व्यक्ति तथा संस्थाहरूलाई यो पुरस्कार दिइएको छ। कोलकाताकी मदर टेरेसा स्वयम् यस कुराकी उदाहरण हुन्। गरिबी निवारणको क्षेत्रमा प्रोफेसर युनुसले हासिल गरेको अभूतपूर्व सफलताबाट परिचित रहेकाहरूका लागि भने यो घोषणा अत्यन्त स्वाभाविक लाग्यो। नोबेल शान्ति समितिले यो पुरस्कार घोषणा गर्दा 'तलबाट आर्थिक तथा सामाजिक विकास गर्ने प्रयासका निमित्त (for their efforts to create economic and social development from below) प्रदान गरिएको' भनिएको छ। हिंसा र द्वन्द्वको मूल कारक तत्त्वका रूपमा रहेको विभेद र वञ्चितीकरणबाट सिर्जित गरिबीलाई प्रभावकारी रूपमा निवारण गर्नु नै वास्तविक शान्तिका लागि काम गर्नु हो भन्ने अर्थमा प्रोफेसर युनुस र उनको ग्रामीण बैंकलाई विश्वको सबैभन्दा प्रतिष्ठित यो पुरस्कार प्रदान गरिएको छ।

**को हुन् मोहम्मद युनुस ?**

युनुसको जन्म तत्कालीन पूर्वी बङ्गाल र हालको बङ्गलादेशको दोस्रो ठूलो सहर चटगाउँको एउटा हुनेखाने परिवारमा सन् १९४० मा भएको हो। उनका पिता सुनको काम गरी आफ्नो परिवारलाई मनग्य पुग्ने आय आर्जन गर्दथ्ये। उनका मातापिताले १४ सन्तान जन्माए तापनि तीमध्ये पाँच जनाको जन्मनासाथ मृत्यु भएको थियो। उनका पिताले आफ्ना छोराहरूलाई उच्च शिक्षा आर्जन गर्न हरबखत प्रेरित गरिरहन्थ्ये। तर, प्रोफेसर युनुसमा पिताको भन्दा माता सोफिया खातुनको बढी प्रभाव परेको उनी बताउँछन्। उनी असाधारण रूपमा प्रतिभाशाली विद्यार्थी थिए। २२ वर्षकै उमेरमा उनले कलेजमा अर्थशास्त्र विषयमा अध्यापन सुरु गरेका थिए। अध्यापन गर्दागर्दै सन् १९६५ मा फुलब्राइट छात्रवृत्ति प्राप्त गरी उच्च अध्ययन गर्न उनी अमेरिका गए। अमेरिकाको भ्याण्डरविल्ट विश्वविद्यालयबाट सन् १९६९ मा अर्थशास्त्र विषयमा विद्यावारिधि उपाधि हासिल गरी अमेरिकाकै मिडिल टेनेसी राज्य विश्वविद्यालयमा सहायक प्राध्यापकमा नियुक्त भई अर्थशास्त्र पढाउन सुरु गरे। सन् १९७१ मा बङ्गलादेश स्वतन्त्र भएपछि सन् १९७२ मा ठूलो उत्साह लिएर उनी बङ्गलादेश फर्के र चटगाउँ विश्वविद्यालयमा अर्थशास्त्र विभागको प्रमुख बनी विकास अर्थशास्त्र अध्यापन गर्न थाले। प्रोफेसर युनुस भन्दछन्- 'मुक्तियुद्ध सफल भई स्वतन्त्र बङ्गलादेश राज्यको उदय भएपछि अब देशमा प्रगति हुनेछ र मानिसका दुःखकष्टका दिनहरू सकिनेछन् भनी देशका हरेक नागरिकले आशा गरेबमोजिम मैले पनि आशा गरेको थिएँ। तर, देशको अवस्था सुध्रिनुको सट्टा दिन प्रतिदिन झन्झन् बिग्रँदै जान थाल्यो।'

यत्तिकैमा नवस्वतन्त्र बङ्गलादेशमा सन् १९७४ मा संहारकारी अनिकाल पर्‍यो, जसबाट भनिन्छ १५ लाख बङ्गलादेशीहरू भोकमरीबाट मरे। त्यो अनिकालको दृश्यबाट प्रोफेसर युनुसको जीवनमा आमूल परिवर्तन ल्यायो। उनी भन्दछन्- "चटगाउँ सहरमा अस्थिपन्जर मात्र बाँकी रहेका बङ्गलादेशीहरूको ओहिरो लाग्न थाल्यो। उनीहरू जीवित हुन् वा निर्जीव हुन् भनेर छुट्याउन समेत नसकिने अवस्था रह्यो। उनीहरू भोकमरीले गर्दा पुरुष, महिला, वृद्ध वा बच्चा के हुन् भनेर समेत छुट्याउन नसकिने भयो।" मानिसहरूको त्यो अवस्था देखेर उनले विश्वविद्यालयमा पढाउने विकास अर्थशास्त्रका बढेबढे सिद्धान्तहरू बिलकुल अवास्तविक र खोक्रो भएको महसुस गर्न थाले। आफ्ना आँखाअगाडि मानिसहरूको त्यस्तो नाजुक अवस्था देखेपछि जुनसुकै समाजमा विद्यमान जस्तासुकै आर्थिक समस्या समाधान गर्न सक्ने भनी अटल विश्वासका साथ उनले अध्ययन र अध्यापन गरिरहेका विकास अर्थशास्त्रका सिद्धान्तहरूबाट उनको मोहभङ्ग हुन थाल्यो। र, उनलाई लाग्यो कि उनले अध्ययन गरेका विकास अर्थशास्त्रका कुनै पनि सिद्धान्तसँग त्यतिखेरको उनको वरिपरिको मानवीय दुर्दशा समाधान गर्ने उपाय छैन। त्यसैले उनले अर्थशास्त्रका ती खोक्रा र कृत्रिम सिद्धान्तहरू अध्यापन गर्न छोडेर उनको आँखा सामुन्नेको दर्दनाक मानवीय सङ्कट समाधान गर्ने उपायको खोजीमा लाग्ने अठोट मनमनै गरे। त्यो खोजी गर्ने क्रममा उनी आफ्ना विद्यार्थीहरू लिएर आसपासका गाउँहरू घुम्न जान थाले। त्यसैको परिणाम हो- आजको ग्रामीण बैंक, जुन लघुवित्त के रूपमा आज विश्वभर सफलता र चर्चाको शिखरमा पुगेको छ। यसैले उनी र उनको ग्रामीण बैंकलाई अहिले नोबेल शान्ति पुरस्कारजस्तो प्रतिष्ठित अन्तर्राष्ट्रिय पुरस्कार दिलाएको छ।

**ग्रामीण बैंकको सूत्रपात**

नवस्वतन्त्र राष्ट्र बङ्गलादेशमा रहेको व्यापक र दर्दनाक गरिबीको निवारण नगरे स्वतन्त्र मुलुक पाएको सार्थक हुन नसक्ने ठहरमा पुगेका प्रोफेसर युनुसले गरिबहरूको वास्तविक अवस्था र त्यसको कारण पत्ता लगाउन आफ्ना विद्यार्थीहरूलाई साथ लिई गाउँ-गाउँ घुम्न थाले। यस क्रममा उनले सन् १९७५ र १९७६ मा नजिकैको जोब्रा गाउँमा गई गम्भीर अध्ययन गरे। त्यहाँ उनले देखेको आधारमा बङ्गलादेशी महिलाहरूका बारेमा उनी भन्दछन्- "उनीहरूले जिन्दगीभरि पैसा भन्ने कुरा

छुनसम्म पाउँदैनन् । पिता र लोग्नेले उनीहरूलाई निकम्मा ठान्छन् र भन्दछन् पनि कि उनीहरू परिवारका बोझ हुन् । कुनै पनि बेला उनीहरू विधवा हुन सक्दछन् वा लोग्नेबाट पारपाचुके गरिन सक्दछन् । अनि, उनीहरू आफ्ना केटाकेटीहरू लिएर जिन्दगीभरि सडकमा भीख माग्न निस्कन्छन् ।"

गरिबी निवारणको उपाय खोज्ने क्रममा सुरुमा उनले उन्नत धान खेती गर्ने विधि लागू गर्न पुगे र त्यसका लागि सुक्खा मौसममा सिँचाइ सुविधा उपलब्ध गराउन किसानहरूको सहकारी स्थापित गरे । तर, तत्कालै उनलाई महसुस भयो कि उनले सुरु गरेको किसानहरूमा लक्षित कार्यक्रमबाट भूमिहीन, पुँजी र सम्पत्तिविहीनहरूको चरम गरिबी निवारण हुन सक्दैन । त्यसपछि अध्ययन गर्दै जाँदा एक दिन उनी बाँसको स्टुल बनाइरहेकी एक महिलासँग भेट गर्न पुगे र उनले ती महिलाको अन्तर्वार्ता लिए । त्यस अन्तर्वार्ताबाट उनले थाहा पाए कि बाँस खरिद गर्ने पैसा नहुने भएकाले स्थानीय साहुकारबाट उनी कर्जा लिने गर्दछिन् । ऋण लिएको पैसाबाट बाँस खरिद गरी त्यसबाट स्टुल बनाई बिक्री गर्दा केवल एक पेनी बराबरको रकम मात्र उनको हातमा पर्दथ्यो । र, त्यसैबाट उनले गुजारा चलाइरहेकी थिइन् । विद्यार्थीहरूको सहयोगबाट उनले ठीक त्यस्तै खालका ४२ जना अरू महिलाहरू पनि पत्ता लगाए । स्थानीय साहुकारहरूले त्यस्ता महिलाहरूबाट महिनाको र अझ कसैकसैले त हप्ताको १० प्रतिशतसम्मको दरमा ब्याज लिने गर्दथे । त्यसले गर्दा जतिसुकै कडा मिहिनेत गरे पनि त्यो दर्दनाक गरिबीबाट उनीहरूले मुक्ति पाउन सकिरहेका थिएनन् । त्यसैले प्रोफेसर युनुस भन्दछन् कि उनीहरू अल्छी भएर वा ज्ञान नभएर गरिब भएका नभई कुनै पनि किसिमको पुँजी (capital) नभएका कारणबाट उनीहरू गरिब भएका हुन् । यसरी भूमिहीन र कुनै पनि किसिमको पुँजीविहीनहरूलाई बिनाधितो कर्जा दिने बैङ्किङ्ग अवधारणाको सूत्रपात भएको हो ।

ती ४२ जना गरिब महिलाहरूलाई एकपटकका लागि जम्मा ३० अमेरिकी डलर (जनही करिब ५० रुपियाँ) बराबरको पुँजी आवश्यक हुन्थ्यो। प्रोफेसर युनुसले सुरुमा त्यो ३० अमेरिकी डलरबराबरको रकम आफ्नै पकेटबाट ती ४२ जना महिलाहरूलाई दिए । त्यसमा उनले ब्याजदर र फिर्ता गर्नुपर्ने मिति पनि केही तोकेनन् । तर, यसरी आफ्नो पकेटबाट पैसा दिएर गरिबी निवारण र त्यो पनि बङ्गलादेशको गरिबी निवारण गर्ने कार्यक्रम अगाडि बढाउन सम्भव र व्यावहारिक नभएकाले त्यस्तो कर्जा कार्यक्रमलाई अगाडि बढाउन उनले बङ्गलादेशका विभिन्न बैंकहरूसँग सम्पर्क र आग्रह गरे । बैंकहरूलाई उनले समाजका सबैभन्दा गरिबहरूलाई बिनाधितो कर्जा दिन आग्रह गरे । बैंकहरूले सुरुमा त्यस्तो प्रस्तावको उपहास गर्दै भने कि त्यस्ता गरिबहरू बैंकको कर्जायोग्य (Credit-worthy) छैनन्। प्रोफेसर युनुसको जवाफ थियो- "कर्जा नै नदिईकन उनीहरू कर्जायोग्य छैनन् भन्ने कुरा कसरी थाहा हुन सक्दछ ? बरु बैंकहरू जनतायोग्य (People-worthy) छैनन् ।"

अनेक कोसिस गर्दा पनि वाणिज्य बैंकहरू आफैं त्यस्तो कर्जा कार्यक्रम आफ्नैतर्फबाट सञ्चालन गर्न तयार नभएपछि प्रोफेसर युनुस आफैं जमानी बसेर बैंकहरूबाट गरिब महिलाहरूलाई कर्जा उपलब्ध गराउन थाले । सन् १९७६ देखि १९७९ सम्मको अवधिमा उनी र उनका विद्यार्थीहरू मिलेर जोब्रा गाउँका पाँच सय महिलाहरूलाई यसरी कर्जा उपलब्ध गराए । यस्तो कर्जा कार्यक्रम त्यहाँ सफल र लोकप्रिय हुँदै गयो र त्यही रूपमा विस्तार पनि हुँदै गयो । त्यसैले गर्दा उनले बङ्गलादेशको केन्द्रीय बैंकलाई यस्तो कर्जा कार्यक्रम सञ्चालन गराउन आग्रह गर्दै रहे । अन्त्यमा सन् १९७९ मा त्यहाँको केन्द्रीय बैंक सातवटा सरकारी स्वामित्वका वाणिज्य बैंकका शाखामार्फत बङ्गलादेशको एउटा प्रान्तमा त्यस्तो कर्जा कार्यक्रम सञ्चालन गर्न लगाउन सहमत भयो । त्यसपछि त यो कर्जा कार्यक्रमको विस्तार अझ तीव्र भयो । सन् १९८३ सम्म आइपुग्दा त्यस कार्यक्रमका ऋणीहरूको सङ्ख्या ५९ हजार पुग्यो । त्यसो भएपछि प्रोफेसर युनुसले सन् १९८३ मा ग्रामीण बैंक नामको छुट्टै बैंक दर्ता गराई विश्वविद्यालयको आफ्नो प्रतिष्ठित जागिर छोडेर आफैंले त्यो बैंकको नेतृत्व सम्हाले ।

यसरी प्रोफेसर युनुसले सन् १९७६ मा आफ्नो पकेटबाट ३० अमेरिकी डलर निकालेर ४२ जना गरिब महिलाहरूलाई कर्जा दिई सुरु गरिएको बङ्गलादेशको ग्रामीण बैंकले अहिले प्रतिमहिना दुई करोड अमेरिकी डलरबराबरको कर्जा १६ लाख गरिब परिवारहरूमा वितरण गर्दछ, जसमा ९४ प्रतिशत महिला छन् । यस बैंकका दुई हजार दुई सय २६ वटा शाखाहरूमा ११ हजारभन्दा बढी कर्मचारीहरू कार्यरत छन् । यस बैंकको सेवा बङ्गलादेशका ७१ हजार तीन सय ७१ गाउँहरूमा पुगेको छ । यस बैंकले ऋणीहरूबाट २० प्रतिशतका दरमा ब्याज लिन्छ र यस बैंकको हालसम्मको ऋण असुली अनुपात ९८.८५ प्रतिशत छ । जुन आफैंमा एउटा चमत्कार हो । यस बैंकले सुरुदेखि हालसम्म (अगस्ट २००६ सम्म) पाँच अर्ब ७२ करोड अमेरिकी डलरबराबरको कर्जा प्रवाह गरी बङ्गलादेशका ४४ लाख ग्रामीण गरिब परिवारहरूलाई सेवा उपलब्ध गराइसेकेको छ । यस बैंकको कुल पुँजी को ९४ प्रतिशत अंश बैंकका ऋणीहरू स्वयम्‌को छ भने छ प्रतिशत अंश मात्र बङ्गलादेश सरकारको छ । सन् २००६ मा यस बैंकले ८२ करोड १० लाख अमेरिकी डलरबराबरको कर्जा वितरण गर्ने लक्ष्य राखेको छ । यस बैंकको सफलताबाट प्रेरित भई विश्वका झण्डै एक सय मुलुकहरूले दुई सय ५० भन्दा बढी विभिन्न नामका संस्थाहरूमार्फत आ-आफ्ना मुलुकमा यस्तो बैङ्किङ्ग सेवा उपलब्ध गराइरहेका छन् । यो बैङ्किङ्ग पद्धतिका सम्बन्धमा एक जना विशेषज्ञको भनाइ छ- विगत एक सय वर्षमा तेस्रो विश्वमा भएको विकासमा यो नै एक मात्र सबैभन्दा महत्त्वपूर्ण विकास हो ।

**ग्रामीण बैंकको कार्यपद्धति**

सर्वप्रथम बैंक कर्मचारीहरूले अन्यत्र संस्थागत ऋणको पहुँच नभएका अति गरिब परिवारहरूको पहिचान गर्न गाउँको सर्वेक्षण गर्दछन् । गाउँका अति गरिबहरू मात्र यस बैंकबाट कर्जा पाउने प्राथमिकतामा पर्दछन् । कर्जा पाउनका निमित्त सर्वप्रथम चिनजान भएका, छिमेकका मन मिल्नेहरूले स्वेच्छिक हिसाबले पाँच जनाको एउटा समूह बनाउनुपर्दछ । सुरुमा त्यस

समूहका पाँच जनामध्ये सबैभन्दा बढी कर्जाको जरुरत भएका दुई जनाले मात्र कर्जा माग गर्न पाउँछन् । ती दुई जनाले लगेको कर्जाको असुली स्थिति सन्तोषजनक रहेमा मात्र क्रमशः अरूले कर्जा पाउँछन् । कर्जा दिँदा महिलाहरूलाई प्राथमिकता दिइन्छ । किनभने, पुरुषहरूले भन्दा महिलाहरूले आम्दानीको राम्रोसँग सदुपयोग गर्दछन् भन्ने मान्यताबाट यो कर्जा कार्यक्रम निर्देशित छ । यस्ता धेरै समूहहरू मिलेर एउटा केन्द्र बन्दछ । र, त्यस्तो केन्द्रमा बैंक कर्मचारी हरेक हप्ता गई समुह सदस्यहरूसँग विचार विमर्श, सरसल्लाह र कर्जाको कारोबार गर्दछन् । यस्तो केन्द्र नै ग्रामीण बैंकको सबैभन्दा महत्त्वपूर्ण र आधारभूत कार्यथलो हो ।

ऋण रकम साह्रै थोरै अर्थात् केही हजार मात्र हुन्छ । र, यो बिनाकुनै धितो दिइन्छ । ऋण साप्ताहिक किस्ताबन्दीका आधारमा एक वर्षभित्र तिरिसक्नुपर्दछ । पहिलो ऋणको असुली स्थितिको आधारमा दोस्रो ऋणको सम्बन्धमा विचार गरिन्छ । ऋण लिन र तिर्न ऋणीहरू बैंक जानुपर्दैन । बैंकका कर्मचारीहरू स्वयम् केन्द्रमा गएर नयाँ ऋण दिने र पुरानो ऋणको किस्ता असुल गर्ने गर्दछन् । ऋण दिँदा ऋणीले कुनै किसिमको धितो राख्नुपर्दैन र कुनै तमसुक पनि बनाइदैन । यो ऋण रकम ऋणीले जानेको सीप, ज्ञान र अनुभवबाट नै आफैँले छानेको तत्काल आम्दानी दिने कुनै क्रियाकलापमा लगानी गर्नुपर्ने मान्यता छ । पहिले ऋण लिनेको ऋण तिर्ने प्रवृत्तिको आधारमा मात्र समूहका बाँकी सदस्यले ऋण पाउने भएकाले ऋणको अनुगमन र निगरानी स्वाभाविक रूपमा समूहका अन्य सदस्यहरू स्वयम्बाट नै हुने परम्परा छ । यस कर्जा कार्यक्रममा ऋण उपयोगमा अनुशासन र समूहको सामूहिक जवाफदेहितालाई विशेष महत्त्व दिइएको छ । भवितव्य आइपर्दा बचावटका निमित्त अनिवार्य तथा स्वेच्छिक निक्षेप कार्यक्रम यो ऋण कार्यक्रमको अर्को महत्त्वपूर्ण विशेषता हो । ऋण लिने/दिने काम केन्द्रमा सबैको सामुन्ने पारदर्शी ढङ्गले हुने गर्दछ । यो ऋण कार्यक्रमलाई शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण, वृक्षरोपण, संस्कृति आदिको जागरणसँग पनि गहिरोसँग आबद्ध गरिएको छ । यसमा ऋणीलाई कुनै विशेष तालिम, प्रशिक्षण, शिक्षा र पूर्वाधार दिइँदैन । ऋणीसँग भएकै ज्ञान, सीप र दक्षताबाट उनीहरूले जीविकोपार्जन गर्न सक्दछन् भन्ने मान्यता यो कार्यक्रमले राखेको छ । प्रोफेसर युनुस भन्दछन् कि हरेक व्यक्तिमा केही जन्मजात सीप, ज्ञान र दक्षता हुन्छन्, जसलाई उनी मानिसको जीवित राख्ने सीप ९क्गचखषखबा कपर्षि० भन्दछन् । उनी भन्दछन्-"गरिबहरूलाई कसरी बाँच्ने भन्ने कुरा सिकाउनुपर्दैन, त्यो उनीहरूले पहिलेदेखि नै जानिराखेका हुन्छन् । त्यसमाथि उनीहरूले केही पैसा पाए भने आफुसँग भएको सीपको सदुपयोग गरेर उनीहरूले सजिलै जीविकोपार्जन गर्न सक्दछन् । त्यस्ता काम गाई, भैँसी पालेर, दूध बिक्री गर्ने, कुखुरा, बाखा पाल्ने, फलफुल, तरकारी आदि खरिद गरी बिक्री गर्ने, धागो कात्ने, कपडा बुन्ने वा सिलाउने जे पनि हुन सक्दछन्, जुन उनीहरूले पहिलेदेखि जानिराखेका हुन्छन् ।"

प्रोफेसर युनुसको वैदेशिक सहायता सम्बन्धमा अत्यन्त नकारात्मक धारणा छ । उनी भन्दछन्- बङ्गलादेशमा वर्षौंदेखि वैदेशिक सहायताको ठूलो राशि भित्रिइरहेको छ । तर, बङ्गलादेशका ग्रामीण क्षेत्र तथा गरिब परिवारहरूमा त्यसको कुनै प्रभाव परेको छैन । त्यस्तो सहायताको ठूलो हिस्सा विदेशी परामर्शदाताहरू, ठेकेदारहरू, नोकरशाहहरू र महँगा विदेशी उपकरणहरूको निमित्त खर्च हुन्छ । यसरी त्यस्तो सहायताले कसैलाई लाभ पुऱ्याएको छ भने त्यो केवल पहिलेदेखिका सम्पन्न व्यक्तिहरूलाई पुऱ्याएको छ । र, त्यो लाभ उनीहरूले गरिबकै नाममा लिइरहेका छन् । त्यसैगरी, बङ्गलादेशका बैंक तथा वित्तीय संस्थाहरूका बारेमा पनि उनको धारणा त्यस्तै नकारात्मक छ । उनी भन्दछन्- "जनता बैंक तथा वित्तीय संस्थाहरूको असफलताको कारणबाट गरिब भएका हुन् । उनीहरूले सम्पन्न र जसलाई ऋणको आवश्यकता नै पर्दैन, त्यस्तालाई मात्र कर्जा दिइरहेका छन् । वास्तवमा खाना, कपडा, आवास, शिक्षा र स्वास्थ्यजस्तै बैंकको कर्जालाई पनि आधारभूत मानव अधिकारका रूपमा लिइनुपर्दछ ।"

अमेरिकाका पूर्वराष्ट्रपति बिल क्लिन्टनले सन् १९८० को दशकमा उनी अमेरिकाको अर्कान्सास राज्यको गभर्नर हुँदा प्रोफेसर युनुसलाई आफ्नो राज्यमा पनि त्यस्तै कर्जा कार्यक्रम सञ्चालन गरिदिन आग्रह गरेका थिए । फलस्वरूप अर्कान्सास राज्यमा विश्वासिलो कोष ९न्ययम ाबष्तज ागलम० को नामबाट त्यस्तो कर्जा कार्यक्रम सञ्चालन गरियो । सुरुमा स्थानीय विशेषज्ञहरूले त्यो कार्यक्रमलाई अमेरिकीहरू ५० हजार अमेरिकी डलरभन्दा कमको कर्जा माग्न ओच्छ्यानबाट उठ्दैनन् भनेर उपहास गरे । तर, पछि त्यो कोषले तीन सय ७५ अमेरिकी डलरसम्मको सानो कर्जाका निमित्त निकै ठूलो सङ्ख्यामा अमेरिकीहरूलाई आकर्षित गऱ्यो । त्यसैगरी पूर्वराष्ट्रपति क्लिन्टनले आफ्नो अन्तिम चुनावी अभियानमा प्रोफेसर युनुस नोबेल शान्ति पुरस्कारका लागि योग्य व्यक्ति हुन् भनेका थिए । र, अमेरिकाका भित्री बजारहरूको सुधार गर्न प्रोफेसर युनुसको ग्रामीण बैंकको जस्तो कर्जा कार्यक्रम लागू गर्नुपर्ने प्रस्ताव राखेका थिए । क्लिन्टन दम्पती प्रोफेसर युनुसको ग्रामीण बैंक कार्यक्रमबाट यति प्रभावित थिए कि उनीहरूले त्यो कार्यक्रम आफ्नै आँखाले देख्न बङ्गलादेशको जेश्वर जिल्लाको एक गाउँको भ्रमण नै गरेका थिए । यसरी क्लिन्टन दम्पती प्रोफेसर युनुसका अन्तरङ्ग मित्र रहेका छन् । युनुसको विश्वास छ कि विश्वको गरिबी यस्तै सामान्य विचारको प्रयोगबाट निवारण हुन सक्दछ । साथै, उनी आत्मविश्वासका साथ भन्दछन् कि- एक दिन हाम्रा नाति-पनातिहरूले गरिबी भनेको कस्तो हुन्छ भन्ने कुरा थाहा पाउन म्युजियम जानुपर्नेछ ।

विश्व बैंकको एक प्रतिवेदनले लेखेको छ कि ग्रामीण बैंक पद्धतिले पाँच वर्षमा बङ्गलादेशका २० लाख गरिबहरूलाई गरिबीको रेखाबाट माथि उकालेको छ । र, अरू पाँच लाख बङ्गलादेशीहरू त्यो रेखाभन्दा माथि जाने तयारीमा रहेका छन् । साथै, अध्ययनहरूले के पनि देखाएका छन् भने यो बैंकको प्रभावस्वरूप बङ्गलादेशका गाउँहरूमा पारपाचुकेका घटनाहरूमा कमी आएको छ र जन्मदर पनि घटेको छ ।

**प्रोफेसर युनुसले पाएको सम्मान**

प्रोफेसर युनुसलाई यही ग्रामीण बैङ्किङ्ग पद्धतिको विकास गरेका आधारमा विभिन्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय आयोग, समिति, कार्यदल आदिका अध्यक्ष, संयोजक, सल्लाहकार तथा सदस्यमा मनोनीत गरिएको छ । त्यसैगरी, उनलाई सन् २००६ को नोबेल शान्ति पुरस्कारका अतिरिक्त अन्य दर्जनौं अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय प्रतिष्ठित पुरस्कार, सम्मान, पदक, उपाधि तथा कदरपत्रहरू पनि प्रदान गरिएको छ । उनलाई मनोनीत गरिएका केही प्रमुख पदहरू निम्नानुसार छन्:

१. संयुक्त राष्ट्रसङ्घका महासचिवले प्रोफेसर युनुसलाई महिलाहरूको चौथो विश्व सम्मेलन, बेइजिङ् (सन् १९९३-१९९५) को अन्तर्राष्ट्रिय सल्लाहकार समूहको सदस्यमा मनोनीत गरेका थिए ।
२. महिलाहरूको स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय आयोग (सन् १९९३–१९९५) मा पनि उनलाई संलग्न गराइएको थियो ।
३. प्रोफेसर युनुस दिगो आर्थिक विकासको निमित्त गठित अन्तर्राष्ट्रिय सल्लाहकार परिषद्मा पनि सन् १९९३ देखि हालसम्म संलग्न छन् ।
४. महिला र वित्तसम्बन्धी संयुक्त राष्ट्रसङ्घको विशेषज्ञ समूहमा पनि उनी रहेका छन् ।
५. प्रोफेसर युनुस अन्तर्राष्ट्रिय धान अनुसन्धान संस्था ९क्ष्च्च्क्ष०, फिलिपिन्सको बोर्ड सदस्य छन् ।
६. उनी गरिबहरूका लागि बचत तथा ऋण संस्था, मलेसियाको पनि बोर्ड सदस्य छन् ।

यिनका अतिरिक्त प्रोफेसर युनुस अन्य दर्जनौं यस्ता समिति, आयोग, कार्यदल आदिमा संलग्न छन् ।

उनले प्राप्त गरेका नोबेल शान्ति पुरस्कारका अतिरिक्त अन्य प्रतिष्ठित केही प्रमुख पुरस्कारहरू निम्नबमोजिम छन् :

१. रामोन म्याग्सेसे पुरस्कार (१९८४), फिलिपिन्स ।
२. आगा खान पुरस्कार (१९८९), जेनेभा ।
३. मोहम्मद साब्देन पुरस्कार (१९९३), श्रीलङ्का ।
४. विश्व खाद्य पुरस्कार (१९९४), अमेरिका ।
५. राष्ट्रपति पुरस्कार (१९७८), बङ्गलादेश ।
६. स्वतन्त्रता दिवस पुरस्कार (१९८७), बङ्गलादेश, आदि ।

त्यसैगरी उनलाई अमेरिका, बेलायत, क्यानाडा, बेल्जियम, अस्ट्रेलिया, इटाली, अर्जेन्टिना, दक्षिण अफ्रिका, स्पेन, थाइल्याण्ड, भारत आदि दर्जनौं मुलुकका विभिन्न प्रतिष्ठित विश्वविद्यालयहरूले विभिन्न किसिमका अनरेरी उपाधिहरू प्रदान गरेका छन् । त्यसैगरी, *एसिया विक* पत्रिकाले उनलाई २५ जना अत्यन्त प्रभावशाली एसियाली व्यक्तित्वमध्ये एक जना मानेको छ भने *न्युयोर्क टाइम्स* पत्रिकाले संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय महिला सम्मेलनको तारा ९क्तबच० घोषित गरेको छ । प्रोफेसर युनुस हाल ढाकास्थित आफ्नो बैंकको केन्द्रीय कार्यालयको एक सामान्य एपार्टमेण्टमा श्रीमती अफ्रोजी र १० वर्षीय छोरी डिनाका साथ रहन्छन् ।

**निष्कर्ष**

प्रोफेसर युनुसको ग्रामीण बैङ्किङ्ग पद्धतिले बङ्गलादेशलगायत विश्वका कतिपय मुलुकका केही अति गरिबहरूलाई जीवन धान्नसम्म केही राहत दिएको कुरालाई स्वीकार गर्नैपर्दछ । समाजको सबैभन्दा तल्लो वर्गका अति सामान्य भवितव्य पर्दा पनि भीखमङ्गा हुनुपर्ने वा जीवन नै त्याग्नुपर्ने अवस्थामा रहेका र सम्बन्धित मुलुकका सरकार तथा कुनै पनि आधुनिक बैंक तथा वित्तीय संस्थाले वास्ता नगरेका सीमित व्यक्ति तथा परिवारहरूलाई यो बैङ्किङ्ग कार्यक्रमले जोगाएको छ भन्नैपर्ने हुन्छ । तर, यो कार्यक्रमले प्रोफेसर युनुसले दाबी गरेबमोजिम विश्वबाटै गरिबी उन्मूलन हुनेछ भन्ने कुरा पत्याउन भने सकिँदैन । उनको आफ्नै मुलुक बङ्गलादेशमा यो कार्यक्रम सञ्चालन भएको तीन दशक पुगिसक्दा पनि त्यहाँ विश्व बैंकको विश्व विकास प्रतिवेदन, २००७ अनुसार अझै ४९.८ प्रतिशत जनता गरिबीको रेखामुनि छन् । समथर क्षेत्रमा गुजुमुच्च ९ऋगिकतभचभम० भएर रहेका गाउँहरूका अति गरिब परिवारहरूलाई मात्र यो बैङ्किङ्ग प्रणालीको सेवा पुग्न सक्ने भएकाले त्यो बाहेकका अर्थात् छरिएर रहेका बस्ती र उकालो-ओरालो गर्नुपर्ने क्षेत्रमा यो कार्यक्रम पुग्न सक्दैन । नेपाल तथा नेपालको जस्तै पहाडी क्षेत्रको बाहुल्य भएका मुलुकमा त यसको प्रभावकारिता नगन्य हुन्छ । नेपालका तराई क्षेत्रका त्यस किसिमका गाउँहरूमा मात्र यो कार्यक्रम सञ्चालन गर्न सम्भव हुन्छ । नेपालले त्यही मोडलमा २०५० को दशकदेखि सुरु गरेको ग्रामीण बैङकिङ्ग प्रणालीले ठीक त्यसै गरिरहेका छन् । नेपालमा यी बैंकहरूको सेवा पहाडी र पहाडका सहरी क्षेत्रहरूमा विस्तार हुन सकेको छैन । केही गैरसरकारी संस्थाहरू र ग्रामीण जनताको स्वस्फूर्त पहलमा स्थापित सहकारी संस्थाहरूबाहेक नेपालको सम्पूर्ण पहाडी क्षेत्रमा त्यस किसिमको लघुवित्त कार्यक्रम पुग्न सकेको छैन भने यो बैङ्किङ्ग पद्धतिबाट विश्वको गरिबी उन्मूलन हुनेछ भनेर विश्वास गर्न सकिँदैन । तर, यति हुँदाहुँदै पनि यसले जेजति अति गरिब जनतालाई सेवा पुऱ्याएको छ र जतिलाई समाप्त हुनबाट जोगाएको छ, त्यसको कदर गर्नैपर्ने हुन्छ ।

यस कार्यक्रमको सबैभन्दा कमजोर पक्ष के हो भने यसले समाज वा मुलुकमा परम्परादेखि रहँदै आएको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक आदि संरचनालाई यथावत् रूपमा स्वीकार गर्दछ, त्यस सम्बन्धमा सामान्य किसिमको गुनासोसम्म गर्दैन । माथिल्लो वर्गबाट हुने शोषण, दमन, थिचोमिचो, विभेद, वञ्चितीकरण आदिलाई यथावत् रूपमा रहन दिन्छ । त्यसका विरुद्ध चर्चासम्म गर्दैन भने त्यसमा सुधार गर्न आवाज उठाउने त कुरै छोडौं । समाजमा कुनै परिवारले पुस्तौं पुस्तादेखि हजारौं बिघा जमिन ओगटेर त्यसको पुर्ण सदुपयोग नगरी खाली राख्दछन् भने त्यही समाजमा लाखौं जनता

भूमिहीन, मोही, सुकुम्वासी आदि बनेर जीवन बिताउन बाध्य छन् । त्यस्तै भूमालिक र ठूला पुँजीपतिहरूले राज्यको सम्पूर्ण स्रोत, साधन र अधिकारमा शताब्दीऔँदेखि आधिपत्य जमाएका छन्, निजी लाभका निमित्त राज्यको दोहन गरेका छन् भने मुलुकका बहुसङ्ख्यक जनता सडकमा घोर उपेक्षित जीवन बिताउन बाध्य छन् । राज्यले त्यस्ता जनताप्रति कुनै जिम्मेवारी लिँदैन । समाजका यी सम्पूर्ण विभेद र अन्यायपूर्ण संरचनाहरूका सम्बन्धमा यो बैङ्किङ्ग कार्यक्रम केही बोल्दैन । तब यी सम्पूर्ण कुराहरूलाई यथावत् रूपमा कायम राखेर सडकमा आकाशको छहारीमुनि धकेलिएकाहरूको गरिबी कसरी निवारण हुन सक्दछ ? प्रोफेसर युनुस स्वयम् भन्दछन् कि वैदेशिक सहायताले मुलुकका पहिलेदेखिका सम्पन्न व्यक्ति र परिवारहरूलाई मात्र लाभ पुऱ्याएको छ । र, गरिबहरू निकट त्यो बिलकुलै पुग्न सकेको छैन । तब यस्तो प्रणालीलाई गरिबहरू निकट पुऱ्याउन त्यसमा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता छ कि छैन ? तर, उनी यस सम्बन्धमा केही बोल्दैनन् । त्यसैगरी उनी भन्दछन् कि बङ्गलादेशका बैंक तथा वित्तीय संस्थाहरू असफल छन्, जनमुखी छैनन् । तब त्यो प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकता छ कि छैन ? यस सम्बन्धमा पनि उनी केही बोल्दैनन् । त्यसैले भन्नैपर्ने हुन्छ कि वास्तवमा समाजमा परम्परादेखि रहँदै आएको त्यही विभेद र अन्यायपूर्ण संरचनामा आमूल परिवर्तन गर्नुपर्ने मुद्दा नउठाई समाजका ठूलो सङ्ख्याका गरिबहरूलाई विरोध र विद्रोहका लागि उठ्नबाट रोक्ने उदाहरणीय प्रयास गरेका कारण उनलाई यो र अन्य यस्तै पुरस्कारहरू दिइएको हो । किनभने, पुँजीवादीहरूले विश्वव्यापी रूपमा यस किसिमको सञ्जालको विकास गरेका छन् ।

उनी आफ्ना ऋणीहरूलाई कुनै नयाँ शिक्षा, ज्ञान, तालिम, प्रशिक्षण आदिको आवश्यकता पर्दैन भन्दछन् । किनभने, उनीहरूले बाच्ने सीप र ज्ञान जन्मजात लिएर आएका हुन्छन् । गरिबहरूलाई कसरी बाँच्ने हो भन्ने कुरा सिकाउनुपर्दैन । त्यसैले उनीहरूलाई अलिकति मात्र पैसा दियो भने त्यसैबाट उनीहरू गुजारा चलाउन सक्दछन् भन्दछन् । त्यसैले यो गुजारा चलाउने, समाप्त हुनबाट जोगाउने प्रयास गर्ने वा निर्वाह चलाउने मात्र कार्यक्रम हो । पुरानो संरचनामा आमूल परिवर्तन नगरी, जनतालाई नयाँ सीप, ज्ञान, तालिम नदिई, नयाँनयाँ प्रविधिको प्रयोग नगरी र यस्ता कार्यहरूमा सरकारले ठूलो लगानी नगरी जनताको आर्थिक अवस्थामा स्थायी सुधार आउन सक्दैन भन्ने कुरा दोहोऱ्याउनुपर्दैन । तर, प्रोफेसर युनुसको ग्रामीण बैङ्किङ्ग पद्धतिले यी कुनै पनि कुराका बारेमा चासो देखाउँदैन । त्यसैले यो कार्यक्रम आफ्नै गम्भीर कमजोरीहरूका कारणबाट पुग्न जाने धक्काबाट पुँजीवादलाई जोगाउने नयाँ तर झिनो प्रयास मात्र हो ।

■

# सात वर्षको नियमितता : *नवयुग* को निरन्तरता

**' सूर्य थापा**

नेपालमा सञ्चार उद्योगको विकासको सिलसिलाबद्ध घटनाक्रम हेर्दा मुख्यतः पाँचवटा चरण देख्न सकिन्छ । जहानियाँ राणा शासनविरुद्ध जनजागृतिको शङ्खघोष गर्दै जनसमुदायमा प्रजापरिषद्द्वारा छरिएको पर्चा- पहिलो चरणमा 'पत्रकारिता' को आरम्भ थियो । यता आएर के देखिन्छ भने विभिन्न राजनीतिक दलहरूको स्थापना र विकाससँगसँगै पत्रकारिताको विकासका चरणहरू पनि अघि बढे । त्यसको निम्न शृङ्खला रहेको पाइन्छ :

१. पर्चा, २. बुलेटिन, ३. मुखपत्र, ४. साप्ताहिक/सामयिक पत्रिका र ५. ब्रोडसिट दैनिक/एफएम रेडियो/टेलिभिजन प्रसारण ।

उल्लिखित आधारमा विश्लेषण गर्दा मुखपत्र प्रकाशन तेस्रो चरणको अभ्यास देखिन्छ । त्यसै सिलसिलाअन्तर्गत अविभाजित नेपाल कम्युनिस्ट पार्टीको 'मुखपत्र' का रूपमा *नवयुग* को पहिलो अङ्क २०१४ कात्तिक १५ गते निस्केको थियो । तत्कालीन काठमाडौं मेजिस्ट्रेड कार्यालय, दर्ता नं. १२०, भाषा नेपाली, वार्षिक रु. ५।-, एक प्रतिको १० पैसा मूल्य र सम्पादक देवीप्रसाद अधिकारी (डीपी अधिकारी) रहेको *नवयुग* ०१७ भदौ १२ गते वर्ष ४ सङ्ख्या १० सम्म प्रकाशित भएको थियो । नेपाल कम्युनिस्ट पार्टीले *नवयुग* भन्दा अघि ०११ साउन २३ गते 'नेपाल कम्युनिस्ट पार्टीको बुलेटिन'- केन्द्रीय प्रचार विभागबाट निकालेको पाइन्छ । त्यसो त सुरुमा दरभङ्गा र पछि काठमाडौँबाट *जनमत* र *नवयुग* सँगै *मशाल* समेत नेकपाले मुखपत्रका रूपमा निकालेको देखिन्छ ।

**पुनः प्रकाशन र नियमितता**

०४६ सालको जनआन्दोलनपछि नेकपा (एमाले) ले *नवयुग* लाई पार्टीको मुखपत्रका रूपमा 'ट्याबलोइड साइज' मा निकालेको त थियो तर नियमित प्रकाशत हुन सकेन । त्यसअघि, *मुक्तिमोर्चा* र *वर्गसङ्घर्ष* नेकपा (माले) को मुखपत्रका रूपमा निस्केको देखिन्छ । त्यसपछि पार्टीको मुखपत्रका रूपमा अनियमित र सामयिक प्रकाशनका रूपमा *नवयुग* बेलाबखत प्रकाशित भइरह्यो ।

तर, ०५६ सालदेखि हालसम्म यसको नियमित प्रकाशन भइरहेको छ । जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता (दर्ता नं. १५३/०५७/०५८) भई पुनः वैधानिक मुखपत्रका रूपमा अघि बढेको छ । र, यसले अविभाजित नेपाल कम्युनिस्ट पार्टीको 'मुखपत्र' को हैसियतलाई देशको सबैभन्दा ठूलो र शक्तिशाली कम्युनिस्ट पार्टीको 'राजनीतिक पत्रिका' का रूपमा निरन्तरता पाएको छ ।

०५६ माघदेखि मासिक र ०५७ कात्तिकदेखि *नवयुग* पाक्षिक रूपमा अघि बढ्यो । सङ्कटकालको घोषणा, ११ मङ्सिर ०५८ सम्म आइपुग्दा *नवयुग*- काठमाडौं, बुटवल र पोखराबाट एकैसाथ निस्कने देशको एक मात्रै पत्रिका थियो । तर, सङ्कटकालको दुष्प्रभावले ०५८ वैशाखदेखि सुरु भएको बुटवल संस्करण र ०५८ कात्तिकदेखि निस्केको माछापुच्छ्रे संस्करण धेरै समय नियमित हुन सकेनन् । बुटवल संस्करण ०५९ साल लाग्दा-नलाग्दै बन्द भयो भने माछापुच्छ्रेको छायाँ ०६० सालसम्म विभिन्न रूपमा देखियो र बन्द हुनपुग्यो । ०५७ जेठको अङ्कमा *नवयुग* छापिने आफ्नै प्रेस 'नवयुग सहकारी छापाखाना' को स्थापनाको समाचार छापिएको छ- 'यो हो नवयुग प्रेस' । सोही अङ्कमा 'नवयुग प्रेस' को सञ्चालक 'नवयुग बहुउद्देश्यीय सरकारी संस्था लिमिटेड' को सेयर खरिद गर्न/गराउन पार्टीपङ्क्ति र इच्छुक व्यक्तिहरूलाई आह्वानसमेत गरिएको छ ।

नियमित प्रकाशनका क्रममा *नवयुग* रङ्गीन-ट्याबलोइड' का रूपमा छापिएको पाइन्छ, जसमा केन्द्रीय कमिटीका ताजा निर्णयदेखि जिल्ला र इलाका कमिटीसम्मका गतिविधि तथा जनसङ्गठनका केन्द्रीय क्रियाकलापको कभरेज देख्न सकिन्छ । 'मुलुककै नमुना सहरः हेटौंडा' (०५६ फागुन ४), 'संविधान संशोधन किन ?' (०५७ मङ्सिर १६-३०), 'के संसद् भ्रष्टाचार रोक्न तयार छ ?' (०५७ फागुन १५-३०), 'भ्रष्ट प्रधानमन्त्रीलाई उम्कने ठाउँ छैन' (०५७ चैत १-१५) र 'काठमाडौंबाट दाइजोविरोधी अभियान' (०५९ जेठ) जस्ता मुख्य शीर्षक र स्थलगत रिपोर्टले त्यतिबेलाको *नवयुग* को सम्प्रेषण अवस्थालाई प्रतिविम्बित गर्दछन् ।

यस्तै, नेपालमा भएको समाजवादी सम्मेलनको निष्कर्षका रूपमा छापिएको छ- 'हामी जित्नेछौं एक दिन' (०५७ मङ्सिर १-१५) ।

०५८ फागुनको अङ्कमा 'एमाले-माले एकता' ले प्रमुखता पाएको छ, जसले ०५४ फागुनमा भएको नेकपा (एमाले) को दुःखदायी र औचित्यहीन विभाजनको घाउ मेटाउन र शक्तिशाली कम्युनिस्ट आन्दोलनको यात्रा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । त्यसयता मुख्यतः ०५९ असोज १८ को राजा ज्ञानेन्द्रको प्रतिगामी कदमपश्चात् *नवयुग* को मुख्य कभरेज नै आन्दोलनकेन्द्रित रहेको छ । 'संयुक्त आन्दोलन किन ?' (०६० वैशाख) मा *नवयुग* मा नेकपा (एमाले), नेपाली काङ्ग्रेस, जनमोर्चा नेपाल र नेपाल मजदुर किसान पार्टी प्रतिगमनविरुद्ध एकजुट भएको सन्देश दिइएको छ, जसमा पछि नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) समेत सामेल भएको थियो । उक्त आन्दोलन बढ्दै जाँदा 'रोकिन्न आन्दोलन', 'तोडियो निषेधाज्ञा' र 'किन लाग्न थाल्यो-गणतन्त्रको नारा ?' जस्ता आवरण-कथा *नवयुग* ले छापेको छ। नेकपा (एमाले) सरकारमा सामेल भएको अवधिमा *नवयुग* ले 'एन्टोनियो ग्राम्चीः फासीवादविरोधी अथक योद्धा' (०६१ भदौ) लाई आवरणका रूपमा छापेर माओवादी हिंसाले ग्रहण गरेको फासिस्ट रूप र जनसमुदायमाथि भइरहेका ज्यादतीको विश्लेषण गरेको छ भने बहुचर्चित लखनउ-वार्तालाई 'माओवादीसँगको वार्ता : भ्रम र यथार्थ' शीर्षकमा प्रस्तुत गरेको छ ।

**राजाको प्रत्यक्ष शासन : सुरुवात र समाप्तिको प्रतिविम्ब**

०६१ माघ १९ को राजा ज्ञानेन्द्रको 'कू' पछि फागुन, चैत र वैशाख गरी जम्मा तीन अङ्क *नवयुग* बन्द रह्यो । मुख्यतः केन्द्रीय प्रचार विभाग प्रमुख एवम् *नवयुग* का प्रधान सम्पादक कमरेड प्रदीप नेपालको गिरफ्तारी, सङ्कटकालको अवस्था र अस्तव्यस्त भएको पार्टी-संयन्त्रको पुनः व्यवस्थापन नहोउन्जेल *नवयुग* को नियमित प्रकाशन अवरुद्ध हुन पुगेको थियो । त्यस अवधिमा *नवयुग* टीम *डेमोक्रेसी* बुलेटिन प्रकाशनमा संलग्न रह्यो ।

०६२ वैशाख २५ गते देशका सात राजनीतिक दलहरू निरङ्कुश राजतन्त्रका विरुद्ध संयुक्त जनआन्दोलन सङ्गठित गर्न सहमत भई सार्वजनिक गरेको संयुक्त प्रतिबद्धताको दस्तावेजलाई *नवयुग* ले 'पूर्ण प्रजातन्त्रका लागि संयुक्त जनआन्दोलन' (०६२ जेठ) भनी प्रस्तुत गरेको छ । राजा ज्ञानेन्द्रले अध्यादेशको बलमा हुकुमी कुशासनलाई संस्थागत गर्न खोजेपछि 'अध्यादेशको विरोध' (मङ्सिर ०६२) छापिएको छ भने मुलुकमा कायम दुई सय ३७ वर्ष लामो शाहवंशीय राजतन्त्रको अन्त्य नभएसम्म जनसमुदायको लोकतान्त्रिक आकाङ्क्षामाथि पटक-पटक खतरा तेर्सिने र जोसुकै राजा जनअधिकारमाथि हमलामा उत्रिने स्थितिको विश्लेषण गर्दै नेकपा (एमाले) ले ०६२ भदौको बैठकबाट जनआन्दोलन-लोकतान्त्रिक गणतन्त्रउन्मुख हुने महत्त्वपूर्ण फैसला गऱ्यो । उक्त निर्णय *नवयुग* को 'आवरण' मा 'लोकतान्त्रिक गणतन्त्र' शीर्षकमा महत्त्वका साथ सम्प्रेषण गरिएको छ । शाही निरङ्कुशताको पासो कसिँदै जाँदा राजनीतिक नेता-कार्यकर्ता व्यापक गिरफ्तारीमा परे । नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल झन्डै छ महिना 'शाही-नजरबन्द' मा रहनुभयो । *नवयुग* ले तत्कालीन स्थितिको तस्वीर दिँदै आवरणमा छापेको छ- 'राजबन्दी रिहा गर !' उक्त आवरण-कथासँगै महासचिव माधवकुमार नेपाल, नेपाली काङ्ग्रेसका महामन्त्री रामचन्द्र पौडेल र प्रजातान्त्रिक काङ्ग्रेसका कावा अध्यक्ष गोपालमान श्रेष्ठको तस्वीर प्रतिकात्मक रूपमा राजबन्दीका रूपमा छापिएको छ । 'नगर निर्वाचनको बहिष्कार' पछि १९ दिने लामो राष्ट्रव्यापी आमहडताललाई *नवयुग* मा 'आन्दोलनको उभार' का रूपमा प्रस्तुत गरिएको छ । यसरी शाही निरङ्कुशताको सुरुवात र संस्थागत विकासको प्रयत्नका विरुद्ध शान्तिपूर्ण जनक्रान्तिको स्वरूपमा विकसित जनआन्दोलनको विजय र राजा ज्ञानेन्द्रले घुँडा टेक्न पुगेको स्थितिसम्म प्रत्येक जटिलतम मोडहरूमा *नवयुग* नियमित हुन सफल भएको छ । ०६३ जेठको प्रतिनिधिसभाको ऐतिहासिक घोषणालाई *नवयुग* मा 'मदन र जेठ ४ को घोषणा' शीर्षक आवरणमा ०६३ असारमा छापिएको छ, जसमा ०४७ सालमा जननेता मदन भण्डारीले संविधानमा राख्नुभएका आलोचनाका २७ बुँदाको स्मरण गराइएको छ। *नवयुग* को साउन अङ्क ०४७ पछि ०६३ सम्मका राजनीतिक

घटनाक्रमहरूसँगै नेकपा (एमाले) ले अघि सारेका दस्तावेजहरूको सङ्ग्रहलाई महत्त्व दिँदै 'दस्तावेज विशेषाङ्क' का रूपमा प्रकाशित भएको छ, जसको अनुसूचीमा एमालेबाहेकका अन्य कतिपय शक्तिले अघि सारेका महत्त्वपूर्ण दस्तावेज पनि समेटिएको छ ।

'क्रान्तिधर्मी पत्रकार कार्ल मार्क्स' शीर्षकमा *नवयुग* ले मार्क्सवादी पत्रकारिताका आधारस्तम्भ कार्ल मार्क्सको पत्रकारिता यात्रालाई आफ्ना पाठकसम्म पुऱ्याएको छ । यस्तै 'मनमोहन स्मृति विशेष' (०५७ वैशाख) र 'मदन-आश्रित स्मृति विशेष' (०५९ जेठ) आदि विशेषाङ्कमार्फत नेपाली जनताका सम्मानित नेताहरूको स्मृतिमा *नवयुग* जुटेको देखिन्छ । 'म कसरी कम्युनिस्ट भएँ ?' र 'गौरव गाथा' स्तम्भमार्फत *नवयुग* मा थुप्रै अग्रज योद्धा र जीवन नै आहुति दिएका अमर सहिदहरूको बलिदानको चर्चा भएको छ ।

वास्तवमा *नवयुग* नेकपा (एमाले) केन्द्रीय कमिटीको राजनीतिक पत्रिका हो र यसको प्रकाशन केन्द्रीय प्रचार तथा प्रकाशन विभागको संयोजनमा हुँदै आएको छ । कतिपय 'व्यावसायिक' रङ्गीन कलेवरका म्यागजिनजस्तो *नवयुग* स्वतन्त्र छैन, यसको स्पष्ट पक्षधरता र जवाफदेहीपन छ, जो यसको 'प्रिन्टलाइन' मा नै स्पष्ट उल्लेख छ । आमपाठकका लागि नभई यो नेकपा (एमाले) को कार्यकर्ता पङ्क्ति, मुख्यतः जिल्ला, इलाका र गाउँ कमिटीहरूमा सङ्गठित कमरेडहरूको आवश्यकताअनुरूप परिलक्षित छ । स्थायी ग्राहकहरू नै यसका लक्षित पाठक हुन्, जो पार्टीका विभिन्न कमिटीमा आबद्ध र सङ्गठित छन् । तर, वैचारिक लेखनमा पार्टीको मुख्य नेतृत्व, खासगरी स्थायी र केन्द्रीय कमिटीका नेताहरूको यथोचित मिहिनेत र सक्रियता *नवयुग* का पाठकहरूले अनुभूत गर्ने स्थिति बन्न सकेको छैन । केही सीमित लेखकहरू मात्रै *नवयुग* मा दोहोरिएको पाइन्छ भन्ने लक्षित पाठकको गुनासो सुन्न पाइन्छ, जो नाजायज होइन । फेरि 'ट्याब्लोइड साइज' मा निस्कँदा जस्तो 'आवरण' डिजाइनमा मिहिनेत 'म्यागाजिन' का रूपमा निस्केपछि यसमा अलिक कम देखिन्छ । जिल्ला, अञ्चल र गाउँकेन्द्रित रिपोर्टको कमीले *नवयुग* लाई 'केन्द्रीय मुखपत्र' मा सीमित गरेको छ । 'मोफसल', 'चिनारी' र 'स्थलगत रिपोर्ट' जस्ता सामग्रीसँगै अरू थुप्रै सामग्रीको नियमितताका निम्ति जिल्ला र अञ्चलस्तरीय नेता-कार्यकर्ताको सक्रियता र सहभागिता जरुरी देखिन्छ । मुख्यतः पार्टी पङ्क्तिमा बढ्दो अध्ययनको कमीको प्रभाव *नवयुग* र यसको नियमित प्राप्ति, अध्ययन र ग्राहक बन्ने सिङ्गो प्रक्रियामा परेको छ । जबकि, पार्टीको भाषा बुझ्न र तदनुरूप आफूलाई परिचालित गर्न बजारकेन्द्रित पत्रिका होइन, *नवयुग* नै पढ्नु जरुरी हुन्छ । पहिले 'एक सदस्य एक *नवयुग*' र अहिले 'एक परिवार एक *नवयुग*' को नारा पार्टीले व्यावसायिक प्रयोजनका लागि अघि सारेको कदापि होइन ।

**नियमित मुखपत्र : एमालेको भिन्न पहिचान**

नेपालमा राजनीतिक दलले 'मुखपत्र' प्रकाशन गर्ने प्रचलन नयाँ होइन । प्रजापरिषद्ले *जनवाणी* र *लोकवार्ता,* सुरुमा नेपाल प्रजातन्त्र काङ्ग्रेस र पछि नेपाली काङ्ग्रेसले पहिले कलकत्ता, पछि पटना र काठमाडौँबाट *नेपाल पुकार,* अङ्ग्रेजीमा कलकत्ताबाटै *नेपाल टुडे,* वनारसबाट *नव नेपाल* र नेपाल कम्युनिस्ट पार्टीले *जनमत, मशाल* र *नवयुग* मुखपत्रका रूपमा प्रकाशित गरेको इतिहास देखिन्छ । यति मात्र होइन, नेपाली काङ्ग्रेसको विवाद र विभाजनका क्रममा नेका अस्थायी समिति (मातृका पक्ष) ले *आलोक* निकाल्यो, जो पछि उनको राष्ट्रिय प्रजा पार्टीको 'मुखपत्र' भयो । उसले *नेपाल सन्देश* समेत प्रकाशित गऱ्यो । डा. केआई सिंहको संयुक्त प्रजातन्त्र पार्टीले पनि *संयुक्त प्रयास* र *जनप्रयास* जस्ता 'मुखपत्र' निकालेको पाइन्छ ।

भरतशमशेर नेतृत्वको राष्ट्रवादी गोरखा परिषद्को *राष्ट्रवाणी* र योगी नरहरिनाथ नेतृत्वको कर्मवीर महामण्डलको *कर्मवीर* जस्ता मुखपत्र हेर्दा अति दक्षिणपन्थी र जनविरोधी निरङ्कुशतावादी तत्त्वहरूले समेत 'मुखपत्र' को महत्त्वबोध गरेको देख्न सकिन्छ । त्यस्ता कुनै पनि प्रयासले हाल निरन्तरता पाउन सकेका छैनन् । तर, *नवयुग* निरन्तर प्रकाशित भइरहेको छ ।

अहिले नेपाली काङ्ग्रेसका *देशान्तर, नेपाल पुकार,* प्रजातान्त्रिक काङ्ग्रेसको *तरुण,* नेकपा (एकताकेन्द्र-मसाल) मोहनविक्रम पक्षको *मसाल* र *हाँक,* प्रकाश पक्षको *जनएकता* र राजवीर समूहको *अग्रगति* जस्ता पत्रिकाहरू निस्केको देखिन्छ । नेकपा (माओवादी) ले *जनादेश* र *संश्लेषण* जस्ता प्रकाशनलाई नियमितता दिने कोसिस गरेको पाइन्छ । सबभन्दा सानो कम्युनिस्ट घटक नेकपा (माले) ले समेत *प्रकाश* लाई निरन्तरता दिने प्रयत्न गरेको देखिन्छ । नेकपा (एमाले) ले *नवयुग* मासिकलाई केन्द्रीय कमिटीको राजनीतिक पत्रिका र *बुधबार* साप्ताहिकलाई नियमितता दिँदै आएको छ, जो अरू कसैका पार्टी प्रकाशनको तुलनामा नियमित रहेका छन् ।

हुन त अहिले परोक्ष रूपमा अमूक पार्टी वा पक्षको सेवाका लागि व्यावसायिक आवरणमा 'ब्रोडसिट दैनिक', 'एफएम रेडियो' र टेलिभिजन स्टेसन' हरू समेत खुलेका छन् । तर, घोषित मुखपत्रको प्रकाशन भनेको पार्टीको साङ्गठनिक भाषा निर्माण र निर्णयको एकरूप व्याख्या एवम् तदनुरूप कार्यान्वयनका लागि हो । यसका निम्ति *नवयुग* ले अझै बढी मिहिनेत गर्न जरुरी छ, जो आमकार्यकर्ताको सच्चा आवाज बन्न सक्नुपर्दछ । ■

# लोकतान्त्रिक गणतन्त्रका लागि जागरण अभियान

## ’ भानुभक्त ढकाल

शान्तिपूर्ण जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलन २०६३ मा व्यक्त जनभावनाअनुरूप राजतन्त्रको उन्मूलन, लोकतान्त्रिक गणतन्त्रको स्थापना, संविधानसभाको निर्वाचन, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रका लागि जनचेतना अभिवृद्धि गर्न, सामाजिक रूपान्तरणका लागि सिङ्गो पङ्क्तिलाई सङ्गठित रूपले परिचालन गरी आमजनताको संलग्नतामा राजनीतिक जागरण ल्याउन केन्द्रीय कमिटीको १२ औं बैठकबाट लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान सञ्चालन गर्ने निर्णय गरी अहिले अभियानमा जुटेको छ ।

**(क) अभियानको संयन्त्र र उत्प्रेरकको व्यवस्था**

पार्टी केन्द्रीय कमिटीले लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियानलाई व्यवस्थित गर्न पार्टी स्थायी कमिटीका सदस्य वामदेव गौतमको संयोजकत्वमा कमिटी निर्माण गरेको छ । अञ्चल इन्चार्जहरू सम्बन्धित अञ्चलको प्रमुख उत्प्रेरक रहने गरी १ सय ३६ जना केन्द्रीय उत्प्रेरकको व्यवस्था गरी भदौ २० देखि पुस २० सम्मको तीनमहिने अभियान विभिन्न कार्यक्रमसहित सम्पन्न गर्न अहिले पार्टी कमिटीहरू एवम् पार्टीका सम्पूर्ण सदस्यहरू यस अभियानमा जुटेका छन् । जनसङ्गठन, पेसागत सङ्गठन एवम् लोकतान्त्रिक गणतन्त्रका पक्षपाती विभिन्न वर्ग, तह र समुदायलाई समेत नेकपा (एमाले) ले अहिले यो अभियानमा संलग्न गराउँदै अघि बढेको छ । अभियानमा पार्टीका धारणाहरूलाई एकीकृत रूपले राष्ट्रव्यापी बनाउन केन्द्रमा दुईदिने राष्ट्रिय भेलाको आयोजना गरिएको थियो । अहिले नेकपा (एमाले) केन्द्र, अञ्चल, जिल्ला, निर्वाचन क्षेत्र, इलाका हुँदै शाखास्तरसम्म परिचालनका लागि संयन्त्रहरूको निर्माण गर्दै उत्प्रेरकहरूको व्यवस्थाका साथ देशका सम्पूर्ण भागमा जनताका घरदैलोमा उत्साहका साथ जुटिरहेको छ । पार्टीका धारणाहरू जनताका मनमनमा पुऱ्याउन, जनताको एमालेप्रतिको माया र विश्वासलाई अझ खँदिलो बनाउँदै नयाँ रक्तसञ्चारका साथ गतिशील भएको छ ।

**(२) अभियानका रूपमा भेला-प्रशिक्षणहरू**

लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियानअन्तर्गत पार्टीले अहिलेसम्म अञ्चलस्तरीय, ७५ जिल्ला, दुई सय पाँच निर्वाचन क्षेत्र, इलाका, नगर, गाविस मात्र नभई, टोलटोलमा समेत भेला एवम् प्रशिक्षण कार्यक्रमहरू सम्पन्न गरिरहेको छ । मुलुकमा लादिएको ज्ञानेन्द्रको निरङ्कुश कदम एवम् माओवादीको ज्यादतीका कारण निर्भयपूर्वक पार्टीका नीति र कार्यकर्ताहरू जनताबीचमा यथेष्ट रूपमा निरन्तर पुग्न नपाउँदा उत्पन्न अन्योल पनि यो अभियानको प्रारम्भिक दिनमै समाप्त भएको छ । जनताका प्रतिनिधिहरू समेत जनताका सुख, दुःखमा साथ दिन नपाइरहेको अवस्थामा जनताको घरघरमा भेला भएर पार्टीका धारणाहरू जनताबीच राख्ने र जनताका भनाइले पार्टीलाई अझ दह्रिलो बनाउने सुझावले अग्रगमनको यात्रालाई अझ बलियो बनाएको छ । हजारौं-हजार यस्ता भेला र प्रशिक्षणले लाखौं-लाख जनतालाई प्रशिक्षित तुल्याएको छ ।

लामो समयसम्मको सम्पर्क अभाव र नियमित गतिविधि नभएर खुस्किएका जुइना र नटबोल्टहरू कसिएका छन् । प्रयोगको अभावमा भुत्ते र खिया लागेका कार्यकर्ताहरूलाई यो अभियानले उध्याएको छ र धारिलो बनाएको छ । शान्तिपूर्ण जनआन्दोलनबाट जनताको संलग्नतामा समाजको रूपान्तरण गर्ने नीतिमा ढिलोछिटो सबै संलग्न हुने कुरामा हाम्रो पार्टीपङ्क्ति विश्वस्त छ । लोकतान्त्रिक गणतन्त्रको अगुवाइ नेपाली काङ्ग्रेसले गर्न नसक्ने एवम् शान्तिपूर्ण आन्दोलनको नेतृत्व नेकपा (माओवादी) ले गर्न नसक्ने भएकाले यसको वास्तविक नेता नेकपा (एमाले) नै हो भन्नेमा नेपाली जनता विश्वस्त छन् । यसलाई सार्थक बनाउन सम्पन्न भेला एवम् प्रशिक्षण कार्यक्रमहरू लाभदायक भएका छन् ।

**(३) व्यवस्थित कमिटी र सदस्यतामा वृद्धि**

जनअभियानमा सम्पन्न गर्ने कार्यमध्ये सङ्गठनलाई सुदृढ बनाउने एवम् सदस्यता विस्तार गर्ने कार्यलाई समेत प्राथमिकता दिइएको छ । वर्षैपिच्छे सम्पन्न गर्नुपर्ने शाखा अधिवेशनहरू, दुई वर्षमा गर्नुपर्ने इलाका अधिवेशनहरू एवम् तीन वर्षमा गर्नुपर्ने जिल्ला अधिवेशनहरू यसबीचको अवधिमा नियमित एवम् व्यवस्थित हुन सकिरहेका थिएनन् । धेरैअघिदेखि सम्पन्न हुन नसकेका यस्ता कमिटीका बैठक, भेला र अधिवेशनहरू अभियानकै रूपमा सम्पन्न भएका छन् । यसले कमिटीको गतिशीलतालाई बढाएको छ । पार्टीलाई थप प्रजातान्त्रिक एवम् समावेशी बनाउन सहयोग पुऱ्याएको छ । पार्टी विभाजनको अवधिदेखि नभएका सदस्यता नवीकरणलाई पनि यो अभियानले पूर्णता प्रदान गरेको छ । करिब ९५ प्रतिशत सदस्यहरूले नेकपा (एमाले) को सदस्यता नवीकरण गरेका छन् । नयाँ सङ्गठित सदस्यहरू पार्टीमा थपिएका छन् । ‘सङ्गठनमा नयाँलाई भर्ती गर, योग्य र क्रियाशीललाई जिम्मेवारी देऊ’ भन्ने अभियानले यतिबेला गति लिएको छ । नेकपा (एमाले) उपत्यकामा मात्र करिब १५ हजार साधारण सदस्यहरू यो चार महिनाको अवधिमा थपिएका छन् । एकीकृत एवम् इलाकास्तर हुँदै अब सामूहिक शपथग्रहण कार्यक्रम शाखास्तरमा अभियानका रूपमा विस्तार भएको छ । युवा, विद्यार्थी, मजदुर, जनजाति, महिला एवम् दलित वर्गको उपस्थितिलाई पार्टीको भविष्यका निम्ति सुखद पक्षका रूपमा उल्लेख गर्न सकिन्छ ।

**(४) आदिवासी र जनजातिमा सङ्गठन विस्तार**

नेकपा (एमाले) को बाह्रौं बैठकबाट नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ बनाउने पार्टीको निर्णय अहिले अहोरात्र कार्यान्वयनको तहमा उत्रिएको छ । यो महासङ्घअन्तर्गत विभिन्न घटक सङ्गठनहरूका राष्ट्रिय भेलाहरू सम्पन्न भएका छन् । तिनीहरूका राष्ट्रिय कमिटीहरू निर्माण हुँदै मातहतमा पनि अभियानकै रूपमा सङ्गठित विस्तार हुँदैछन् । संविधानसभामा सबै वर्ग, क्षेत्र, लिङ्ग, जनजातिको समानुपातिक प्रतिनिधित्व गराउन नेकपा (एमाले) ले अघि सारेको समानुपातिक निर्वाचन प्रणालीले यो समुदायको वास्तविक नेता नेकपा (एमाले) नै हो भन्ने पुष्टि गरेको छ । यस्तै मधेसीहरूको सङ्गठन निर्माणमा समेत नेकपा (एमाले) जुटिसकेको छ ।

**(५) श्रमप्रतिको अभिरुचि, राष्ट्रिय कोषमा अभिवृद्धि**

राजनीतिक जागरणका साथसाथै नेकपा (एमाले) अहिले समाजमा सामाजिक जागरण ल्याउन स्वास्थ्य शिविर, सामूहिक सरसफाइ, सार्वजनिक शौचालय र बाटो निर्माणमा पनि जुटेको छ । पार्टीका शीर्ष नेतृत्वदेखि एमालेका हरेक सङ्गठित सदस्यहरू अनिवार्य जनकार्यमा पार्टीले बनाएको योजनालाई सफल बनाउन लागिपरेका छन् । सबै सदस्यहरूले अनिवार्य पाँच दिन जनश्रम गर्नुपर्ने र त्यसबाट प्राप्त रकम सोझै केन्द्रीय कोषमा जम्मा गर्ने योजनाका कारण जनकार्यले जनतासँगको हार्दिकतामा वृद्धि गर्नुका साथै पाँच दिनको श्रमबाट प्राप्त रकमले केन्द्रीय कोषलाई समेत सुदृढ बनाउनेछ । जनतालाई हप्की, दप्की, डर, धाक र त्रासबाट होइन, आफ्नो श्रमबाट आफ्नो पार्टीलाई सक्षम बनाउन पाउनु हामी सबैका लागि खुसीको कुरा हो । जनश्रमअन्तर्गत अधिराज्यभरि विभिन्न कार्यक्रमहरू सम्पन्न भइनै रहेका छन् । लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियानका केन्द्रीय संयोजक कमरेड वामदेव गौतमले चितवनमा धान काटेर यो अभियान अघि बढाउनुभएको छ ।

**र, अन्त्यमा**

अभियानको यो गतिसँगै नेकपा (एमाले) ले अघि सारेको जनमतसङ्ग्रहबाट राजतन्त्रको अन्त्य गर्ने विषयले सबै जनताको मन जितेको छ । सार्वभौमसत्ता जनतामा नै निहित हुनुपर्छ, जनताभन्दा माथि कोही छैन, जनताको निर्णय नै सर्वोपरि भएकाले जनमतसङ्ग्रहबाट राजाबिनाको नेपाल बनाउने जनचाहनाको नेतृत्व यतिखेर नेकपा (एमाले) ले मात्र गरेको छ । अघिपछि चर्का कुरा गर्ने तर ऐन मौकामा यथास्थितिवादीको साक्षी बस्ने शक्ति एवम् व्यक्तिहरूले परिवर्तनको यो जँघारमा खुट्टा कमाएका छन् । यसर्थ, शान्तिपूर्ण जनआन्दोलनको भावनाअनुसार जनतालाई सर्वोपरि मानी ‘संविधानसभाको निर्वाचन गरेरै लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं’ भन्ने नेकपा (एमाले) को नारालाई सफल बनाउन जागरण अभियान औधी महत्त्वको अभियान बनेको छ । ■

# एकतिहाइ सहभागिता

**- कमला पराजुली -**

राजनीति र सामाजिक काम गर्ने जिम्मा पुरुषको र घरधन्दा महिलाको भन्ने परम्परागत मूल्य र मान्यतालाई चुनौती दिँदै अहिले राजनीतिमा महिला सहभागिता वृद्धि भइरहेको छ । केही वर्षअगाडि स्थानीय निकायमा महिला सदस्य हुने पनि कोही छैनन् भनिएको अवस्थामा अहिले सहरमा मात्र होइन, गाँउगाँउमा महिलाहरू राजनीतिक जिम्मेवारी वहन गर्न तत्पर भएका छन् । यो ज्याँदै ठूलो परिवर्तन र सकारात्मक पक्ष हो ।

विगतदेखि वर्तमानसम्मका जुनसुकै आन्दोलनको पनि समीक्षा गर्ने हो भने हरेक राजनीतिक आन्दोलनमा महिलाको त्यतिकै प्रभावकारी भूमिका रहँदै आएको छ । तर आन्दोलनको सफलतापश्चात् महिलाको पक्षमा या महिलाको जीवनलाई सकारात्मक प्रभाव पार्ने कुनै पनि नीतिगत निर्णय हुन सकिरहेको थिएन, जसका कारण महिला सधैं राजनीतिक आन्दोलनको हनमेर्नो मात्र भएको अवस्था थियो । सभा-समारोहमा सङ्ख्या बढाउने र शोभा थप्ने मात्र हुन्थ्यो । तर, विगत १५ वर्षयतादेखि सबै क्षेत्रबाट राजनीतिमा महिलाको सहभागिता भन्ने सवाललाई अत्यधिक महत्त्व दिएर निरन्तर गरिएको प्रयासको परिणाम भिन्न परिस्थितिको जन्म भयो । महिला आन्दोलन महिलाको मात्र जस्तो भएको र राजनीतिक पार्टीको मूल कार्यक्रम र एजेण्डामा समावेश हुन नसकिरहेको अवस्थामा अब परिवर्तन आएको छ । राजनीतिक पार्टीका भगिनी सङ्गठनले मात्र होइन, यसपटक राजनीतिक पार्टीले समेत महिलाका मुद्दालाई महत्त्व दिएर उठाएको छ । महिलाका समस्यामा महिलाले मात्र बोल्ने, लेख्ने र आवाज उठाउने नभएर पुरुष नेताले पनि त्यत्तिकै महत्त्व दिनुबाट महिला आन्दोलनले एक चरण सफलता प्राप्त गऱ्यो, जसको परिणाम नेपाली महिला अधिकारको पक्षमा संसद्बाट महत्त्वपूर्ण निर्णय भयो र कानुनसमेत बन्यो ।

सामाजिक-राजनीतिक खुलापन र विकासले चेतनालाई पनि विकसित गर्दै लैजान्छ । अवसरको सिर्जना हुन्छ र मानिसको क्षमता र आत्मविश्वासको विकास हुन्छ । ३० वर्ष लामो निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्यपश्चात्को १५ वर्षमा जनताले पाएको ठूलो उपलब्धि त्यही खुलापन हो, जसले गाउँदेखि सहरसम्म चेतनाको उभार ल्यायो, प्रजातन्त्रको उपयोग गर्न सबै वर्ग र समुदायलाई प्रेरित गऱ्यो । त्यही प्रेरणाले जनता जागरुक भए, निरङ्कुशता, दमन-अत्याचार र असमानतालाई अस्वीकार गर्दै विद्रोह गर्न थाले, जसको परिणाम लोकतान्त्रिक आन्दोलन ०६२-६३ को अपार सहभागिता हो । जनता हिंसाको पक्षमा छैनन्,

मानव अधिकार र मौलिक अधिकारप्रति सचेत छन् भन्ने उदाहरण पनि शान्तिपूर्ण आन्दोलनमा भएको सहभागिता नै हो । १२ वर्षसम्मको सशस्त्र हिंसाले आक्रान्त भएका जनताको हिंसाबाट मुक्त भएर शान्तिको अनुभूति गर्ने तीव्र चाहनाको परिणाम पनि हो । अस्थिर राजनीतिक अवस्थाले ती जनताको प्रत्यक्ष जीवनमा प्रभाव पारेको थियो, त्यसैले मलाई राजनीतिसँग कुनै चाँसो छैन भनेर बस्नेहरू समेत पनि टाढा हुन सक्ने अवस्था भएन । कोही दर्शक बनेर बस्न सकेनन्, यो या त्यो रूपमा मैदानमा ओर्लनै पर्‍यो । महिला, दलित, जनजाति, आदिवासी, धनी-गरिब सबैका लागि राजनीतिक परिवर्तन त्यतिकै खाँचो भयो, जसको परिणाम आन्दोलनको पहिलो चरण सफल भयो ।

जननिर्वाचित संसद्को पुनःस्थापना भयो । त्यही संसद्बाट ऐतिहासिक निर्णयहरू भए, जसले शताब्दीऔंदेखि जरा गाडेको सामन्तवादलाई हल्लायो, जनतालाई आत्मसम्मानको अनुभूति गरायो र विशेष गरेर नेपाली महिलालाई नागरिकको हैसियत दिलायो । पुनःस्थापित संसद्बाट जेठ १६ गते नेपाली महिलाको जीवनका लागि ऐतिहासिक फैसला भयो । हामी राजनीति गर्दैनौं र हामीलाई राजनीतिप्रति कुनै चासो छैन भन्ने विकासवादीहरूले महिला अधिकारका क्षेत्रमा अरवौं बजेट खर्च गर्दा पनि हल्लाउन नसेको पितृसत्ताको पहाडलाई राजनीतिक निर्णयले एकपटक ढलाइदियो । त्यसैले यो राजनीतिबाट अलग-पृथक् बसेर परिवर्तन असम्भव छ भन्ने कुराको प्रमाण पनि हो । यदि साँच्चै आमूल परिवर्तन गर्ने हो भने, कुनै पनि समस्याको समाधान गर्ने हो भने राजनीतक प्रवाहमा समावेश नभईकन सम्भव छैन । राजनीतिप्रतिको अज्ञानता र बुझाइको समस्याले राजनीतिलाई खराब देखेको हो । राजनीति भनेको आग्रह र पूर्वाग्रह होइन, भेदभाव र प्रतिशोध होइन । राज्यको नीति हो, जसले जनताको जीवनलाई प्रत्यक्ष प्रभाव पार्छ । राजनीति भनेको त्यही प्रतिबद्धता हो । त्यसैले अब सबै वर्ग, जाति र समुदायको समानुपातिक सहभागिताको पनि खाँचो भएको छ ।

अहिले हाम्रो पार्टीले लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान कार्यक्रम सञ्चालन गरिरहेको छ । जनताको घरदैलोमा पुगेर परिवर्तनको सन्देश दिँदै, टोलटोलमा, गाउँगाउँमा, इलाका र क्षेत्रहरूमा जनसभा गर्दै जनताका माझमा पार्टीको कार्यक्रम पुर्‍याइरहेको छ । राजनीतिका नाममा धम्की, आतङ्क र सन्त्रास खपेर समयको पर्खाइमा बसेका जनता अहिले आफ्नो भाग्यको फैसला गर्ने राजनीतिक अभियानमा संलग्न भइरहेका छन् । परम्परादेखि उत्पीडनमा बाँचेका, विभेद खपेका र अत्याचार सहन बाध्य भएका महिलाहरू पनि अहिले अझ जागरुक भएका छन् । संसद्बाट महिलाको पक्षमा भएका चारवटा महत्त्वपूर्ण निर्णयले नेपाली महिलालाई नागरिकको हैसियत दिलाएको छ, स्वाभिमानलाई उठाएको छ, आत्मविश्वास बढाएको छ र महिलालाई राजनीतिक आन्दोलनमा लाग्न अझ उत्साहित र प्रेरित गरेको छ ।

राज्यका सबै संरचनामा एकतिहाइ महिलाको सहभागिता सुनिश्चित गर्ने निर्णय भएलगत्तै महिलाहरू नै छैनन्, कहाँबाट आउँछन् ? कसरी ल्याउने ? कसरी पुर्‍याउने ? जस्ता अनगिन्ती शङ्का, प्रश्न र चिन्ता उब्जिएका छन् । यी शङ्का हटाउने, प्रश्नको उत्तर दिने र चिन्ता समाधान गर्ने जिम्मेवारी अब हामीमाथि आएको छ, अझ विशेष गरी हाम्रो पार्टीमाथि । मार्क्सवादी प्रगतिशील कम्युनिस्ट पार्टी जसले महिलाको विशेष सम्मान गर्छ, मूल्याङ्कन गर्छ । हाम्रो पार्टी त्यस्तो पार्टी हो, जसले आफ्नो पार्टीको केन्द्रीय कमिटीको बैठकबाटै आमाको नामबाट सन्तानले नागरिकता पाउनुपर्छ भन्ने निर्णय गरेर कानुन बनाउन संसद्मा लबिङ् गर्‍यो । महिलामाथि हुने हिंसा, विभेद अत्याचारका विरुद्ध आफ्ना घोषणापत्र र कार्यक्रममा प्रतिबद्धता जाहेर गरेको छ । सामन्तवाद र पितृसत्ताका विरुद्ध महिला अधिकारका पक्षमा निरन्तर आवाज उठाउँदै आइरहेको छ । संसद्बाट महिला अधिकारको पक्षमा निर्णय गराउन पनि हाम्रो पार्टीको अहम् भूमिका रहेको छ । तसर्थ, अब यो निर्णयलाई कार्यान्वियन गराउने पहिलो चुनौतीपूर्ण जिम्मेवारी पनि हाम्रै पार्टीको काँधमाथि आएको छ ।

एकतिहाइ महिला कहाँबाट ल्याउने ? महिलाको क्षमता नै छैन, हैसियत भएका महिला नै छैनन्, त्यसैले यो अत्यन्त अव्यावहारिक र असम्भव कुरा हो भन्ने तर्क एकातर्फ आइरहेका बेला अर्कातर्फ जनसङ्ख्याको आधा हिस्सा महिलालाई एकतिहाइले कहाँ पुग्छ ? महिलाका लागि त ५० प्रतिशत हिस्सा आरक्षण हुनुपर्छ भन्ने माओवादी पक्षका साथीहरूको तर्क पनि आइरहेको थियो ।

तर्क राख्नु सकारात्मक कुरा हो । छलफल र बहसले सही निष्कर्षमा पुर्‍याउँछ । तर, सवाल उठाउँदा र तर्क राख्दा केही महत्त्वपूर्ण विषयमा भने ख्याल राख्नैपर्छ । जनसङ्ख्याको आधा हिस्सा महिलालाई समानुपातिक सहभागिताको लक्ष्य प्राप्त गर्नका लागि संसद्बाट यो एउटा प्रारम्भिक चरण, न्यूनतम सम्झौताको विन्दुका रूपमा एकतिहाइ आरक्षणको व्यवस्था भएको हो । यस्तो व्यवस्था नभएसम्म पछाडि पारिएका खास-खास वर्ग र समुदाय मूल प्रवाहमा आउन सक्दैनन् भन्ने यथार्थलाई सबैले स्वीकार गर्दै यो व्यवस्था गरिएको हो । यस्तो व्यवस्था एउटा निश्चित समय र अवधि सम्मका लागि मात्र गरिन्छ, सधैंका लागि हुन सक्दैन । तर, यसरी न्यूनतम एकतिहाइ भन्ने बाध्यकारी व्यवस्थाको अर्थ त्यसभन्दा ज्याँदाचाहिँ हुन नपाउने या नसक्ने भन्नेचाहिँ पटक्कै होइन । यदि कुनै पार्टी या सङ्गठन विशेषमा या क्षेत्र र समुदाय विशेषमा यसभन्दा धेरै महिला प्रतिनिधित्व गराउन सक्ने अवस्था छ भने त्यसलाई यो एकतिहाइको व्यवस्थाले कुनै पनि बाधा-व्यवधान पुर्‍याउँदैन । बराबरीकै रूपमा पनि महिला सहभागिता हुन सक्छ । यति मात्र हो, त्यसभन्दा कमचाहिँ हुन पाउँदैन । त्यसैले यदि कुनै पार्टी, सङ्गठन, क्षेत्र र समुदायबाट अधिकतम महिलाको प्रतिनिधित्व गराउने सोच र योजना रहेको अवस्थामा त्यस्तो सकारात्मक कुरा अरूहरूका लागि पनि उदाहणीय र प्रशंसनीय नै हुनेछ । अहिले त अझ माओवादी पार्टी आफैं सरकारमा जान लागिररहेको अवस्थामा एउटा आमूल परिवर्तनकारी पार्टीका नाताले अब हुने अन्तरिम संसद् र मन्त्रिमण्डलमा गराउने प्रतिनिधित्वमा ५०

प्रतिशत महिला सहभागिता गराएर अरू राजनीतिक दललाई समेत बाटो देखाउने, सचेत गराउने र उदाहरणीय बन्ने सुअवसर प्राप्त भएको छ ।

अर्कातर्फ क्षमता भएका महिला नै छैनन् भन्ने विषयमा पनि सधैँ नकारात्मक ढङ्गबाट मात्र किन तर्क गर्ने ? पहिले त जहाँजहाँ, जुन-जुन क्षेत्रमा जतिजति छन्, उनीहरूलाई अवसर दिँदै जाऔँ र हेरौँ । ढोकाबाट प्रवेश गरेपछि मात्र कसले कति गर्न सक्छ या सक्दैन भन्ने थाहा हुन्छ । ढोका बन्द गरेर कसैको पनि क्षमतामाथि प्रश्न गर्न मिल्दैन । अझ यस्तो क्षमताको प्रश्न पनि परम्परादेखि अवसरको उपयोग गर्दै आएका पुरुषहरूले अवसरबाट वञ्चित महिलालाई तिमीहरूको क्षमता छैन, तिमीहरू बुद्धि नभएका, अशिक्षित छौ, अहिले चुपचाप लागेर बस भने जस्तो मात्र हो । यो पुरुष विशेषलाई लगाइएको आरोप होइन, यस्तो चिन्तनले पितृसत्ता र सामन्तवादी सोचबाट प्रभावित हामी महिलासमेतलाई प्रभाव पारिरहेको हुन्छ ।

अहिले देशैभरि सञ्चालन भइरहेको पार्टीको अभियानमा पनि केन्द्रीय उत्प्रेरकका रूपमा खटिएका महिला तथा पुरुष कमरेडहरूले यस विषयलाई त्यत्तिकै गम्भीरतापूर्वक ध्यान दिने समय आएको छ । गाउँ र जिल्ला तहमा धेरै महिला कार्यकर्ताहरू छन्, जसलाई सङ्गठित गर्ने, प्रशिक्षित गर्ने, अवसर र जिम्मेवारी दिने, प्रेरणा र प्रोत्साहन दिँदै क्षमता अभिवृद्धि गराउने कुरामा विशेष ध्यान दिने बेला भएको छ । आँखाकै वरिपरि र नाककै सामुमात्र मात्रै देख्ने र चिन्ने परिपाटी भयो भने कहिल्यै पनि कार्यकर्ताको विकास हुँदैन र कार्यकर्ताको अभावमा नेता पनि बाँकी हुँदैनन् । त्यसैले अब आफैँले गरेको निर्णयको कार्यान्वयन गराउन कम्तीमा आफ्नो क्षेत्र, पार्टी र सङ्गठनमा एकतिहाइ महिलाको अर्थपूर्ण सहभागिता गराउने दायित्व सबैतिर आएको छ ।

हिजो गाउँगाउँ र भीरपाखाबाट आन्दोलनको मैदानमा ज्यान माया मारेर ओर्लिएका महिलाहरू अहिले पनि छँदैछन् । ती महिलाहरू अज्ञानता र लहडले आन्दोलनमा सहभागी भएका थिएनन् । उनीहरू कसैको डर र धम्कीले आएका थिएनन् । राजनीतिक चेतना, जागरुकता र परिवर्तनको खाँचो महसुस गरेर आन्दोलनमा सहभागी भएका थिए, घरभित्रको अनगिन्ती जिम्मेवारी वहन गर्दै प्रतिकूल परिस्थितिसँग पनि लड्दै राजनीतिक-सामाजिक परिवर्तनका लागि बाहिर निस्किएका थिए । जो अहिले पनि छँदैछन्, उनीहरूलाई नदेख्न र बिर्सन हुँदैन । तसर्थ, ती आमा, दिदी, बहिनीहरूलाई हाम्रो पार्टीको यो अभियानको मूल प्रवाहमा समेट्दै लोकतान्त्रिक गणतन्त्रको लक्ष्य प्राप्त गर्न संविधानसभाको निर्वाचनमा सहभागी गराउने दायित्व अब हामीमा आएको छ ।

■

# slknj:t'df hfu/0f cleofg

**' वलराम अधिकारी**

दुई अतिवादका विरुद्ध सङ्घर्ष गर्दै नेपाल राष्ट्रको रक्षा र नेपाली जनताका खोसिएका अधिकारहरू प्राप्तिका लागि सञ्चालित जनआन्दोलन-२ अघि बढ्ने क्रममा जनक्रान्तिको स्वरूप ग्रहण गर्न गई नेपालको इतिहासमै विशिष्ट महत्त्व राख्न पुग्यो । जनआन्दोलन ०६२/६३ सफल भएको यस अवस्थामा अब आन्दोलनको भावनाअनुसार लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु हाम्रो दायित्व भएको छ । तसर्थ, हाम्रो पार्टी साउन २० गतेदेखि सुरु भएको १२ औँ केन्द्रीय कमिटीको बैठकले देशको बदलिएको परिस्थितिअनुसार पार्टी कमिटीहरू र आमजनसमुदायलाई प्रशिक्षित, सचेत र सङ्गठित गरी संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने तत्कालीन कार्यनीतिक नारालाई पूरा गर्न देशव्यापी लोकतान्त्रिक गणतन्त्रका लागि भदौ २० गतेदेखि पुस २० सम्म तीनमहिने जनअभियान सञ्चालन गर्ने निर्णय गरी उत्प्रेरक कमरेडहरू खटाउने काम गऱ्यो, जसअनुसार हाम्रो जिल्लामा केन्द्रीय लेखा परीक्षण कमिटीका सदस्य धनेन्द्र घिमिरे र अञ्चल कमिटी सदस्य रुक्मिणी कुँवर उत्प्रेरकका रूपमा खटिइआउनुभएको छ । कमरेडहरूको आतिथ्यमा गत भदौ १९ गते जिल्ला कमिटीको तेस्रो बैठक पार्टी कार्यालय तौलिहवामा सम्पन्न गरियो । उक्त बैठकले अभियानअन्तर्गत पहिलो चरणको कार्यक्रम भदौ २० देखि कात्तिक ११ सम्म तय गरेको थियो ।

पार्टी काम सघन र व्यवस्थित रूपमा गाउँसम्म पुगोस् भन्ने उद्देश्यका साथ पुससम्म नै काम गर्ने गरी ७७ वटै गाविस, नगरपालिकाका, १४ वटै वडामा उत्प्रेरक कमरेडहरू तोक्ने काम गरियो । सोहीअनुसार कामको थालनी भएको छ ।

उल्लिखित गाविसहरूमा खटिनुभएका कमरेडहरूमध्ये कतिपय गाविसमा कमिटी निर्माण, भेट र सम्पर्कको थालनी भएको छ भने कतिपय गाविसमा खटिनुभएका कमरेडहरू सम्पर्कसमेत गर्न पुग्नुभएको छैन । यसको समग्र मूल्याङ्कन अभियानको अन्तिममा गरिनेछ । त्यस्तै, इलाका इन्चार्ज र फाँट विभाग प्रमुख कमरेडहरू पनि आ-आफ्नो जिम्मेवारीअनुसार लाग्नु हुनेछ । सबै इलाका र फाँट विभागहरूमा अझै प्रभावकारी रूपमा गएको पाइएको छैन । केही ठाउँ या इलाका क्षेत्रमा मात्र पहुँच पुगेर हुँदैन, समग्र ठाउँ, इलाका क्षेत्रमा पुग्नु जरुरी छ । तसर्थ, आगामी दिनमा सोहीअनुसार काममा जान जरुरी छ । यसबीचमा सम्पन्न कामहरू यसप्रकार छन् :

**साङ्गठनिक काम**

निर्वाचन क्षेत्र समन्वय कमिटीका चारै क्षेत्रमा विस्तारित बैठकहरू, स्कुल विभाग, प्रचार विभाग, सामाजिक सेवा विभाग, आर्थिक विभागका बैठक, इलाका नं. १, २, ४, ५, ६, ८, ९, १०, ११, १३ र १४ का बैठकहरू, बाणगङ्गा, जगेहडा, हथौसा, फुलिका, पटना, पतरिया, नन्दनगर, वासखोर, लवनी, बिठुवा, पकडी, हरनामपुर, मोतीपुर, कोपवा, तिलौराकोट, निग्लिहवा, जहदी, धरमपनीया, भलवाड, जयनगर, राजपुर, महेन्द्रकोट, वर्कलपुर, बुद्धी दुवीया, चनई, बीरपुर, शिवपुर, पत्थरदेइया, वीसुनपुर, शिवगढी र कृष्णनगर गाउँस्तरका बैठकहरू सम्पन्न भएका छन् ।

इलाका नं. ३, १, २ र गाविस डुमरा, बलुहवा, सौराहा, अभिराव, हर्दौना, बरइपुरमा कमिटी गठन भएका छन् भने नगर अधिवेशन, प्रेस चौतारी, अनेमसङ्घ, अनेकिसङ्घ, अनेरास्ववियु, राजसांमञ्चका जिल्ला सम्मेलन सम्पन्न भएका छन् । नेपाल मुस्लिम इत्तेहाद सङ्गठन र नेपाल बुद्धिजीवी परिषद्को जिल्ला सम्मेलनको तयारी भइरहेको छ । त्यस्तै अन्य जनसङ्गठनमध्ये मुक्ति समाज, प्ररायुसङ्घको जिल्ला बैठकहरू सम्पन्न गरी कमिटी निर्माणका साथै अन्य गतिविधि सञ्चालन गरिएको छ । कृषि मजदुरको जिल्ला बैठक बसी तल्ला कमिटी निर्माणमा लागिपरेको छ । यसबीचमा, साधारण सदस्यता वितरण दुई सय, पार्टी प्रवेश तीन सय, जनसङ्गठनतिर अनेरास्ववियु तीन हजार, अनेमसङ्घ एक हजार सात सय, अनेकिसङ्घ एक सय १५, राजसांमञ्च ३०, मुक्ति समाज ४५, इत्तेहाद सङ्गठन एक हजार पाँच सय जना सदस्य बनाउने काम भएको छ । शिक्षक, बुद्धिजीवीको जिल्ला भेला, माया पौडेल र राममणी पोखरेलबीच प्रगतिशील विवाह, निवर्तमान गाविस अध्यक्ष/उपाध्यक्षहरूको जिल्लास्तरीय कार्यक्रम, पत्रकार र पार्टीबीच अन्तरक्रिया सम्पन्न भएका छन् । लोकतान्त्रिक आदिवासी थारु सङ्घको राष्ट्रिय सम्मेलनमा चारजना प्रतिनिधि पठाइयो । संस्कृतिको जगेर्ना गर्दै जनअभियानको प्रचारकै क्रममा देउसी-भैलो खेल्ने निर्णयअनुसार राजसांमञ्च र मोतीपुर वार्ड नं. ९ ले खेलेका छन् ।

नेकपा (एमाले) को लोकतान्त्रिक गणतन्त्रका लागि सुरु गरिएको जनअभियानमा चार हजार सात सय ७७ जना अगुवास्तरका कार्यकर्ताहरू उपस्थित भई गणतन्त्रका पक्षमा जनलहर सिर्जना भए पनि भेलाहरूमा अपेक्षाकृत सहभागिता भने हुन सकेन । समग्रमा इलाका नं. १, २, ३, ४, ६ र ११ को राम्रो रह्यो । इलाका नं. ७, १२, १५ र १३ को गतिविधि सञ्चालन नै हुन नसकेका कारण भेलाको उपस्थिति कमजोर रह्यो । अन्य इलाकामा उपस्थिति राम्रो हुन सक्ने हुँदाहुँदै पनि त्यति ध्यान केन्द्रित भएन ।

खटाइएका कमरेडहरू प्रभावकारी ढङ्गबाट नखट्नुभएको र केही इलाका इन्चार्ज कमरेडहरूको संयोजनमा कमी रह्यो । निर्णयप्रति सबै कमिटीहरू समान रूपले गम्भीर भएनन् । तोकिएको कार्यक्रम बीचमै बदलिनाले अप्ठ्यारो महसुस भए तापनि यस कार्यक्रमको ४५ दिनको अवधिमा खटाइएका कमरेडहरू आ-आफ्नो क्षेत्रमा जान तयारी गरिरहनुभएको छ । सबै इलाकामा सम्पर्क विस्तार भएको छ । पार्टी गतिविधिको प्रचार-प्रसार भएको, पार्टी प्रवेशमा आकर्षण बढेको छ । माओवादीका गलत क्रियाकलापको भण्डाफोर गर्ने काम भएको छ । ■

# परिवर्तित परिस्थितिमा मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद

**' गोपीरमण उपाध्याय**

१. बदलिएको परिस्थिति दुई प्रकारको छ-

क. राष्ट्रिय परिस्थिति
ख. अन्तर्राष्ट्रिय परिस्थिति
(क) राष्ट्रिय परिस्थिति

- २०६२/६३ को महान् जनआन्दोलनद्वारा निरङ्कुश राजतन्त्रले घुँडा टेके पनि राजतन्त्र पूर्ण रूपले उन्मूलन भएको छैन । अहिले पनि सम्पूर्ण शक्तिहरूको प्रहार केन्द्र भनेको राजतन्त्र नै हुनुपर्ने राष्ट्रिय परिस्थिति रहेको छ ।
- जनक्रान्तिको स्वरूप ग्रहण गर्न पुगेको वर्तमान परिस्थितिमा राजनीतिक स्वरूप परिवर्तन भए पनि यसको सारमा परिवर्तन नभएको अवस्था छ ।

(ख) अन्तर्राष्ट्रिय परिस्थिति

- वर्तमान विश्व अन्तरविरोधका मूलरूपमा चार खालका प्रवृत्तिहरू विद्यमान छन् :

१. साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूका बीचको अन्तरविरोध,
२. साम्राज्यवाद र समाजवादका बीचको अन्तरविरोध,
३. अन्तरसाम्राज्यवादी अन्तरविरोध,
४. श्रम र पुँजीको बीचको अन्तरविरोध ।

तर पनि अमेरिकी साम्राज्यवाद एकध्रुवीय विश्वको पक्षमा क्रियाशील रहेको अवस्थामा अन्य राष्ट्रहरू यसको विपक्षमा रहेका छन् ।

- वर्तमान अवस्थामा साम्राज्यवादी देशहरूले गरिब राष्ट्रका शासकहरूमार्फत पूरै राष्ट्रलाई वित्तीय ऋणमा फसाएर त्यहाँको प्राकृतिक स्रोत-सम्पदामा आफ्नो कब्जा जमाउनका निम्ति भएको सङ्घर्षमा अमेरिकी साम्राज्यवाद र अरब राष्ट्रका बीचको अन्तरविरोध अहिले मुखर बनेको छ ।
- अमेरिकाले कुनै पनि देशको लोकतन्त्रलाई तबसम्म मात्र हेर्दछ, जबसम्म उसको स्वार्थमा कुनै प्रकारको धक्का लाग्दैन । स्वार्थमा धक्का लाग्नु भनेको नै उसका अर्थमा आतङ्कवाद ठहर्छ ।
- अमेरिकाको अहिलेको मुख्य निशाना उत्तर कोरिया, इराक, इरान, लेवनान, सिरिया, अफगानिस्तान र अल कायदासमेत रहेका छन् ।
- विश्वमा अहिले न्याय, समानता, लोकतन्त्र र मानवाधिकारका निम्ति सङ्घर्षहरू सञ्चालित भइरहेका छन् । अहिले पनि सर्वहारा श्रमजीवी वर्गको लोकतन्त्र र न्यायपूर्ण एवम् समानतामा आधारित आन्दोलनको अर्को विकल्प नभएको कुरा मार्क्सवादले पुष्टि गर्दछ र मार्क्सवादी दार्शनिक प्रणालीले,

(१) कुनै पनि विषयवस्तुलाई त्यसको ऐतिहासिक सन्दर्भमा हेर्दछ ।
(२) त्यसको अन्य वस्तुसँगको सम्बन्धलाई सापेक्ष रूपमा हेर्दछ ।
(३) इतिहासको ठोस अनुभवका आधारमा भावी परिकल्पनाको रेखाङ्कन गर्दछ ।

- कुनै पनि देशविशेषको क्रान्ति विश्वक्रान्तिको अभिन्न अङ्ग बनेको हुन्छ ।
- क्रान्तिका सम्बन्धमा स्वयम् कार्लमार्क्सले सन् १८७८ को अन्तर्वार्तामा भन्नुभएको थियो । "क्रान्ति एउटा-दुइटा राजनीतिक पार्टीले मात्र गर्ने नभएर सिङ्गो राष्ट्रले गर्दछ र सिङ्गो राष्ट्र जागृत पर्ने परिस्थितिको सिर्जना गर्नुपर्छ ।"
- मार्क्सवादको जीवन्तता पनि यसै क्रान्तिकारी विचार र व्यवहारमा आधारित छ । त्यसैले मार्क्सवादका चार आधारभूत सवाल अहिले पनि उत्तिकै महत्त्वपूर्ण र मार्गदर्शक बन्न पुगेका छन् । ती चार आधारभूत सवालहरू भनेका :

१. मानवीय स्वतन्त्रताको सवाल,
२. आफ्नो श्रमको आफैँ मालिक बन्ने सवाल,
३. साम्राज्यवादको उत्पीडनबाट मुक्त हुने सवाल,
४. महिला मुक्तिको सवाल ।

१. 'मानवीय स्वतन्त्रताका सम्बन्धमा' सन् १८४१ को 'दार्शनिक सुधारका निम्ति अनुसन्धान' नामक रचनामा भन्नुभएको थियो :

- मानिसले मानिसको महत्त्व घटाउने सम्पूर्ण सामाजिक कारण र सम्बन्धलाई पूरापूर समाप्त पारी दिनुपर्दछ किनभने मानिसका लागि मानिस नै सर्वोच्च महत्त्वको विषय हो ।
- मानिसको स्वत्व नै मानिसको सर्वोपरि साध्य हुनुपर्दछ । जुन सामाजिक सम्बन्धले मानिसलाई आधारविहीन, दास, हेय, घृणित र तुच्छ बनाउँछ, त्यस्तो सामाजिक सम्बन्धलाई पूरै उन्मूलन गरिदिनुपर्छ ।
- मार्क्सले मानव जातिको त्यस्तो भविष्यको वैज्ञानिक परिकल्पना गर्नुभएको थियो, जसमा सर्वोच्च मानवीय सिद्धान्तको आधारशीला छ । त्यसैका आधारमा भनिएको थियो : "प्रत्येक व्यक्तिको व्यक्तित्व पुष्पित र पल्लवित हुनेछ । मानिसका भौतिक र आध्यात्मिक आवश्यकता पूरा हुनेछन् । व्यक्तिगत हित र सामाजिक हितका बीचमा एकता स्थापित हुनेछ ।" (आर्थिक दार्शनिक पाण्डुलिपि १८४४)

**२. आफ्नो श्रमको मालिक आफैँ हुने सवाल**

**यस विषयमा सन् १८४४ को आर्थिक-दार्शनिक पाण्डुलिपिमा मार्क्सले भन्नुभएको थियो :**

- जब मानिस आफ्नो श्रमको स्वामित्वबाट वञ्चित हुनुपर्छ र उसले आफ्नो श्रमबाट उत्पादित वस्तुमा उसको आफ्नो कुनै अधिकार हुँदैन, तव वर्गहरूमा आपसी टक्कर हुन्छ र त्यस अवस्थामा एउटा मानिस अर्को मानिसका निम्ति परचक्री बन्नपुग्छ ।

- "……व्यक्तिगत सम्पत्तिको यसै प्रयोजनले मजदुरवर्ग (श्रमिक वर्ग) आफ्नो श्रमको स्वामित्वबाट वञ्चित हुनुपर्छ, त्यही वञ्चित श्रमिक वर्गको श्रमबाट जम्मा भएको पुँजीले पुँजीको पुनरुत्पादन गर्दछ । त्यसैले श्रमिक वर्गको जबर्जस्त शोषण गर्दछ ।"
- आधुनिक युगमा व्यक्तिगत सम्पत्तिको विकासअन्तर्गत विज्ञान र प्राकृतिक स्रोतका माध्यमबाट उद्योगका रूपमा रहेका आर्थिक सम्पदामाथि अझै ठूलो मात्रामा सम्पदाको पुन:निर्माण हुँदै जान्छ भने अर्कोतर्फ आफ्नो श्रमको मालिक आफैँ हुन नपाउने अवस्थामा उनीहरूमाथि कङ्गालीमाथि कङ्गाली थपिँदै जान्छ । यसले वर्ग सङ्घर्षको अवस्थालाई अझै चर्काउँछ ।
- श्रमिक वर्गको उत्पादन जब उसका हातबाट उम्केर शोषक वर्गका हातमा पुग्दछ, त्यसले आफ्नै जन्मदातालाई प्रताडित गरेर उसैमाथि हैकम चलाउँछ ।

**३. साम्राज्यवादको उत्पीडनबाट मुक्त हुने सवाल**

जब यसरी श्रमजीवी वर्गका अतिरिक्त श्रमको सञ्चयले संस्थागत रूपमा विकसित हुने मौका भएपछि, त्यसले साम्राज्यवादको रूप लिन थाल्दछ । त्यतिबेला उसको चारित्रिक विशेषता निम्नअनुसार हुन्छ :

- उत्पादन र पुँजीको केन्द्रीकरणबाट एकाधिकारको स्थापना,
- वित्तीय पुँजी र औद्योगिक पुँजीको विलयन,
- मालको निर्यातजस्तै पुँजीको निर्यातबाट शोषण,
- पुँजीपति वर्गको अन्तर्राष्ट्रिय एकाधिकारको स्थापना,
- ठूल्ठूला पुँजीपति वर्ग र बहुराष्ट्रिय कम्पनीद्वारा क्षेत्रका विषयमा सङ्घर्षको अवस्था सिर्जना ।

**४. महिला मुक्तिको सवाल**

- मार्क्सवादले सबै प्रकारका शोषणबाट मुक्त हुने बाटो देखाउँछ,
- महिला मुक्तिका सवाल पनि मार्क्सवादको महत्त्वपूर्ण पक्ष हो । त्यसमा मार्क्सका अभिन्न मित्र अगस्त फ्रेडरिक बेबेल (१८४०-१९१३) को रचना 'अतीत, वर्तमान र भविष्यमा महिला' मा यस्तो भनिएको छ ।
- "……..महिलाहरूलाई पनि त्यस्तो सङ्घर्षमा (वर्गीय मुक्ति) पछि नपर्न आह्वान गरिन्छ । किनभने, त्यसमा तिनीहरूको आफ्नै स्वतन्त्रता र मुक्ति दाउमा (धराप) मा परेको छ । अब महिलाहरूले कुन कुरा सावित गर्नुपर्दछ भने आन्दोलनमा आफ्नो सच्चा स्थितिलाई बुझ्नुका साथै राम्रो भविष्यका लागि वर्तमान सङ्घर्षमा दृढ हुनुपर्छ । पुरुषहरूले पनि उनीहरूलाई सबै खालका पूर्वाग्रहबाट मुक्त हुनुमा मद्दत गर्नुपर्छ । तिनीहरूलाई सहायता गर्नु पनि पुरुष जातिको कर्तव्य हो ।"
- व्यक्तिगत सम्पत्तिको उन्मूलन र समतामूलक समाज (समाजवाद) को स्थापना मार्क्सवादको सर्वोपरि साध्य विषय हो । त्यसकारण व्यक्तिगत सम्पत्तिका पक्षधर एवम् पुँजीवादी दार्शनिक र विचारकहरूले मार्क्सवादमाथि गरेको प्रहार कुनै नौलो होइन । यसकारण मार्क्सवादमाथि दुई खालका हमला भइरहेका छन् :

१. बाह्य हमला
२. आन्तरिक प्रवृत्ति

१. बाह्य हमला : पुँजीवादी, साम्राज्यवादीहरू र उत्तर आधुनिकतावादीहरूको हमला अब कुनै प्रकारको विचार र इतिहासको अन्त्य भयो भन्ने सवाल ।
२. आन्तरिक प्रवृत्ति : आन्तरिक रूपमा मार्क्सवादभित्रैबाट चार किसिमका प्रवृत्तिहरू जन्मिएका छन् :

१. सर्वध्वंसात्मक प्रवृत्ति (यसको प्रतिनिधित्व बाकुनिन (१८१४-१८७६), लुइ ब्लाकी (१८०५-१८८१) देखि लिएर वर्तमानमा रिमसम्मले प्रतिनिधित्व गर्दछन् ।)
२. जडसूत्रवादी प्रवृत्ति र विसर्जनवादी प्रवृत्ति (यसको प्रतिनिधित्व निस्कृय तत्त्वहरूले गर्दछन् ।)
३. बौद्धिक बहसको विषयमा सीमित पार्ने प्रवृत्ति (न्युमार्क्ससिष्ट भनिनेहरूले गर्दछन् ।)
४. सक्रिय वैचारिक हस्तक्षेपका साथै सिर्जनात्मक प्रवृत्ति (यो मार्क्सवादको मुख्य धार हो । यसले मार्क्सवादको सिर्जनात्मक विकास गर्दछ ।)

- मार्क्सवादको व्याख्या एवम् प्रस्तुतीमा आएका विविधताहरू ।
- सन् १८८३ मा कार्ल मार्क्सको निधन भयो । सन् १८९५ मा एङ्गेल्सको पनि निधन भयो । त्यसपछि मार्क्सवादको व्याख्या गर्ने सवालमा एकरूपता स्थापित हुन सकेन । त्यसमा निम्न मार्क्सवादीहरूले अलग-अलग रूपमा चर्चा र व्याख्या गरे ।

१. कार्ल काउत्स्की (१८५४-१९३८) संसद् भनेको वर्ग निरपेक्ष संस्था हो । त्यसलाई जुनसुकै वर्गले पनि कब्जा गर्न सक्छ ।
२. ज्यार्की प्लेखानोव (१८५६-१९१८) मार्क्सवादका अरू कुराहरू माने पनि सर्वहारा वर्गको अधिनायकत्वको अस्वीकार ।
३. ट्राटस्की (१८७०-१९४३) सबै देशमा एकैचोटि क्रान्ति हुनुपर्छ ।
४. वर्नस्टीन (१८५०-१९२५) मार्क्सवादलाई सुधार गरेर अगाडि जानुपर्छ ।
५. लेनिन (१८७०-१९२४) सर्वहारा क्रान्तिको कुनै विकल्प छैन ।

**लेनिनवाद मार्क्सवादको सिर्जनात्मक प्रयोगमा नयाँ कडी हो– यसका मुख्य विशेषता:**

- पुँजीवादको विकास साम्राज्यवादमा हुन्छ ।

- कम्युनिस्ट पार्टीको सङ्गठनात्मक सिद्धान्तको रूपरेखा ।
- अक्टुबर क्रान्तिको वैचारिक नेतृत्व र सर्वहारा वर्गको राज्यसत्ताको स्थापना ।
- दर्शनका क्षेत्रविपरीत वस्तुको एकता र सङ्घर्षको वैज्ञानिक व्याख्या गर्ने सवाल ।
- माओ विचारधारा चीनजस्तो अर्धसामन्ती-अर्धऔपनिवेशिक देशमा मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक रूप हो ।
- जुछे विचार-कोरियामा मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक रूप हो ।
- जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको व्यवहारमा विकसित मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक रूप हो ।
- नेपालका सन्दर्भमा जबजको विकासक्रम निम्न अनुसार रहेको छ ।

(क) २००६ वैशाख १२ गते नेकपाको पहिलो पर्चामा राष्ट्रियता र प्रजातन्त्रका लागि सङ्घर्ष गर्ने विचार अगाडि सारिएको छ ।
(ख) २००६ सालमा नेकपाको प्रथम घोषणापत्रमा राष्ट्रियता र प्रजातन्त्रको निम्ति सङ्घर्ष गर्ने सवाल अगाडि सारिएको छ ।
(ग) २००८ सालको प्रथम सम्मेलनको दस्तावेज 'नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो' मा स्पष्ट रूपमा लोकतान्त्रिक आन्दोलनलाई क्रान्तिको बाटो भनिएको हो ।
(घ) २०१५ सालको चुनाव घोषणापत्रमा स्पष्ट रूपमा संसदीय सङ्घर्षको शान्तिपूर्ण बाटो अवलम्बन गरिएको छ ।
(ङ) २०१९ सालको तेस्रो महाधिवेशनद्वारा पारित कार्यनीतिक प्रस्तावमा 'सर्वसत्ता सम्पन्न सार्वभौम संसद्को स्थापनाका लागि सङ्घर्ष भनिएको छ ।'
(च) २०२३ सालमा क. पुष्पलालद्वारा प्रस्तुत 'मूलबाटो' नामक दस्तावेजमा पनि संसदीय सङ्घर्षमा प्रमुख रूपले जोड दिइएको हो ।
(छ) २०२९ सालको चौथो सम्मेलनमा शान्तिपूर्ण संयुक्त जनआन्दोलनको कार्यदिशा अवलम्बन गरिएको छ ।
(ज) २०४६ सालमा मालेको चौथो महाधिवेशनले नयाँ जनवादी व्यवस्था बहुदलीयताको बीजारोपण गरेको छ ।
(झ) २०२९ सालमा पाँचौं राष्ट्रिय महाधिवेशन जनताको बहुदलीय जनवादको कार्यक्रम अवलम्बन गऱ्यो ।
(ञ) २०५४ सालमा छैटौं राष्ट्रिय महाधिवेशनले जनताको बहुदलीय जनवादलाई सिद्धान्तका रूपमा स्थापित गर्दै त्यस दस्तावेजमा भनिएको छ :

- "....कुनै पनि राजनीतिक सिद्धान्त र विचारको निर्माण रातारात हुँदैन । सिद्धान्त निर्माणका लागि मुलुकको समग्र वस्तुस्थिति, इतिहास, सामाजिक, आर्थिक र सांस्कृतिक विशेषतालाई राम्ररी बुझ्न सक्नुपर्दछ । यससँगसँगै मार्क्सवादको वैज्ञानिक चिन्तनका आधारमा सिद्धान्त, विचार र नीतिहरूको निर्माण गर्न सक्नुपर्दछ । जनताको बहुदलीय जनवाद यसरी नै भएको हो । यिनै कारणहरूले गर्दा जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको सिद्धान्तका रूपमा स्थापित भएको छ र कार्यक्रम एवम् कार्यनीति निर्धारण गर्ने मूल आधार बनेको छ ।' (राजनीतिक प्रतिवेदन छैटौं राष्ट्रिय महाधिवेशन, पृष्ठ ८८)
- जनताको बहुदलीय जनवादका दुई स्रोत र तीन सङ्घटक अङ्गहरू छन् :

(क) नेपाली कम्युनिस्ट आन्दोलनको महान् परम्परा राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको एकीकृत तथा समष्टिगत रूप नै पहिलो स्रोत हो ।
(ख) अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका अनुभव र त्यसबाट प्राप्त शिक्षा हो ।

यसका तीनवटा सङ्घटकहरू भनेका,
(क) शासन प्रणालीमा द्वन्द्ववादको प्रतिष्ठापन र कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण,
(ख) आर्थिक प्रणालीको चरणबद्ध विकास,
(ग) बहुलवादी खुला समाजको अनिवार्यता ।

- **जनताको बहुदलीय जनवादका मुख्य विशेषताहरू :**

(क) राजनीतिक क्षेत्रमा नौ प्रकारका विशेषता (संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण इत्यादि),
(ख) आर्थिक क्षेत्रका तीनवटा विशेषता,
(ग) सामाजिक क्षेत्रका दुईवटा विशेषता,

- जनताको बहुदलीय जनवादको वर्तमान कार्यनीति- 'संविधानसभाको निर्वाचन गरौं, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं ।'
- लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था जनताको बहुदलीय जनवादको मातहतको कुरा हो । यदि यसको नेतृत्व सर्वहारा श्रमजीवी वर्गले गऱ्यो भने जनवाद हुँदै समाजवादतर्फ जानेछ । यदि बुर्जुवाको नेतृत्व भयो भने एकाधिकारी पुँजीवाद र साम्राज्यवादको पिछलग्गू व्यवस्था हुनेछ ।
- त्यसैकारण नेपालका सम्पूर्ण न्यायप्रेमी सर्वहारा, श्रमजीवी तथा सम्पूर्ण समानताका पक्षधर जनवादी शक्तिहरू एकजुट भएर राजतन्त्रको उन्मूलन र लोकतान्त्रिक गणतन्त्रको स्थापनाको दिशामा अग्रसर हुनुपर्छ । ■

# bl/nf n'nf

## ‘ अग्निशिखा

लुला अर्थात् लुइज इनासियो डा. सिल्भाको जन्म २७ अक्टोबर १९४५ मा ब्राजिलको पेर्नाम्बुको राज्यमा भएको हो । उनी आठ सन्तानमा सातौँ थिए । उनको परिवार अशिक्षित र गरिब किसान परिवार थियो । बोलाउने नाम राख्ने चलनअनुसार उनको न्वारनको नाममा ‘लुला’ जोडियो । पोर्चुगिज भाषामा लुलाको अर्थ समुद्री जीव ‘शम्बूक’ हो ।

लुला १० वर्षको हुँदा ट्रकको पछाडि तेह्र दिन यात्रा गरेर उनको परिवार साओपाउलो राज्यमा बसाइँ सऱ्यो । उनले एघार वर्षको उमेरमा मात्र अक्षर चिनेका थिए । कलिलै उमेरमा उनले खलासी, जुत्तामा पालिस लगाउने र पियनको काम गरे । गोदाममा पनि काम गरे । अन्ततः तीन वर्षको प्रशिक्षणपछि धातुकर्मी भए र लेथ मेसिन चलाए । मेसिनमा काम गर्दा नै दुर्घटनामा परेर बायाँ हातको कान्छी औँला गुमाए ।

१९६४ मा सैनिक ‘कू’ हुँदासम्म लुलाले धेरै कारखानामा काम गरिसकेका थिए । त्यसपछि उनी मुलुककै सबभन्दा ठूलो उद्योगमध्येको भिल्लारेस इन्डस्ट्रिजमा काम गर्न थाले । त्यहीँ नै उनका दाजु होसेले मजदुर आन्दोलनसँग उनलाई सम्पर्क गराए । सुरुमा लुलालाई राजनीतिप्रति खासै चासो थिएन । तर, १९६९ मा पहिली पत्नीको हेपाटाइटिस रोगबाट मृत्यु भएपछि उनले आफूलाई ट्रेड युनियन गतिविधिमा होमे ।

१९७२ मा लुला मेटवलर्कर्स युनियनको प्रथम सचिव भए । तीन वर्षपछि त उनी एक लाख सदस्य भएको त्यस शक्तिशाली युनियनको अध्यक्षमा ९२ प्रतिशत मत प्राप्त गरेर निर्वाचित भए । उनले ब्राजिलियन मजदुर आन्दोलनलाई नयाँ दिशा प्रदान गरे । त्यसअघि सरकारप्रति मैत्रीभाव भएको आरोप खेपेको युनियनलाई लुलाले शक्तिशाली स्वतन्त्र आन्दोलनका रूपमा परिवर्तित गरे ।

१९७९ मा एक लाख ७० हजार धातुकर्मीहरूको विशाल हडताल भयो । लुलाको चमत्कारिक नेतृत्व प्रदर्शित भयो । स्थानीय स्टुडियोमा प्रहरीको आदेशको अवज्ञा गर्दै विभिन्न बैठक-भेलाहरू भए । हडताली मजदुरविरुद्ध व्यापक दमन भयो । तर, संसद्मा मजदुर हकको वकालत गर्ने राजनीतिक प्रतिनिधित्वको पूर्णतः अभाव थियो । यही परिप्रेक्ष्यमा, मजदुरको पार्टी खोल्नुपर्ने सोच लुलामा आयो ।

उनले अन्य ट्रेड युनियनकर्मी, बुद्धिजीवी, ट्राटस्कीवादी, सामाजिक आन्दोलन, चर्चका प्रगतिशील हिस्सा र विश्वविद्यालयका युवाहरूलाई एकै थलोमा ल्याएर १९८० मा वर्कर्स पार्टी (पीटी) को स्थापना गरे । यो नै ब्राजिलको इतिहासमा पहिलो प्रमुख समाजवादी पार्टी हो । त्यसै वर्ष धातुकर्मीहरूको हडताल भयो । सैनिक सरकारले युनियनमा हस्तक्षेप गऱ्यो र राष्ट्रिय सुरक्षा कानुनअन्तर्गत लुलासहितका ट्रेड युनियन नेताहरूलाई गिरफ्तार गऱ्यो । उनीहरूलाई एक महिना थुनियो । लुला बन्दी अवस्थामा रहँदा नै उनको आमाको निधन भएको थियो ।

स्थापनाको दुई वर्षमै वर्कर्स पार्टी देशव्यापी भयो । त्यसै वर्ष भएको स्थानीय निर्वाचनमा यसले भाग लियो । आशातीत सफलता हासिल गऱ्यो । स्थापनाको एक दशकमा त यो पार्टी साओपाउलो, पोर्टे एलेग्रो, बेलो होरिजेन्टेजस्ता विशाल सहरलगायत अन्य धेरै साना सहरहरूमा सक्षमतापूर्वक स्थानीय सरकार चलाएर जनताको मन जित्न सफल भयो । वर्कर्स पार्टीले प्रशासन चलाएका नगर र महानगरहरूमा सहभागितामूलक बजेटको तरिका अपनाउँदा पनि यसको लोकप्रियता चुलिन पुग्यो ।

ब्राजिलमा ट्रेड युनियनहरू सशक्त छन् । श्रम मन्त्रालयको अनुमानमा त्यहाँ ११ हजारभन्दा बढी ट्रेड युनियनहरू कार्यरत छन् । र, तिनको छाता सङ्गठनमध्येको प्रमुख सीयूटी हो । वामपन्थीहरूको सुदृढ आधारहरूमा यो पनि प्रमुख हो । यो फेडरेसनको स्थापना कार्यमा लुला पनि लागेका थिए ।

राष्ट्रपति पदको स्वतन्त्र निर्वाचनको पक्षमा छेडिएको अभियानका अगुवा पनि लुला नै थिए । विशाल जनआन्दोलनले सैनिक शासन ढलेपछि १९८६ मा भएको संसदीय सभाको निर्वाचनमा सबैभन्दा बढी साढे छ लाख मत प्राप्त गरेर उनी निर्वाचित भएका थिए । यही सभालाई नै मुलुकको नयाँ संविधान लेख्ने जिम्मेवारी प्रदान गरिएको थियो ।

१९८९ मा वर्कर्स पार्टीका तर्फबाट लुला राष्ट्रपति निर्वाचनमा उम्मेदवार भए । त्यस निर्वाचनमा कुनै पनि उम्मेदवारले खसेको मतमा ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेपछि दोस्रो चरणको निर्वाचन भयो । फर्नान्डो कोलर डे मेलोसँग छ प्रतिशत मतको अन्तरमा लुला पराजित भए । तर, कोलर चाँडै नै भ्रष्टाचारका कारण गनाए । उनको राजीनामाको मागका साथ लाखौँ जनता सडकमा उत्रे । उनीविरुद्ध संसद्मा महाभियोग लगाउनुपर्ने राष्ट्रिय अभियानका नेतृत्वकर्ता पनि लुला नै थिए । कोलरले राजीनामा गर्न अस्वीकार गरेपछि अन्ततः उनले संसद्मा महाभियोग भोग्नुपऱ्यो र राष्ट्रपति पदबाट बाहिरिनुपऱ्यो ।

सन् १९९४ र १९९८ को निर्वाचनमा पनि लुला दोस्रो चरणमा पुगेर पराजित भए । २००२ मा उनी चौथोपटक राष्ट्रपति पदका उम्मेदवार भए । यसपटक भने उनको विजयको सम्भावना प्रस्टिएको थियो । यस निर्वाचनपूर्व वर्कर्स पार्टीले व्यापक रूपमा अन्य राजनीतिक पार्टीहरूसँग बहुसङ्ख्यक ब्राजिलियन जनताका लागि सामाजिक समावेशीकरणको आधारमा गठबन्धन गरेको थियो । लुलाको सम्भावित विजयबाट वामपन्थीविरोधी अमेरिकालगायतका मुलुकहरूसँगै अन्तर्राष्ट्रिय लगानी बैंकहरूसमेत चिन्तित भएका थिए ।

ती बैंकहरूले निर्वाचनको पाँच महिनाअघि ब्राजिलको 'रेटिङ्ग' लाई झारेका थिए । यसले आर्थिक सङ्कट नै निम्त्याउन पुग्यो । लगानी बैंकहरूको यस्तो हस्तक्षेपप्रति कडा प्रतिक्रिया उत्पन्न भएको थियो । यस सम्बन्धमा रियो द जेनेरियो विश्वविद्यालयका अर्थशास्त्री रेइनाल्डो गोन्जाल्भेजले भनेका थिए- "यी बैंकहरूले नै हाम्रो राष्ट्रलाई नवउदारवादको बोरामा कोचेर लतारे र अब तिनीहरू जनतालाई तर्साएर आफ्नो तुच्छ स्वार्थपूर्ति गर्ने राजनीतिक परिपाटीलाई चिरस्थायी बनाउन चाहन्छन् ।" तर, तिनको यो कसरत बेकार भयो र करिब पाँच करोड ३० लाख मत प्राप्त गरेर लुला पहिलो चरणमा नै राष्ट्रपति पदमा निर्वाचित भए । ब्राजिलको इतिहासमा एउटा मजदुरले नयाँ अध्याय लेख्यो ।

यसपटक गत महिनामा भएको निर्वाचनमा दोस्रो चरणमा मात्र ६०.८३ प्रतिशत मत ल्याएर लुला राष्ट्रपति पदमा दोस्रोपटक निर्वाचित भएका छन् । उनका प्रतिद्वन्द्वी गेराल्डो आल्कमिनलाई उद्यमी, व्यवसायी तथा लगानीकर्ता समुदायको समर्थन प्राप्त थियो । पुनः निर्वाचित भएपछि लुलाले आफ्नो दोस्रो कार्यकाल 'पहिलोभन्दा राम्रो हुने' बाचा गरेका छन् । साथै, उनले अतिविपन्न परिवारलाई राज्यका तर्फबाट दिइने सामाजिक कार्यक्रमअन्तर्गतको 'बोल्सा फेमिली' नगद अनुदानमा कटौती नगर्ने बाचा पनि गरेका छन् ।

विश्लेषकहरूको भनाइमा 'बोल्सा फेमिली' जस्ता सामाजिक कार्यक्रमहरूले गर्दा नै मतदाताहरूमा लुलाले आफ्नो विशाल लोकप्रियता कायम राखेका छन् । यो अनुदानबाट झन्डै साढे चार करोड गरिब लाभान्वित भएका छन् । उनीहरूका लागि लुला 'गरिबका मुक्तिदाता' ठहरिएका छन् । तर पनि, पहिलेको बाचाअनुरूप गरिबी निवारणका लागि यथेष्ट काम हुन नसकेको आरोप लुलामाथि लाग्ने गरेको छ र उनलाई यो कुराको बोध पनि भएको छ ।

यसपटक, लुलाको विजयको सम्भावना धर्मराउन पुगेको थियो । उनको सरकार र पार्टी दुवैको छविमा भ्रष्टाचारको आरोपको छिँटा लागेको थियो । यसले गर्दा लुलाका सरकार तथा पार्टीका केही सहयोगीहरू राजीनामा दिन बाध्य भएका थिए । यसपटकको राष्ट्रपति निर्वाचनको दुई हप्ताअघि मात्र निर्वाचनमा 'घिनौना चाल' चलेको चर्चा चलेपछि लुलाले आफ्ना प्रचार अभियान प्रमुख तथा पार्टीका अध्यक्ष रिकार्डो बर्जोनीलाई बर्खास्त गरेका थिए ।

राष्ट्रपति पदमा लुला लगातार दुईपटक निर्वाचित भए पनि संसद्मा उनको पार्टीको उपस्थिति सन्तोषलाग्दो छैन । पाँच सय १३ सदस्यीय तल्लो सदनमा ८३ र ८१ सदस्यीय माथिल्लो सदन सिनेटमा ११ जना मात्र वर्कर्स पार्टीका छन् । यस कारण आगामी दिनमा समेत लुलाले अन्य पार्टीसँगको गठबन्धनमा यथेष्ट ध्यान दिनुपर्नेछ । ■

# सोह्र वर्षपछि पुनरागमन

डानियल ओर्टेगा ! कुनै बेलाका सशस्त्र छापामार युद्धका नायक ! अमेरिकी साम्राज्यवाद र उपनिवेशवादका विरुद्ध अविराम लड्ने साहसी योद्धा ! अहिले उनी निकारागुआको राष्ट्रपतिमा निर्वाचित भएका छन् । जनताको माया, विश्वास र आस्था जितेर ओर्टेगााले निकारागुआमा निर्वाचन जितेका छन् । उनका विरुद्ध सबै किसिमका उपायहरू प्रयोग गरेर पनि असफल भएको अमेरिका रुन्चे स्वरमा भन्न बाध्य भएको छ- "हामीलाई निकारागुआली सरकार र त्यहाँका जनतासँग मिलेर काम गर्न आपत्ति छैन ।" जिम्मी कार्टर र रोनाल्ड रेगनले दबाउन नसकेको ओर्टेगाको व्यक्तित्व र त्यहाँको वाम आन्दोलनले पुनः विजयको झन्डा फहराएको छ ।

ओर्टेगाको विजयसँग ल्याटिन अमेरिकामा वामपन्थीहरूको सञ्जाल अझै बृहद् र व्यापक बनेको छ । भर्खरै ब्राजिलमा वामपन्थी लुला राष्ट्रपति निर्वाचित भएका छन् भने यसअघि नै भेनेजुएला र बोलिभियामा वामपन्थीहरू सत्तामा रहँदै आएका छन् । ओर्टेगाको विजयलाई लिएर सबभन्दा धेरै खुसीयाली भेनेजुएलाका राष्ट्रपति ह्युगो चाभेज र क्युबाका राष्ट्रपति फिडेल क्यास्ट्रोले व्यक्त गरेका छन् । ओर्टेगालाई ब्राजिलका राष्ट्रपति लुला र बोलियाका राष्ट्रपति मोरालेसले पनि बधाई दिएका छन् । अमेरिकी सामाज्यवादका विरुद्ध अविचलित लडाइँ लडिरहेका चाभेजले भनेका छन्- "ल्याटिन अमेरिका उत्तरी अमेरिकी साम्राज्यवादका विरुद्ध सधैंका लागि लडिरहनेछ । बाँदर (अमेरिकी) हरू घर फर्क !" ओर्टेगाको विजयबाट ल्याटिन अमेरिकामा अमेरिकी पकड र प्रभाव अझै कमजोर सावित भएको छ ।

ओर्टेगा पहिलोपटक राष्ट्रपति निर्वाचित भएका भने होइनन् । सोह्र वर्षअघिसम्म उनी निकारागुआका राष्ट्रपति थिए । सन् १९७९ मा विद्रोही शक्तिका रूपमा निकारागुआमा विजय हासिल गरेपछि ओर्टेगा सत्तासीन भएका थिए । सान्डिनिस्टा नेसनल लिवरेसन फ्रन्टका नेताका रूपमा निर्वाचनमार्फत जनअनुमोदन प्राप्त गरेका ओर्टेगाले दोस्रोपटकको निर्वाचन पनि जितेका थिए । हतियारबन्द युद्धबाट राजनीति सुरु गरेका ओर्टेगा शान्तिपूर्ण राजनीतिमा सामेल हुँदै प्रतिस्पर्धात्मक राजनीतिमा लागेका कारण निकारागुआमा निकै लोकप्रियता हासिल गरेका थिए । ५० हजार नागरिकको ज्यान लिएको युद्धको घाउ अझै सञ्चो भइसकेको छैन । त्यही घाउ पूर्ण रूपमा पुर्ने जिम्मा निकारागुआली जनताले ओर्टेगालाई दिएका छन् ।

ओर्टेगाको जीवन-यात्रा रोमाञ्चकारी छ । उनी छापामार युद्धका नायक हुँदै निर्वाचनबाट राष्ट्रिय नायक भएका छन् । गरिब जनतालाई अग्रभागमा राखेर राजनीति अघि बढाइरहेका ओर्टेगाको यो विजयले निकारागुआली जनताले उनीप्रति प्रकट गरेको अगाद विश्वासलाई पुनः उजागर गरेको छ ।

निकारागुआको सान्डिनिस्टा आन्दोलन विश्वकै इतिहासमा निकै चर्चित र सफल आन्दोलन मानिन्छ । त्यस आन्दोलनका क्रममा स्वयम् ओर्टेगा गिरफ्तार भएका थिए तर उनका कमरेडहरूको चातुर्यपूर्ण रणनीतिका कारण उनी सकुशल रिहा भएका थिए । सन् १९६४ मा जन्मिएका ओर्टेगाका आगामी दिनहरू अवश्य पनि सहज छैनन् । तर, ल्याटिन अमेरिकामा फैलिएको वामपन्थी सञ्जाललाई मजबुत बनाउँदै उनी अगाडि बढेमा पहिलेभन्दा ओर्टेगा अहिले अमेरिकाका लागि झनै फलामको च्यूरा सावित हुनेछन् ।

■ **विष्णु रिजाल**

# असी वर्षीया इलाका सचिव

**' रामकुमार ज्ञवाली**

लोभी, लालची र चरित्रहीनहरू कहिल्यै कम्युनिस्ट बन्न सक्तैनन् । कम्युनिस्ट पार्टीको सिद्धान्तमा लागेकाहरूको चरित्र बेठीक भएमा तिनीहरूले पार्टीलाई जनतामा स्थापित गर्न सक्तैनन् । कम्युनिस्ट पार्टीमा लागेका व्यक्ति र नेतृत्वका असल व्यवहारले मात्र पार्टीलाई विस्तार गर्न सकिन्छ भन्ने अभिव्यक्ति मात्र होइन, साँचो अर्थमा त्यस्तै व्यवहार गर्नुहुने कमरेड नैनसिंह खड्का नेकपा (एमाले) दोधारा+चाँदनीका इलाका सचिव हुनुहुन्छ ।

विक्रम सम्वत् १९८३ असार १५ गते बुबा कुशल खड्का र आमा रामकलीको जेठो छोराका रूपमा उहाँको जन्म भएको हो । उहाँ तत्कालीन दैलखमा पर्ने हाल सुर्खेतको रानीवास गाविसको रहकुल गाउँमा जन्मनुभएको हो । सात भाइ र एक बहिनीमध्येको जेठो नैनसिंह खड्का तत्कालीन समयमा कुनै स्कुल-पाठशालाको औपचारिक शिक्षा प्राप्त गर्न नसकेको गुनासो गर्नुहुन्छ । कहिलेकाहीँ ब्राह्मण-ज्योतिषीहरूको घरमा कखरा र केही गन्तीहरू पढ्ने गरे पनि पढाइभन्दा गाई-भैंसी पाल्ने र खेतीपाती गरेर पैसा कमाउने कुरालाई महत्त्वको मानिन्थ्यो । गाई-भैंसी चराउन कहिले रामघाट र बबैसम्म आउने चलन थियो त्यतिबेला ।

१३ वर्षमा ११ वर्षकी गङ्गा बुढासँग पहिलो विवाह गर्नुभएका उहाँ ससुरालीकहाँ घरज्वाइँ बस्ने प्रस्ताव आउँदा आफूले नमानेकाले खट्पट परेको र केही लाहुरेहरू आउने-जाने गरेको सुनेपछि आफूलाई पनि कमाइ गर्न लाहुर जान मन लागेकाले घर छाडी हिँडेको कुरा गर्नुहुन्छ । २००३ सालमा माइला भाइको विवाहको प्रस्तावमा बुबासँग कुरा नमिलेपछि उहाँले घर छोडी हिँड्ने निश्चय गर्नुभयो । घरमै कतैबाट ५ रुपियाँ हात पारेपछि हँसिया-खुर्पेटो भिरेर गहुँ काट्ने निहुँ पारेर निस्कनुभएका उहाँ पुनः गहुँबारीबाट आमालाई समेत ढाँटी बेसी गोठमा जाने कुरा गरेर निस्कनुभयो । त्यो रात आफ्नी ठूली आमाकहाँ बास बसेर घरमा पाठो चाहिएकाले खोजी गर्न हिँडेको कुरा गर्दै अर्को दिन रामघाट बास बसी तेस्रो दिन रामघाट तरेर केही गाउँलेहरूको सहयोगमा नेपालगञ्ज रूपहिडिहा पुग्नुभयो । रूपहिडिहा रेल्वे स्टेसनको एक छेउमा लुकाएर हँसिया-खुर्पेटो फाल्दा निकै रोएको अहिले पनि सम्झना छ उहाँलाई ।

रूपहिडिहाबाट रेल चढी बहराइच पुगेर उत्रेपछि रेलको लिकमा अलि पर पुग्दा रात परेकाले गेटपालेकहाँ बास बस्नुभयो । गेटपालेको घरमा खाना खानुपर्दा जनै लगाएको क्षेत्रीको छोरा यो कस्तो अप्ठ्यारो भन्ने मनमा लागेको अनि भोकले नखाई केही गर्नै नसक्ने अप्ठ्यारो समेत ताजा छ उहाँमा । बाँच्नका लागि खाना त खानै पऱ्यो । दुई-चार दिन त्यहाँ काम गर्दागर्दै बहराइच बजार सेलरमिलमा काम पाइयो । बजारका सेलर प्लान्टहरूमा विभिन्न ठाउँमा थुप्रै नेपाली कामदार थिए । एक जना मगर जातका दङ्गालीसँग राम्रो बसउठ भयो । उनका परिवारलाई दिदी-भिनाजु नाता लगाएर उनीहरूसँगै निकै दिन बसेको अनुभव छ उहाँसँग । यसरी काममा लाग्दा एकातिर त्यहाँको गर्मी र अर्कोतिर सिमेन्टको चिसो आदिले बिरामी परेपछि ती दिदी-भिनाजुहरूले अस्पताल भर्ना गराए । मलेरिया रहेछ । दुई/चार दिनमा केही सञ्चो भए पनि खास तागत थिएन । पुरानो काममै फर्केको एक-दुई दिनमा त्यहाँका सबै कामदार अचानक हिँडेकाले सँगै लागेर गोण्डा पुगिएछ । के गर्दा उनीहरू छुटेकाले रेल्वेका कुल्लीले रेलमा चढाइदिए र गोरखपुर पुगी यताउता हेर्दा कोही नभेटेपछि पुनः गोण्डा नै फर्केर एउटा चना बेच्नेको साथमा उसको सहयोगी भएर केही दिन बित्यो । त्यहाँ चना खाने, ऊसँग काम गर्ने गर्दा र चिसोले पेट बिग्रिएपछि अनि त्यो रेलको चिसोले हातगोडा सुन्निएर हैरान परेपछि बिनाटिकट उहाँ लनखउ पुग्नुभयो । त्यहाँ डोटीतिरका एउटा बाहुनकहाँ चौकीदारले सम्पर्क गराएपछि उनको आश्रयबाट केवल खाना मात्र खाएर भए पनि काम पाइयो । केही समयपछि काम गर्नुपर्ने अनि आफू बिरामी भएका कारणले विभिन्न हण्डर-ठक्कर खाँदै हिँड्दा एउटा चौकीदारलाई एक रुपियाँ घुस दिएर भारतीय

कम्युनिस्ट पार्टीको कार्यालयमा भान्सेको सहयोगी भाँडा माझ्ने काम पाइयो। त्यो सन् १९४६ तिरको कुरा हो। त्यहाँ कम्युनिस्ट पार्टीको सम्मेलन पनि रहेछ।

केही दिन त्यहाँ बस्दा कम्युनिस्ट पार्टीकी एकजना महिला नेतृ डा. रसी जहाँले औषधोपचारका लागि अस्पताल पुऱ्याएको कुरा ताजै छ उहाँमा। पार्टी कार्यालयमा काम पनि गर्ने र औषधि पनि गर्ने गर्दै रहँदा पूर्ण स्वस्थ हुनुभयो। अरू पनि कम्युनिस्ट पार्टीका नेताहरूले माया गर्थे तर त्यो भान्सेले कहिलेकाहीँ पिट्थ्यो। एकदिन उहाँले त्यो भान्सेलाई पिटेपछि त्यसले छोड्यो त्यहाँ। नेताहरूले उहाँलाई त्यही कार्यालयमा बस्ने भनेकाले त्यहीँ बस्ने काम गर्ने निधो भयो। काम गर्ने, पुस्तकालय जाने, फोटोहरू हेर्ने गर्दा एक जना भट्टाचार्यले 'पढा तो नही, क्या देखता है ?' भने। पछि उनैले कापी, कलम, मसी किनिदिएर पढाउने-सिकाउने काम गरे। स्वास्थ्यको कमजोरीलाई ख्याल गरी त्यहीँ बस्ने भाकपा यूपीका सचिव सफीक अहमद नकवीले दूध किनेर ख्वाउनुभयो। तन्दुरुस्त नहुञ्जेल खानपीनमा कुनै कमी भएन। दैनन्दिन यही प्रक्रियाले काम पनि गर्ने, पढ्ने पनि गर्दागर्दै उहाँ *जनशक्ति* दैनिक पढ्ने र केही हिसाबकिताब गर्ने हुनुभयो। त्यतिबेलै प्रगतिशील नाट्य समूहले देखाएको *धर्तीका लाल* भन्ने सिनेमा पहिलोपटक हेरेको अनुभव छ उहाँसँग।

१९४९ मा स्वामी विवेकानन्दले तयार गरेको किसान सङ्घलगायत पार्टीमा प्रतिबन्ध लाग्यो। पछि शिव वर्मा त्यहाँको सचिव हुनुभयो। उहाँलाई समेत थुप्रै मान्छेहरूलाई पुलिसले पक्राउ गऱ्यो। नेपालीबाहेक अरू नबोलेपछि उहाँलाई दुई-चार दिनमै पुलिसले छोड्यो। भूमिगत काम हुन थालेपछि साइक्लोस्टाइल मसिनबाट पर्चा छाप्ने-बाँड्नेलगायत पार्टीका काममा संलग्न भएर काम गर्दै जाँदा एउटा खास कम्युनिस्ट कार्यकर्ता भएको सम्झना छ उहाँसँग। पछि शिव वर्माले रामसुमेर यादवलाई अह्राएका रहेछन् नैनसिंहलाई पार्टीको सदस्यता दिनु भनेर। उहाँलाई १९४९ मार्चमा भारतीय कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त भयो। पछि भूमिगत रूपमै पार्टी कार्यालय सदरबजार चोकमा राखियो। शिव वर्मा पेन्सन शिक्षक र उहाँ वर्माजीको छोरा बनेर समेत पार्टी काममा लागेको रमाइलो अनुभव छ। पछि इलाहावादमा प्रगतिशील लेखक सङ्घको सम्मेलनमा भाग लिएपछि त्यतै पार्टी काम गर्दै प्रेसमा काम गर्नुभयो। इलाहावादमा पार्टीका सचिव कामेश्वर अग्रवालसँगै उहाँको डेरा भयो। यस्तैगरी पार्टीको काम कहिले कता, कहिले कता भए पनि इलाहावादमै धेरै दिन बस्नुपऱ्यो।

सन् १९५२ मा पार्टी प्रतिबन्ध फुकुवा भएपछि पार्टीले चुनाव समेत लड्यो। पार्टीका तर्फबाट प्रेसमा काम गर्ने, किताब बेच्ने कामसमेत उहाँले गर्नुभयो। पछि उहाँलाई लखनउमा पार्टीको पुस्तकालय 'पिपल्स पब्लिसिङ हाउस' मा बोलाइयो। त्यतिबेला पार्टी यूपीको मुखपत्र *जनयुग* निस्कन्थ्यो।

पार्टी कामका सिलसिलामा उहाँ गर्मीमा मन्सुरीमा पुस्तक बेच्न जानुहुन्थ्यो। मन्सुरीको जङ्गलको एउटा ठाउँको बनोट आफ्नो पहाड निगालपानीको जस्तो लाग्यो उहाँलाई। त्यसपछि घरमा चिट्ठी लेख्नुभयो। पछि साहिँला भाइ लखनउ आए र त्यहीँ भाइसँग भेटेर झन्डै १६ वर्षपछि घर फर्कने चाँजोपाँजो मिल्यो। पार्टीको पूर्णकालीन कार्यकर्ता भएकाले केही पैसा थिएन। पछि साथीहरूले सरसहयोग गर्दा पाँच सय रुपियाजति जम्मा भयो र उहाँ घर फर्कनुभयो।

तीन महिनापछि फर्कंदा पार्टीमा फुट-विभाजन तीव्र बनेको थियो। त्यसपछि उहाँ दिल्लीतिर लाग्नुभयो। त्यहाँ पहाडतिरका गाउँलेहरू भेट भए। उनीहरू कञ्चनपुरको चाँदनी-दोधारामा बसेका रहेछन्। उनीहरूसँगै आएर चार बिघा जग्गा लिई सानो कटेरो बनाएर पुनः २०३३ भदौमा लखनउ गएर यता दोधारा-चाँदनी आउनुभयो। यसरी यताउता भट्किँदा ३९ वर्ष बितेछ।

धेरै वर्षपछि जन्मथलो नेपाल भनी दोधारा-चाँदनीमा घरजम र खेतीपातीमा संलग्न भएको उहाँ बताउनुहुन्छ। चाँदनीबाट पछि दोधारा सरेर घर-कटेरो बनाएकाले अहिलेसम्म सोही स्थानमा हुनुहुन्छ उहाँ। पहाडबाट साहिँला भाइ आएपछि ०२६ असार ५ गते टीका थापासँग दोस्रो विवाह भयो। श्रीमतीको २२ र उहाँको उमेर ४३ वर्षको थियो। पहिली पत्नी धेरै वर्षको विछोडले अन्तै गइसकेकी थिइन्। ४८ वर्षको उमेरमा जेठो छोरा भूपेशको जन्म भयो। यता खासै आधिकारिक पार्टी सम्पर्क भएन। उहाँ ०३७ सालमा भानु माध्यमिक विद्यालयको संस्थापक अध्यक्ष भएपछि सामाजिक काममा लाग्नुभयो। पञ्चहरूसँग खास हिमचिम भएन। इन्द्रबहादुर खत्री गाउँले र इष्टमित्र भएकाले पञ्चायतकालमा उनको प्रचार गर्नुभयो। अरू कसैसँग सम्पर्क सम्बन्ध भएन।

०४६ सालको आन्दोलनपछि नेकपा (संयुक्त) का व्यक्तिहरूसँग सम्पर्क भएपछि त्यतै सामेल भएको र कञ्चनपुरको जिल्ला सचिवालयमा भएको कुरा गर्नुहुन्छ उहाँ। छोराहरू अनेरास्ववियुका कार्यकर्ता थिए। आफूले ०४८ को आमनिर्वाचनमा नेकपा ( संयुक्त) लाई सहयोग गरे पनि अरू सबैले एमालेलाई नै सहयोग गरे। ०४९ मा संयुक्तसँग एकीकरण भएपछि उहाँ नेकपा ( एमाले)को जिल्ला सल्लाहकार हुनुभयो।

कम्युनिस्ट पार्टीले आफूलाई जीवन दिएको, आँखा खोलेको अनि बाटो देखाएको बताउन कहिल्यै बिर्सनुहुन्न उहाँ। जन्मदैमा कोही व्यक्ति कम्युनिस्ट हुँदैन। उसको पछिल्लो व्यवहार र सम्पर्कले ऊ कम्युनिस्ट बन्दछ भन्ने अभिव्यक्ति दिने कमरेड खड्का युवा समुदायका प्रेरणादायी व्यक्तित्व हुनुहुन्छ। ८० वसन्त पार गरिसक्नुभएका खड्का आज पनि साइकलमै ओहोर-दोहोर गर्नुहुन्छ।

■

# अर्थशास्त्रको गहन पुस्तक

हरेक राजनीतिक कार्यकर्ताका लागि अर्थशास्त्रको ज्ञान आवश्यक मात्र होइन, अपरिहार्य नै हुन्छ। किनभने, हामीले गर्ने राजनीतिका यावत् प्रश्नहरू अर्थशास्त्रसँग जोडिएका छन्। अझ कम्युनिस्ट राजनीतिकर्मीका लागि त अर्थशास्त्रको ज्ञान पहिलो सर्त नै हो। जबसम्म आर्थिक सम्बन्ध र संरचनाहरूको यथेष्ट ज्ञान हुँदैन, तबसम्म हामीले गर्ने जनपक्षीय राजनीतिका मूलभूत प्रश्नहरूबारे हामी स्पष्ट हुन सक्दैनौँ। यही मान्यतालाई सघाउने गरी युवा अर्थशास्त्री डा. विजयकुमार पौडेलको पुस्तक प्रकाशित भएको छ। 'मार्क्सवादी अर्थशास्त्र : पृष्ठभूमि, उद्‌भव र विकास' नामक सो पुस्तक नेपालको वामपन्थी आन्दोलनमा भर्खर समावेश भएका युवादेखि यसैमा दशकौँ खर्चेका वरिष्ठहरूसम्मका लागि उत्तिकै उपयोगी रहेको छ।

नेपाली बजार मार्क्सवादी साहित्यका हिसाबले अहिले पनि गरिब नै छ भन्न कुनै कन्जुस्याइँ गर्नुपर्दैन। नेपालमा मार्क्सवादको प्रभाव परेको आधा शताब्दीभन्दा बढी समय व्यतीत भइसक्दा पनि मौलिक रूपमा यसका प्रस्थापनाहरूका बारेमा चिन्तन, मनन र विश्लेषण गरी तिनलाई लिपिबद्ध गर्ने काम पर्याप्त मात्रामा हुन सकिरहेको छैन। राजनीतिक रूपमा यो अभाव केही मात्रामा कम भए पनि आर्थिक र सांस्कृतिक रूपमा भने निकै खड्केको पाइन्छ। डा. पौडेलको प्रस्तुत कृति यही अभावलाई पूर्ति गर्ने दिशामा एउटा महत्त्वपूर्ण प्राप्तिका रूपमा देखा परेको छ। पुस्तकमा शास्त्रीय मार्क्सवादी अर्थशास्त्रको मात्र विवेचना गरिएको छैन, यसको विकासक्रममा देखा परेका विभिन्न मोड र घुम्तीहरूको पनि चर्चा गरिएको छ।

लेखक डा. पौडेलले 'नेपालमा मार्क्सवादी अर्थशास्त्रको सान्दर्भिकता' विषयमा विद्यावारिधि गरेका कारणले पनि उनको प्रस्तुत पुस्तकमा धेरै तथ्यपूर्ण, प्राज्ञिक र यथार्थ विवरणहरू रहेका छन्। पुस्तक विवरणात्मक नभएर स्वभावैले विश्लेषणात्मक रहेको छ। मार्क्सवादलाई बुझ्न खोज्ने सामान्य पाठकका लागि पनि उपयुक्त हुने गरी लेखिएको प्रस्तुत पुस्तकमा मार्क्सवादकै बारेमा पनि निकै चर्चा गरिएको छ। मार्क्सवादको उत्पत्ति, पृष्ठभूमि र त्यसका आधारहरूको चर्चा गरेपछि मात्रै लेखकले मार्क्सवादी अर्थशास्त्रका विषयभित्र प्रवेश गरेका छन्। 'मार्क्सवादी अर्थशास्त्र' शीर्षकमा लेखकले मूल्यको श्रम सिद्धान्त, अतिरिक्त मूल्यको सिद्धान्त, आय र यसका स्रोतहरू, पुँजीवाद र सङ्कटलगायतका विषयमा सविस्तार चर्चा गरेका छन्, जुन प्रस्तुत पुस्तकले उद्‌बोधन गर्न खोजेको मूल विषयवस्तु हो।

विश्व श्रमजीवी वर्गका महान् गुरु कार्ल मार्क्सले परिकल्पना गरेअनुरूप नै समाज कतिसम्म चल्न सक्यो र त्यसक्रममा के-कस्ता अनुभवहरू हासिल भए भन्ने विषयमा लेखकले विश्लेषणात्मक समीक्षा गरेका छन्। 'मार्क्सपछि मार्क्सवादको विकास' शीर्षकमा उनले उदारीकृत पुँजीवाद, लेनिनवादजस्ता विषयमा चर्चा गरेका छन्। यसक्रममा देखा परेका कार्ल काउत्स्की, लुइस वी बोडिन र रोजा लक्जेम्वर्गका साथै संशोधनवाद, प्रजातान्त्रिक समाजवाद र नववाम आन्दोलनका बारेमा पनि लेखकले आलोचनात्मक दृष्टिकोणबाट विषयवस्तु प्रस्तुत गरेका छन्, जसले मार्क्सवादको विकासमा देखा परेका विविध आयाम र चरित्रहरू बुझ्नका लागि पाठकलाई महत्त्वपूर्ण मार्ग देखाउँछ।

डा. पौडेलले मार्क्सवादी अर्थशास्त्रको विकासक्रममा मात्र होइन, पुँजीवादी अर्थशास्त्रको विकासक्रमलाई पनि अध्ययन गरेर निष्कर्ष निकाल्ने प्रयास गरेका छन्। यसका लागि उनले 'मार्क्सपछि पुँजीवादी अर्थशास्त्रको विकास' शीर्षकमा विषयवस्तुलाई समेटेका छन्, जसअन्तर्गत जोन मेनार्ड किन्स, रवर्ट हेल ब्रोनर र अमर्त्य सेनले अघि सारेका र प्रतिपादन गरेका विचार तथा सिद्धान्तहरूका बारेमा लेखकले कलम चलाएका छन्। यी विचारहरूको अध्ययनले प्रतिध्रुवीय अर्थशास्त्रको विकासक्रम मात्र होइन, त्यसका तत्कालीनदेखि दीर्घकालीन असरहरूका बारेमा बुझ्न सकिन्छ।

डा. पौडेलले नेपालमा मार्क्सवादी अर्थशास्त्रका प्रभाव तथा असरहरूका बारेमा विविध कोणबाट चर्चा, परिचर्चा र विश्लेषण गरेका छन्। 'नेपालमा मार्क्सवादी आर्थिक विश्लेषण' शीर्षकमा उनले त्यस विचारको बाहकका रूपमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना, तेस्रो महाधिवेशनमा परेको कार्यक्रमिक विवाद, नेकपाको पुनर्गठन र नयाँ जनवादी कार्यक्रम, पुनः विभाजन र एकीकरण, नेकपा (एमाले) को गठन र जनताको बहुदलीय जनवादी कार्यक्रमको निर्माणको अध्ययन गर्नुका साथै नेपालका प्रमुख कम्युनिस्ट पार्टीहरूले अङ्गीकार गरेका आर्थिक नीतिहरूको दस्तावेजीय अध्ययन गरेका छन्। नेपालमा कम्युनिस्टहरूको प्रतिस्पर्धीका रूपमा रहिआएको नेपाली काङ्ग्रेसले अँगालेको आर्थिक नीति, तिनीहरूको व्यावहारिक समीक्षा, उसको सिद्धान्त र वर्गदृष्टिकोणका बारेमा लेखकले आलोचनात्मक अध्ययन/विश्लेषण गरेका छन्। अन्तमा सैद्धान्तिक निष्कर्षहरू प्रस्तुत गर्ने क्रममा लेखकले मूल्यको श्रम सिद्धान्तको सान्दर्भिकता, लेनिनको साम्राज्यवादसम्बन्धी व्याख्याको सान्दर्भिकता, सिद्धान्तका महत्त्वपूर्ण तर उपेक्षित पक्षहरूलगायतको चर्चा गर्दै एक्काइसौँ शताब्दीमा मार्क्सवाद-लेनिनवादको चर्चा गरेर पुस्तकको विट मारेका छन्।

मार्क्सवादी अर्थशास्त्रलाई केन्द्रविन्दुमा राखेर लेखिए पनि प्रस्तुत पुस्तकले राजनीतिका आरोह-अवरोहहरूलाई बुझ्नका लागि निकै सघाउ पुऱ्याउँछ भन्ने कुरामा दुईमत छैन। किनभने, आर्थिक नीतिहरूको अध्ययन आफैँमा राजनीतिक विचारधाराहरूको पूर्ण अध्ययन हो। राजनीति र अर्थनीतिबीच एक-आपसमा नङ र मासुजस्तै अन्योन्याश्रित सम्बन्ध भएका कारण एउटाको अध्ययनका लागि अर्को अनिवार्य पुरकका रूपमा उपस्थित हुने गर्छ भन्ने कुरा डा. पौडेलको प्रस्तुत पुस्तक

पढ्दा पनि थाहा हुन्छ । यो पुस्तक अर्थशास्त्र र राजनीतिशास्त्रका विद्यार्थी, अध्येयता, अनुसन्धानकर्ताका साथै राजनीतिकर्मीका लागि उपयोगी देखिन्छ । त्यति मात्र होइन, विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको औपचारिक अध्ययनका लागि पनि पुस्तक सहयोगी हुने देखिन्छ । १५+३७० पृष्ठको सो पुस्तकको मूल्य २ सय २५ रुपियाँ रहेको छ । प्रकाशक एसिया पब्लिकेशनले धेरै नाफाका लागि चर्को मूल्य राखेका कारण पुस्तक महँगो भएको देखिन्छ ।

■ **विष्णु रिजाल**